# नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग
# प्रतिवेदन तयारीका क्रममा
# सरोकारवालाहरूसँग सुझावका लागि खाका

सिंहदरवार, काठमाडौँ
२०७५, मंसिर

# आयोगको अपिल

नेपालको संवैधानिक व्यवस्था र समाजवादउन्मूख आर्थिक सामाजिक रुपान्तरणका लागि संघीय संरचनामा आधारित लोकतान्त्रिक, समावेशी एवं समानतामूलक समाज निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहसमेतलाई समेट्ने गरी शिक्षाको दूरदृष्टि, नीति, रणनीति र संरचना, समसामयिक सुझावहरुसहितको बिस्तृत प्रतिवेदन तयार गरी  नेपाल सरकार समक्ष प्रश्तुत गर्ने उद्देश्यसहित नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७५।३।३२ को निर्णयबाट माननीय शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा २४ सदस्यीय राष्ट्रिय शिक्षा आयोगको गठन भएको छ । आयोगबाट संपादन गरिने कामलाई व्यस्थित गर्न आठवटा विषयगत समूहहरु (प्रारम्भिक वालविकास तथा आधरभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, आजीवन सिकाइ र अनौपचारिक शिक्षा, सुशासन, शिक्षामा गुणस्तर र वित्त र साझेदारी, समावेशीकरण)  गठन भइ आ-आफ्नो कार्यादेश बमोजिम सरोकारवालाहरुसँग  विभिन्न विधि र माध्यमहरुमार्फत छलफल, अन्तरक्रिया, स्थलगत अध्ययन भ्रमणसमेत गरी राय सुझावहरु सङ्कलन गर्ने कार्य निरन्तर रुपमा चलिरहेको छ । आयोगले हालसम्म शिक्षाको २५ वर्षे दूरदृष्टि र शिक्षाको सिद्धान्त तयार गरिसकेको छ  । राय सुझाव सङ्कलनको खाका तयार गरेको छ । आयोगको प्रतिवेदनमा अधिकतम सरोकारवालाहरुका राय र सुझावहरु समावेश गरी यसको अपनत्व, गरिमा र सर्वस्वीकार्यतालाई अभिवृद्धि गर्ने कार्यको निरन्तरताकै रुपमा प्रदेश स्तरमा राय सुझाव सङ्कलन कार्यक्रमहरु सञ्चालन गर्न लागिएको छ । हालसम्मका छलफलका क्रममा उठाइएका मुद्दाहरु, समस्याहरु तथा प्राप्त सुझावहरुलाइ एकत्रित गर्दै संक्षेपीकरण गरी तपाईहरुसमक्ष प्रस्तुत गरिएको छ । प्रस्तुत मुद्दा एवं समस्याहरुमा केन्द्रित रहेर यहाँहरुका अमूल्य राय सुझावहरुको यस आयोग खुला ह्दयले स्वागत गर्दछ।  साथै आयोगको इमेल र वेवसाइटमार्फत समेत सुझाव प्रश्तुत गर्न सकिने व्यवस्था जानकारीको लागि अनुरोध छ।

इमेल ठेगाना: moest.hlnec@gmail.com

वेभ-साइट: www.moe.gov.np/aayog

# विषयसूची


| विषयवस्तु | पृष्ठ संख्या |
| --- | --- |
| प्रस्तावना | १ |
| शिक्षाको मार्गदर्शक सिद्धान्तहरू | ४ |
| शिक्षाको २५ वर्षे दूरदृष्टि | ७ |
| प्रारम्भिक बालशिक्षा तथा आधारभूत शिक्षा | ३–८ |
| माध्यमिक शिक्षा | ९–२५ |
| प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास | २६–३१ |
| आजिवन सिकाइ, साक्षरता र अनौपचारिक शिक्षा | ३२–३५ |
| उच्च शिक्षा | ३६–४२ |
| समावेशीता र समसायिक विषय | ४३–४५ |
| शिक्षामा गुणस्तर | ४६–५० |
| शिक्षामा सुशासन, वित्त र साझेदारी | ५१–५५ |

# प्रस्तावना

अबको राष्ट्रिय शिक्षा प्रणालीले सबै नेपाली नागरिकमा लोकतान्त्रिक मूल्य मान्यतासहितको समाजवादी चेत जगाउँदै, युगानुकुल विज्ञान प्रविधि र डिजीटल साक्षरताको व्यापक विस्तारसहित मुलुकमा आवश्यक सबै तहका विज्ञ जनशक्ति विकास गरेर सबै नागरिकलाइ सीपयुक्त एवम् उद्यमशील तुल्याउँदै समतामूलक समृध्दिको आधार तयार गर्नुपर्नेछ। विक्रम सम्वत २०२८ मा सुरु भएको सक्रिय राजतन्त्रात्मक पंचायती व्यवस्थाअन्तर्गतको संविधानद्वारा निर्देशित शिक्षाप्रणाली विस्थापित गर्दै बन्न लागेको अबको शिक्षा प्रणालीले नेपाली सभ्यताको ऐतिहासिक विरासतमा रहेको बौद्धिक सम्पदालाई निरन्तरता र आधुनिक ज्ञान, विज्ञान र सूचना प्रविधिलाई आत्मसात गर्दै समाजवादउन्मुख राज्यव्यवस्था, समतामूलक उन्नत अर्थतन्त्र र सहयोगात्मक संस्कृति निर्माणको पूर्वाधारका रुपमा विकास गर्नु जरुरी छ।

**'समृद्ध नेपाल, सुखी नेपाली'** राष्ट्रिय अठोट बनेको छ, मुलुकको समग्र विकासको रणनीति र कार्यक्रमहरुलाई निर्देशित गर्ने आधार बनेको छ। हिमाल, पहाड र तराईका हरेक बस्ती र समुदाय समृद्ध बनेपछि मात्र नेपाल समृद्ध बन्नसक्छ। समृद्धिको लागि भौतिक, सामाजिक, साँस्कृतिक र प्रशासनिकलगायतका पूर्वाधारहरु तयार गर्नुपर्ने हुन्छ। नेपाल र विश्वकै सभ्यता र समाज विकासक्रमले हामीलाई सिकाएको पाठ के छ भने समृद्धिका सबै पूर्वाधारहरुको पनि पूर्वाधार नै मुलुकको शिक्षा प्रणाली हो। व्यक्ति, परिवार, समुदाय र राष्ट्रकै समुन्नतिको जग भनेको पनि शिक्षा नै हो। त्यसकारण, समृद्ध नेपालको जगको रुपमा नयाँ संविधानले व्यवस्था गरेको शिक्षाको मौलिक हक सम्बन्धि प्रावधानलाई समेत व्यवहारमा स्थापित गर्नका लागि सुदृढ राष्ट्रिय शिक्षा प्रणाली विकास गर्नु अपरिहार्य भएको छ।

नेपाल भौगोलिक एवम् जैविक विविधताको परिदृश्यबाट हेर्दा समृद्ध मुलुक हो। विभिन्न दार्शनिक परम्परा, चिन्तन संस्कृति र अभ्यासहरुलाई हेर्दा पनि हामी समृद्ध छौँ। इतिहासले बताउँछ नेपाल केही शताब्दी अघिसम्म समकालिन संसारमै आर्थिक कोणले पनि सम्पन्न क्षेत्रअन्तर्गत थियो। त्यसकारण, हाम्रो शिक्षा व्यवस्थाले हाम्रो समृद्धिको इतिहास बारे सम्पूर्ण नागरिकलाई शिक्षित तुल्याउँदै हाम्रा सबल पक्षहरुको जगमा उभिएर विद्यमान सबै प्रकारका नकारात्मक विभेदहरु र अन्यायपूर्ण शक्ति सम्बन्धहरुलाई रुपान्तरण गर्दै सामाजिक न्यायमा आधारित समृध्द एवम् समुन्नत नेपाल निर्माणको शैक्षिक पूर्वाधारकोरुपमा भूमिका खेल्नुपर्नेछ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकको दिगो विकास, शान्ति, सुशासन र समृद्धिको लक्ष्य प्राप्तिका लागि नागरिकको शिक्षा पाउने अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संघीय संरचना अनुरुप शिक्षा व्यवस्थामा रुपान्तरणको निम्ति सार्वजनिक शिक्षाको क्षेत्रमा दीर्घकालिन असर पार्ने अवधारणागत, संरचनागत, नीतिगत तथा स्रोतव्यवस्था सम्बन्धी सवालहरु बारे विषयविज्ञका साथै सबै तहका सरकारका निर्वाचित पदाधिकारी र समाजका सबै तप्काका नागरिक अगुवाहरु बिच घनिभूत छलफलको जरुरी भएको छ। त्यसका लागि राष्ट्रिय तथा तहगत उदेश्य सहित प्रारम्भिक बालशिक्षा, विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास, विश्वविद्यालय तहसम्मको शिक्षा, जीवनोपयोगी शिक्षा, खुला तथा दूर शिक्षा, अनौपचारिक तथा निरन्तर शिक्षा, परम्परागत शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा लगायतका क्षेत्रमा भावी नीति, रणनीति र संरचना, पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, मूल्याङ्कन प्रणाली, शिक्षामा लगानी र उत्पादन, शिक्षामा जनशक्ति व्यवस्थापन र आवश्यक क्षेत्रगत एवम् उपक्षेत्रगत खर्च र त्यसको लाभ-लागतको यथार्थ विश्लेषण सहित उल्लिखित विषयहक्षेत्रहरुका नीतिगत तथा संरचनागत परिवर्तनको आवश्यकता देखिएको छ।

उल्लिखित तथ्यहरुलाई मनन् गर्दै, शासन व्यवस्थामा आएको परिवर्तन, सरकारले राखेको दूरदृष्टि र जनचाहनालाई सम्बोधन गर्ने उद्देश्यसहित सरकारले शिक्षाको विकासको लागि अवलम्बन गर्नुपर्ने नीतिहरु, रणनीतिहरु, कार्यक्रमहरु, सरकारका तहगत जिम्मेवारी एवं कार्यक्षेत्रहरु सम्वन्धमा तथ्यपरक अध्ययन विश्लेषण गरी नेपाल सरकारलाई सुझाव दिन नेपाल सरकारको मिति २०७५ असार ३२ को निर्णय अनुसार उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन गरेको छ । वर्तमान अवस्थाको विश्लेषण गरी शिक्षाको विकासको निम्ति अवलम्वन गर्नुपर्ने उपायहरु सम्बन्धमा सुझाव दिनु, शिक्षा क्षेत्रमा आमुल परिवर्तनको लागि मार्ग निर्देशन गर्नु, संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्रको विकासको निम्ति आधार प्रदान गर्नु नै यस आयोगको मुख्य उद्देश्य रहेको छ ।

## आयोग गठन र यसको कार्यविधि

१. समाजवादउन्मुख अर्थतन्त्रलाई टेवा पुर्याउने गरी शिक्षाको दीर्घकालीन सुधार सम्बन्धी एकीकृत मार्ग चित्र ।

२. प्रारम्भिक बाल शिक्षादेखि उच्च शिक्षाका विषयवस्तुहरु सम्बन्धी नीति, रणनीति र संरचना ।

३. जीवनोपयोगी शिक्षा, अनौपचारिक शिक्षा, खुला शिक्षा, परम्परागत शिक्षा, विशेष शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, पूर्वज्ञान व्यवस्थापन शिक्षा (Prior Knowledge) लगायतका बैकल्पिक शिक्षा नीति, रणनीति र संरचना ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति, रणनीति र संरचना ।

५. राष्ट्रिय पाठ्यक्रम प्रारुप, पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास नीति र मूल्याङ्कन प्रणाली सम्बन्धी नीति, रणनीति र कार्यनीति ।

६. परीक्षा तथा मूल्याङ्कन र प्रमाणपत्र सम्बन्धी नीति र संरचना ।

७. राष्ट्रिय आवश्यकता र शिक्षाका परियोजनाहरु तिनका कार्यक्षमता सहितको समग्र विश्लेषणात्मक मार्ग चित्र ।

८. राष्ट्रिय स्तरमा विद्यार्थी उपलब्धि परीक्षण सम्बन्धी नीति र रणनीति ।

९. शिक्षामा लगानी र उत्पादन सम्बन्धी नीति र रणनीति ।

१०. शिक्षामा जनशक्ति विकास र व्यवस्थापन सम्बन्धी नीति र रणनीति ।

११. राष्ट्रिय शिक्षा योजना कार्यान्वयनका लागि आवश्यक क्षेत्रगत एवं उपक्षेत्रगत खर्च र त्यसको लागत-लाभको यथार्थ विश्लेषण ।

१२. शिक्षा र व्यावसायिक तालिम सम्बन्धी अन्य समसामयिक विषयवस्तुहरु ।

## आयोगका पदाधिकारीहरु

| | |
|---|---|
| मा. गिरिराजमणी पोखरेल , मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अध्यक्ष |
| डा. गंगालाल तुलाधर | सदस्य |

| | |
|---|---|
| श्री धनिराम (डि.आर.) पौडेल | सदस्य |
| मा. डा. उषा झा सदस्य, राष्ट्रिय योजना आयोग | सदस्य |
| श्री श्याम कुमार श्रेष्ठ | सदस्य |
| प्रा.डा. मीनबहादुर विष्ट | सदस्य |
| प्रा.डा. विद्यानाथ कोईराला | सदस्य |
| प्रा.डा. टंकनाथ शर्मा | सदस्य |
| प्रा.डा. मनिष पोखरेल | सदस्य |
| प्रा. डा. रामस्वार्थ राय | सदस्य |
| डा. शुसन आचार्य | सदस्य |
| डा. बाबुराम अधिकारी | सदस्य |
| श्री बिमल कुमार फुँयाल | सदस्य |
| श्री चक्रमान विश्वकर्मा | सदस्य |
| प्रा.डा. सुजनबाबु मरहट्ठा | सदस्य |
| श्री नन्द कुमार थापामगर | सदस्य |
| डा. कृष्ण प्रसाद पौडेल | सदस्य |
| प्रा. भारती जोशी | सदस्य |
| प्रा.डा. शारदा थपलिया | सदस्य |
| श्री रमेश कुमार सिलवाल | सदस्य |
| श्री लक्ष्मण शर्मा | सदस्य |
| डा. षडानन्द कंडेल | सदस्य |
| श्री खगराज बराल, सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| श्री वैकुण्ठ प्रसाद अर्याल, सह-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य सचिव |
| श्री बाबुराम थापा | स्थायी आमन्त्रित |

# शिक्षाको मार्गदर्शक सिद्धान्तहरू

## सन्दर्भ

नेपालको संविधानको प्रस्तावनाले देशमा "वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारको जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने" संकल्प गरेको छ । साथै 'लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध समाज निर्माण' गर्ने लक्ष्य निर्धारण गरेको छ ।

राज्य प्रणाली समाजवादउन्मुख भएपछि शिक्षा पनि त्यस्तै चरित्रको हुने कुरा स्वतः सिद्ध छ । राज्य प्रणालीले देशमा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद अन्त्य गर्दै समानता र सामाजिक न्याय स्थापना गर्ने अठोट गरेपछि शिक्षामा पनि यस्ता विभेद अन्त्य गर्नु अपरिहार्य हुन गएको छ ।

राज्य प्रणालीअनुरूप शिक्षा प्रणालीलाई समाजवादउन्मुख बनाउने सिलसिलामा संविधानको मौलिक हकसम्बन्धी व्यवस्थाले शिक्षामा समता, समावेशीता र सामाजिक न्यायको सिद्धान्त अवलम्बन गरेको छ । यसैअनुरूप संविधानको मौलिक हकसम्बन्धी व्यवस्थाले गुणस्तरीय शिक्षामा सबैको समतामूलक समावेशी पहुँचको सिद्धान्तलाई अपनाएको छ । यसले शिक्षालाई हरेक नागरिकको मौलिक अधिकार र राज्यको दायित्व बनाएको छ । यी दायित्व पुरा गर्न शिक्षामा राज्यको उच्च लगानी अत्यावश्यक हुन गएको छ ।

संविधानको धारा ३१ मा उल्लेख भएको छः "प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ" र "प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुनेछ ।" त्यही धाराले "अपांगता भएका, र आर्थिक रूपले विपन्न नागरिकलाई" उच्च शिक्षा समेत निःशुल्क हुने व्यवस्था गरेको छ । त्यस्तै, दलितको लागि पनि नेपालको संविधानको धारा ४० ले "प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निशुल्क" हुने ब्यवस्था गरेको छ ।

संविधानको धारा ३९ ले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वागीण बालविकासको हक दिएको छ । यसले प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा सहभागिताको हकसमेत दिएको छ ।

साथै नेपालको संविधानको धारा ५१ मा रहेको निम्न चारवटा राज्यको नीति उल्लेख गरिएको छः

पहिलो "शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी,नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

दोस्रो "शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यावस्थापन गरी सेवामूलक बनाउने"

तेस्रो, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निशुल्क बनाउँदै लैजाने

चौथो, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालय स्थापना र प्रवर्धन गर्ने

नेपालको शिक्षाको मार्गनिर्देशक सिद्धान्तको मुख्य स्रोत र आधार माथि उल्लेख गरिएका संवैधानिक व्यवस्था नै हुन् ।

## शिक्षाको निर्देशक सिद्धान्त

दर्शन भनेको मानवजातिले विकास गरेको ज्ञान, विज्ञान, प्रविधि र सांस्कृतिक उपलब्धिहरूको बैध्दिक सार हो। दार्शनिक दृष्टिकोण सही हुनु वा नहुनले सामाजिक र व्यक्तिगत जीवनका समस्या समाधानमा ठूलो प्रभाव पार्छ। यही कारणले बुद्धले सम्यक दृष्टिकोण हुनुपर्नेमा ठूलो जोड दिएका छन्। समाजवादी दर्शनले पनि हरेक व्यक्तिमा जीवन र जगतलाई हेर्ने विश्व दृष्टिकोण सही हुनुपर्ने कुरामा ठूलो जोड दिएको छ।

नेपाल त्यो भूमि हो जहाँ सांख्य दर्शन, बुद्ध दर्शन र शैव दर्शन जस्ता विश्वमा हलचल मच्चाउने खालका तीनवटा महान दर्शन पैदा भए।

कपिल मुनिको सांख्य दर्शनले यो विश्व र संसारको हरेक पिण्ड पृथ्वी, जल, तेज, वायु र आकाश जस्ता पाँच महाभूतले बनेको भनेर हेर्न र भौतिकवादी हुन सिकायो। त्यसले प्रकृति र चेतनामध्ये दुबैको द्वैत अस्तित्व स्विकार्दै प्रकृतिलाई प्रधान मान्न सिकायो। त्यसले कुनै पनि समस्याको समाधान गर्ने हो भने हरेक समस्या र घटनाको मूल कारण खोज्न, संसारको हरेक घटनालाई कार्य – कारणको अन्तहीन श्रृंखलाको रूपमा हेर्न सिकायो। त्यसले प्रकृति भनेको सत्व, रज र तमको सन्तुलित अवस्थाको नाम हो र हरेक वस्तुमा सत्व, रज र तम गुण भएकाले नै यो स्वयममा गतिशील हुन्छ भनेर सिकायो।

बुद्धको दर्शनले संसारलाई जस्तो छ त्यस्तो हेर्न तथा यसलाई निरन्तर गतिमा, अनित्यतामा, अन्तरसम्बन्धमा र द्वन्द्वमा हेर्न सिकायो। त्यसले दुःखको कारण छ र त्यो कारण अन्त गर्नका लागि अज्ञानता र राग अन्त गर्नुपर्छ भनेर सिकायो। त्यसले मानव समुदाय र हरेक व्यक्तिलाई कुनै पनि कुरा आँखा चिम्लेर स्विकार नगर्न  र हरेक कुरालाई आफैले प्रयोग गरेर ठीक ठहरिए मात्र स्विकार गर्न तथा हरेकलाई समालोचनात्मक ढंगले हेर्न र होशपूर्ण, सन्तुलित र विवेकशील हुन सिकायो। साथै, त्यसले सिंगो विंश्वलाई शान्ति र शान्तिको बाटो सिकायो। त्यो दर्शनले हरेक मानिसलाई संघवादी अर्थात समुदायवादी हुन सिकायो।

शिवको शैव दर्शनले मानव जातिलाई स्वहितकारी र भेदभावकारीको सट्टामा सर्वहितकारी र समतामूलक हुन सिकायो। सत्य र न्यायको सवालमा हरेक व्यक्तिलाई स्वतन्त्र र निष्पक्ष हुन सिकायो। त्यसले सत्यम् शिवम् सुन्दरम्को सिद्धान्त दैनिक जीवनमा अंगीकार गर्न र हरेक व्यक्ति र समुदायभित्र लुकेर रहेका अपार क्षमता र सम्भावनालाई तन्त्र विज्ञानमार्फत उदघाटन र विस्तार गर्न सिकायो।

नेपालमा पैदा भएका यी रैथाने दर्शनहरू अहिले पनि त्यत्तिकै प्रासंगिक छन्, जति ती उत्पत्ति हुँदा थिए। नेपालको शिक्षालाई हाम्रै माटोमा पैदा भएका यी दर्शनबाट समालोचनात्मक ढंगले ओतप्रोत र निर्देशित बनाउनु आवश्यक छ। ती दर्शनहरूका साथसाथै विश्वमा विकसित सबै समतावादी दर्शनहरू र बिशेषतः समाजवादी दर्शनले समेत हाम्रो शिक्षालाई निर्देशित र आलोकित बनाउनु जरूरी छ। वास्तवमा शिक्षाको निर्देशक दर्शन भनेको विश्वभरिका शिक्षाका प्रगतिशील र असल अभ्यासहरूको मन्थनबाट निक्लिने वैचारिक सार हो। त्यो गतिशील र समय सापेक्ष हुन्छ।

यी सबै दर्शनहरूको आधारमा हाम्रो शिक्षाको आधारभूत सिद्धान्तहरू निम्नानुसार हुनेछन्

हाम्रो शिक्षाले प्रत्येक व्यक्ति र समुदायलाई विभेदबाट समतातिर, अन्यायबाट न्यायतिर, अशान्तिबाट शान्तितिर र व्यक्तिवादबाट समुदायवाद तिर डोऱ्याउन सक्नुपर्छ।

यसले हरेक व्यक्ति र समुदायलाई परिपूर्ण रूपमा स्वतन्त्र, विवेकशील, होशपूर्ण, समालोचक र मानवीय बनाउन सक्नुपर्छ। यसले हरेक व्यक्तिलाई आफैले कसरी सिक्ने भनेर सिकाउनु पर्छ।

यसले हरेक व्यक्ति, समुदाय र विश्वभित्र लुकेर रहेको अपार क्षमतालाई चिन्न र परिपूर्ण रूपमा विकसित गर्न सक्नुपर्छ।

यसले हरेक व्यक्तिको दृष्टिकोण, चरित्र र प्रवृत्तिमै प्रगतिशील परिवर्तन ल्याउन सक्नुपर्छ ।

यसले हरेक व्यक्तिलाई श्रमप्रेमी, उत्पादनशील र सिर्जनशील बनाउन सक्नुपर्छ । यसले हरेक व्यक्तिमा देशप्रेम र विश्वबन्धुत्वको भावना जागृत गर्न सक्नुपर्छ ।

सारमा, हाम्रो अबको शिक्षा समतामुलक, रूपान्तरणकारी र मुक्तिदायी हुनुपर्छ । भेदभाव, अन्याय, शोषण  र उत्पीडनले युक्त समाज र संसारलाई बदल्न ज्ञान र सीपमार्फत अहम् भूमिका खेल्नु हाम्रो शिक्षाको मुख्य ध्येय हुनुपर्छ । यी सबै सिद्धान्तको बहुआयामिक समष्टि र सार नै नेपालको आगामी शिक्षाको मार्गदर्शक सिद्धान्त हुनेछ ।

## समाजवादउन्मुख शिक्षाका मार्गदर्शक सिद्धान्तहरू

निम्नलिखित आठवटा सिद्धान्तले अबको शिक्षाको मार्ग दर्शन गर्नेछः

**१. सबैको लागि उच्च गुणस्तरको शिक्षा**

भूगोल, वर्ग, जातीय पृष्ठभुमि, लिङ्ग र संस्कृतिमा आधारित कुनै पनि प्रकारको भेदभाव बिना सबैको लागि उच्च गुणस्तरको शिक्षामा पहुँच सुनिश्चित हुने स्थिति निर्माण गरिनेछ । साथै विभिन्न पृष्ठभूमि भएका विद्यार्थीहरू एउटै विद्यालयमा मिलेर पढ्ने वातावरण सिर्जना गरिनेछ ।

**२. शिक्षामा राज्यको उच्च लगानी**

शिक्षा सार्वजनिक वस्तु भएकोले सबै तहका सरकारहरूले शिक्षामा पहिलो प्राथमिकताको लगानी गर्ने नीति अपनाउने छ । राम्रो शिक्षाका लागि पर्याप्त संख्यामा योग्य र उत्प्रेरित शिक्षक, प्रभावकारी र अधिकारसम्पन्न शैक्षिक नेतृत्व, साधनसम्पन्न कक्षाकोठा लगायत पर्याप्त भौतिक तथा शैक्षिक पूर्वाधारहरू र शिक्षण सामग्री पुऱ्याउनु अपरिहार्य हुने भएकोले शिक्षामा राज्यको उच्च लगानी हमेशा आवश्यक हुने बिषयलाई हरेक तहको राज्यले स्विकार गर्ने छ । शिक्षामा राज्यले लगानी अभिवृद्धि गर्दै शिक्षाको नाफामूलक ब्यापारीकरणलाई नियमन गर्दै यसलाई गैरनाफामुलक एवम् सेवामूलक क्षेत्रका रूपमा रूपान्तरित गर्नेछ ।

**३. दिगो विकास, उत्पादन र रोजगारीसित शिक्षाको सम्वद्धता**

संघ, देश, र स्थानीय तह तथा समुदायको चौतर्फी तथा दिगो विकासको आवश्यकता र शिक्षाबाट पैदा भएको शैक्षिक जनशक्तिलाई एकआपसमा अन्तर सम्बन्धित गराइनेछ । संघ, त्योभन्दा तल्लो तहका एकाइहरू र समुदायको चौतर्फी आर्थिक–सामाजिक र सांस्कृतिक विकासको लागि छोटो र लामो समयावधिका लागि हरेक विषय र क्षेत्रमा आवश्यक जनशक्ति र त्यस्तो जनशक्तिसित हुनुपर्ने ज्ञान, सीप, क्षमता र योग्यतालाई अबको शिक्षाले सचेत तथा योजनावद्ध ढंगले सम्बोधन गरिरहेको हुनेछ ।

**४. स्वावलम्वी र जीवनोपयोगी शिक्षाको प्रवर्द्धन**

शिक्षाको मुख्य काम हरेक शिक्षित व्यक्तिले हासिल गरेको ज्ञान र सीपलाई व्यवहारिक जीवनका विभिन्न क्षेत्रमा उपयोगी बनाउँदै हरेक व्यक्तिलाई स्वावलम्बी बनाउनु हुनेछ ।  यस हिसाबले आधारभूत तहदेखि नै स्वावलम्बी र जीवनोपयोगी सीपहरू सिकाउन प्रारम्भ हुनेछ भने माध्यमिक र उच्च शिक्षामा यसलाई अरू ज्यादा सुदृढ गराइनेछ । हरेक विषयको शिक्षण यसरी गरिनेछ कि एकातिर, शिक्षा आर्जन गरेको हरेक व्यक्ति कक्षामा पढेका कुनै पनि विषयका सैद्धान्तिक कुरालाई दैनिक जीवन र व्यवहारमा सहजतापूर्वक उपयोग गर्न सक्षम होस्, अर्कोतिर, ऊ जीवनोपयोगी व्यवहारिक ज्ञानलाई सिद्धान्तमा ढाल्न पनि समर्थ होस् ।

**५. औपचारिक र अनौपचारिक तथा अरीतिक शिक्षाबीचको अन्तरसम्वन्ध**

औपचारिक शिक्षालाई अनौपचारिक र अरीतिक शिक्षासित जोडिनेछ । समुदायको विभिन्न फाँटको उत्पादन वृद्धिसित हरेक तहको विद्यालयको शिक्षालाई घनिष्ठ तवरले गाँसिनेछ । औपचारिक क्षेत्रमा रहेको शैक्षिक संस्था, शिक्षक तथा विद्यार्थीले स्वयम् अग्रसर भएर समुदायमा रहेको उन्नत अनौपचारिक र अरीतिक ज्ञान र सीप थाहा पाउन र सिक्नका लागि कक्षाकोठा बाहिरका अनौपचारिक र अरीतिक क्षेत्रका ज्ञानका स्रोतहरू जस्तैः पाका अनुभवी व्यक्तिहरू, उच्च शीपयुक्त श्रमिक, दक्ष रैथाने कालिगढ, दलित शिल्पी, अनुभवी किसान वा अन्य विषयका विज्ञसित लगातार सम्वाद तथा अन्तक्र्या गर्नेछ । उनीहरूलाई समय समयमा शिक्षण संस्थामा

प्रस्तुति र शिक्षणका लागि समेत आमन्त्रित गरिनेछ। अनौपचारिक र अरीतिक क्षेत्रका आर्जित ज्ञान तथा सीपहरूलाई हरेक तहका विद्यालयले कुनै खास संयन्त्रमार्फत मापन गरेर आधिकारिक मान्यता दिने र प्रकाशनमा ल्याउने ब्यवस्था गरिनेछ। औपचारिक र अरीतिक शिक्षाबाट अनौपचारिक शिक्षामा जानसक्ने र अनौपचारिक र अरीतिक शिक्षाबाट औपचारिक शिक्षामा आउनसक्ने व्यवस्था गरिने छ ।

**६. सिकाइः जीवनभर जारी रहने अन्तहीन प्रक्रिया**

शिक्षकले विद्यार्थीलाई कसरी सिक्ने र वैज्ञानिक ढंगले अनुसन्धान गर्ने भनेर सिकाउने कार्य गनेछ परन्तु सिक्ने र खोज्ने कार्य विद्यार्थी स्वयमले आजीवन र जीवनव्यापि रूपमा गरिरहेको हुनेछ। विद्यालयको पढाइ सकेर प्रमाणपत्र हासिल गरिसकेपछि पनि आफ्नो ज्ञान र सीपलाई निरन्तर पुनर्ताजगीकरण र समयसापेक्ष आधुनिकीकरण गरिराख्नु जरूरी हुनेछ। शिक्षक आफै पनि पछिल्लो ज्ञान, सीप र प्रविधिबाट निरन्तर शिक्षित भइराख्नु आवश्यक हुनेछ। यसका लागि राज्यले केन्द्रदेखि स्थानीय तहसम्म सामुदायिक विद्यालयको वरिपरि अत्याधुनिक भिडिओ शिक्षण प्रविधि सहितको पुस्तकालय, सामुदायिक सूचनाकेन्द्र र सामुदायिक शिक्षा केन्द्रको ब्यवस्था गर्नेछ । विद्यालय, क्याम्पस तथा विश्वविद्यालयले आफ्नो सीमा क्षेत्रमा अभिभावक शिक्षा, वयस्क शिक्षा, खुल्ला विद्यालय, चलायमान शिक्षक, मेडिया, दूर शिक्षा वा सामाजिक सञ्जालमार्फत निरन्तर ज्ञान तिखार्ने र पुनर्ताजगीकरण प्रक्रियाको बन्दोवस्त गर्नेछ। अनौपचारिक तहमा पनि र खुल्ला विद्यालयमा पनि ब्यावसायिक र प्राविधिक सीप सिक्न पाइने र त्यसलाई प्रमाणीकरण समेत गर्ने कार्य गरिनेछ।

**७. समता, सामाजिक न्याय र विविधताको सम्मान गर्ने शिक्षा**

अबको शिक्षाले सबैको भाषा, धर्म तथा संस्कृतिलाई समतामूलक ढंगले स्विकार गर्ने र विविधताको सम्मान गर्ने कुरा हरेक विद्यार्थीलाई सिकाउनेछ। हरेक विद्यालयले आफ्नो राष्ट्र, प्रदेश तथा समुदायमा अस्तित्वमा रहेका भाषा, धर्म, संस्कृति र सांस्कृतिक धरोहरहरू बारेमा अनिवार्य रूपमा जान्न र अध्ययन–अनुसन्धान गर्नका लागि विद्यार्थीहरूलाई उत्प्रेरित गर्नेछ। राज्यले आफ्नो खर्चमा प्राथमिक कक्षा आफ्नो स्थानीय मातृभाषामा प्राप्त गर्ने अवसर र अधिकार हरेक विद्यार्थीलाई प्रदान गर्नेछ । साथै, आधारभूत, माध्यमिक, उच्च तहको शिक्षामा बहुभाषिक नीति अपनाउँदै स्थानीय बाहुल्यताका मातृभाषाहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क भाषाहरू सिक्ने सिकाउने ब्यवस्था गर्नेछ। गुम्वा, मदरसा, गुरूकुल, मुन्धुम जस्ता धार्मिक प्रकृतिका विद्यालयमा दिइने विभिन्न तहको शिक्षालाई समेत राज्यले आधिकारिक समकक्षताको मान्यता, पाठ्यक्रम, उच्च शिक्षामा जाने सहज अवसर र आर्थिक सहायता प्रदान गर्नेछ।

**८. बोधप्रधान, अन्वेषणमुखी र व्यवहारमुखी शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रणाली**

केवल घोकेर दुरूस्त भन्ने र लेख्ने शिक्षण, मूल्याङ्कन र परीक्षा प्रणालीलाई विस्थापित गर्दै प्रत्येक विद्यार्थीले हरेक विषयलाई सर्वांगीण ढंगले बुझ्नु र बोध गर्नु, बुझेको विषयलाई बदलिएको कठिन भन्दा कठिन परिस्थितिमा र ब्यवहारमा सिर्जनात्मक ढंगले लागू गर्न सक्षम हुनु र विद्यार्थी स्वयम्ले थप अनुसन्धान र अन्वेषण गरेर पुरानो विषयमा नयाँ कुरो थप्न सक्षम हुनु अबको शिक्षण, मूल्याङ्कन र परीक्षा पद्धतिको मुख्य चरित्र हुनेछ। हरेक व्यक्तिमा सिर्जनात्मक बुझाइ क्षमता, विवेकशील र समालोचनात्मक प्रवृत्ति र अझ गहिराइमा सत्य खोज्ने अन्वेषणकारी क्षमताको मूल्याङ्कन तथा विकास गर्नु र यसरी शिक्षालाई निरन्तर अग्रगामी र रूपान्तरणकारी बनाउनु अबको शिक्षण, मूल्याङ्कन तथा परीक्षा प्रणालीको मुख्य ध्येय हुनेछ।

## शिक्षाको २५ वर्षे दूरदृष्टि

१. नेपालमा आगामी २५ वर्ष (वि.सं. २१००) सम्ममा हरेक नागरिक कार्यमुलक साक्षरताका साथ जीवनपर्यन्त सिकाइको अभ्यास गरिरहेका हुनेछन्। विद्यालय जाने उमेरका सबै बालबालिकाहरू विद्यालयमा भर्ना भएका हुनेछन्। कुनै पनि भूगोल, आयस्तर, लिङ्ग, जातजाति, संस्कृति, अपाङ्गता भएका तथा अन्य जोखिम अवस्थामा रहेका बालबालिकाका लागि विभेदरहित ढङ्गले गुणस्तरीय शिक्षामा सबैको समावेशी र समतामूलक पहुँच सुनिश्चित भएको हुनेछ। मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक र

राजनीतिक कारणले कुनै पनि बालबालिकाले बीचैमा पढाइ छोड्नु पर्ने अवस्था सिर्जना हुने छैन । अभिभावकले आफ्ना सन्ततीको भविष्य र गुणस्तरीय शिक्षाका लागि विद्यालय तथा शिक्षण संस्थाहरूको छनोट गर्नु पर्ने परिस्थिति आउने छैन ।

२. शिक्षा सार्वजनिक वस्तु भएकाले राज्यको पहिलो प्राथमिकतामा रहनेछ । सबै तहका सरकारले शिक्षामा आफ्नो कुल वजेटको कम्तीमा २० प्रतिशत र संघीय सरकारले कुल गार्हस्थ्य उत्पादनको कम्तीमा ८ प्रतिशत लगानी गरेको हुनेछ । राज्यले शिक्षामा लगानीका लागि आन्तरिक स्रोतको परिचालनबाट दिगो आर्थिक स्रोतको प्रबन्ध गरेको हुनेछ । विद्यालय तहदेखि उच्च शिक्षासम्मका सार्वजनिक र निजी क्षेत्रद्वारा सञ्चालित साधारण, प्राविधिक तथा सीप विकाससँग सम्बन्धित शिक्षा राज्य मातहत रही सेवामूलक भएको हुनेछ ।

३. सबै तहको शिक्षा र सिप विकासमा पर्याप्त योग्य र दक्ष शिक्षक तथा प्रशिक्षकहरू हुनेछन् । यसका लागि आवश्यक आर्थिक स्रोत साधन उपलब्ध गराउनु संघ, प्रादेशिक र स्थानीय सरकारको साझा दायित्व हुनेछ । दुर्गम स्थानमासमेत शिक्षक आपूर्तिको सुनिश्चितताका लागि चलायमान शिक्षकहरूको सूची बनाइनेछ । योग्यता प्राप्त शिक्षकको सूचीमध्येबाट विद्यालयमा आवश्यक संख्यामा योग्य विषय शिक्षकको व्यवस्थापन गर्ने दायित्व स्थानीय सरकारको हुनेछ । विश्वविद्यालय तहको योग्य प्राध्यापक तथा प्रशिक्षक व्यवस्थापनको दायित्व उच्च शिक्षा आयोगको हुनेछ । नेपालको विद्यार्थी–शिक्षक अनुपात समकालीन विश्वका विकसित मुलुक सरह हुनेछ । गुणस्तरीय सिकाइ सहजीकरण र अनुसन्धानका लागि निर्धारित योग्यता र तालिम हासिल गरी उच्च उत्प्रेरणा भएका विषयगत शिक्षक तथा प्राध्यापक आवश्यक संख्यामा उपलब्ध भएको हुने छ ।

४. शिक्षण पेशा सम्मानित र आकर्षक हुनेछ । उच्च योग्यता र सीप भएका उत्प्रेरित र मेधावी व्यक्तिहरू शिक्षक तथा प्राध्यापक हुनसक्ने व्यवस्था भएको हुनेछ । शिक्षक तथा प्राध्यापकको सेवा सुविधा आकर्षक र समयसापेक्ष हुनेछ । शिक्षक पेसामा शिक्षण सिकाइ र शिक्षक विकाससँग सम्बद्ध विषयगत समिति वा संस्थाहरू मात्र स्थापित भएको हुनेछ । सबै विद्यालयमा योग्यता पुगेका स्थायी शिक्षक मात्र हुनेछन् । शिक्षक प्रवेशको न्युनतम शैक्षिक योग्यतामा वृद्धि गरिनेछ । शिक्षा क्षेत्र दलीय राजनीतिक प्रभावबाट मुक्त भएको हुनेछ । विद्यालय र विश्वविद्यालयहरूका नेतृत्वदायी पदहरू कुनै तहको सरकार प्रमुख हुने वा राजनीतिक नियुक्तिका आधारमा हुने स्थिति समाप्त भइसकेको हुनेछ । विद्यालय र विश्वविद्यालयका नेतृत्वदायी पदमा शिक्षा क्षेत्रमा विज्ञता र विशेष योगदान तथा व्यवस्थापकीय दक्षतासमेत भएका प्राज्ञिक व्यक्तिहरू प्रतिस्पर्धात्मक विधिबाट छनोट भएका हुनेछन् । शिक्षक, प्राध्यापक, प्रधानाध्यापकहरू, विद्यालय तथा विश्वविद्यालयका कर्मचारीको नियुक्ति संवैधानिक हैसियत स्वतन्त्र एवम् स्वायत्त आयोगबाट खुल्ला प्रतिस्पर्धाका आधारमा हुनेछ ।

५. शैक्षिक संस्थाहरूले विद्यार्थीहरूलाई उनीहरूको चाहना, चाख र क्षमताको आधारमा आधारभूत तहदेखि नै सिक्ने अवसर र विकल्प प्रदान गर्नेछन् । आधारभूत तह उत्तीर्ण गरेका हरेक विद्यार्थी आफूभित्र लुकेर रहेको क्षमता र प्रतिभाको चौतर्फी विकास गर्न पाएका जिज्ञासु व्यक्ति हुनेछन् । उनीहरू नेपाल, आफ्नो क्षेत्र र विश्वको इतिहास, भूगोल र समाज बारे प्रारम्भिक ज्ञान भएका, व्यावहारिक गणित, विज्ञान, सामाजिक शिक्षा, सूचना तथा सञ्चार प्रविधि सिकेका, स्थानीय मातृ भाषा र अन्तर्राष्ट्रिय सम्पर्क भाषाको प्रारम्भिक ज्ञान भएका, जीवनउपयोगी स्वावलम्वी सीप भएका प्रारम्भिक स्तरका जनशक्तिका रूपमा हुनेछन् ।

६. सबै तहका शैक्षिक संस्थाबाट उत्पादित जनशक्तिहरू नैतिक र चारित्रिक रूपमा अव्बल हुनेछन् । उनीहरू समुदायमुखी, श्रमप्रेमी, देशप्रेमी हुनेछन् । उनीहरू आधारभूत तहदेखि नै सडक तथा यातायात लगायत सार्वजनिक स्थलमा पालन गर्नु पर्ने नियम, नागरिक शिक्षा, सामुदायिक नैतिक शिक्षा, शारीरिक व्यायाम, योग तथा ध्यानको विधि समेत सिकेका परिश्रमी, कर्तव्यनिष्ठ, स्वावलम्बी र शारीरिक–सम्वेगात्मक–मानसिक–आत्मिक हिसावले स्वस्थ नागरिक हुनेछन् ।

७. नेपाल आर्थिक रूपमा समृद्ध राष्ट्रहरूको स्तरमा पुगिसकेको हुनेछ । समतामूलक र समन्यायिक शैक्षिक संस्थाहरूको वितरणबाट २५ वर्ष भित्रमा नेपालका सबै वडाहरूमा प्रारम्भिक बालशिक्षा तथा बाल विकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र र आधारभूत विद्यालय पुगेको हुनेछ । हरेक स्थानीय तहमा आवश्यक संख्यामा सार्वजनिक माध्यमिक विद्यालय र बहुप्राविधिक शिक्षालय पुगेको हुनेछ । हरेक प्रदेशमा प्रादेशिक विश्वविद्यालय तथा मेडिकल, इन्जिनियरिङ्ग, कृषिलगायत प्रायोगिक विज्ञानको शिक्षालय स्थापना भएको हुनेछ । भौगोलिक विकटता र न्यून जनसंख्या भएका स्थानमा समेत पहुँच योग्य वैकल्पिक शिक्षाको प्रवन्ध मार्फत्

सबै नागरिकको शिक्षा र सीप विकासमा समान पहुँच सुनिश्चित भएको छ । नेपालका विद्यालय, शिक्षालय एवम् सीप विकास केन्द्रहरू र जनसंख्याको अनुपात समकालिन विश्वका विकसित मुलुक सरहको हुनेछ ।

८. विद्यालयदेखि विश्वविद्यालय तहसम्मको भौतिक पूर्वाधार, कक्षाकोठामा सिक्ने सिकाउने वातावरण, शिक्षण सिकाइ सामग्री तथा सिकाइको अवसर अन्तर्राष्ट्रिय स्तरसँग तुलना योग्य हुनेछ । सबै प्रकारका अपाङ्गता भएका र शारीरिक वा मानसिक स्वास्थ्यका कारण सिकाइ क्षमता कमजोर भएका विद्यार्थीहरूका लागि विद्यालय, कलेज र विश्वविद्यालयमा सुधारात्मक शिक्षण सिकाइका अवसर सुनिश्चित भएको हुनेछ । अपाङ्गताको प्रकारअनुसार विशेष शिक्षाको प्रवन्ध भएको हुनेछ ।

९. माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य भएको हुनेछ । गरिबीको रेखामुनि रहेका, दलित, अपाङ्गता भएका, असहाय र लोपोन्मुख समुदायका नागरिकको लागि क्षमता र योग्यताका आधारमा विश्वविद्यालय स्तरको उच्च शिक्षा निःशुल्क हुनेछ । खुला शिक्षा मार्फत आंशिक रोजगारी र अध्ययनलाई सँगसँगै लैजाने व्यवस्था हुनेछ । उच्च शिक्षाका लागि राज्यले छात्रवृत्ति र अध्ययन पश्चात किस्तावन्दीमा तिर्ने शर्तमा निर्व्याजी ऋणमार्फत प्राज्ञिक हिसावले अव्बल र सक्षम सबै नागरिकको लागि सुलभ गराउने व्यवस्था भएको हुनेछ । उच्च शिक्षा (प्राविधिक तथा साधारण) मा जाने वा माध्यमिक शिक्षापछि श्रमबजारमा जाने विद्यार्थीको वर्गीकरण र विशेष विषयमूलक शिक्षण माध्यमिक तहको शिक्षाबाटै थालनी भएको हुनेछ । उच्च शिक्षालाई क्रमशः निःशुल्क बनाउदैँ लैजाने संवैधानिक प्रावधान कार्यान्वयन भएको हुनेछ ।

१०. माध्यमिक तह उत्तीर्ण गरेका हरेक विद्यार्थी आफ्नो क्षमता र प्रतिभालाई तिखार्न पाएका, कुनै न कुनै जीवनउपयोगी रोजगारमूलक सीप जानेका, कम्तीमा एउटा अन्तर्राष्ट्रिय भाषा, केही स्थानीय मातृ भाषाहरू र राष्ट्रिय सम्पर्कको भाषा राम्ररी बोल्न र लेख्न जानेका, सामुदायिक नैतिक शास्त्र, सामाजिक अध्ययन, गणित, विज्ञान तथा विकसित सूचना तथा सञ्चार प्रविधिका बारे आधारभूत ज्ञान भएका, नेपाल र विश्वको भूगोल, इतिहास, समाजवादी दर्शन तथा पूर्वेली दर्शन (सांख्य दर्शन, बुद्ध दर्शन र शैव दर्शन), साहित्य तथा संस्कृति, समाज र वातावरण बारे परिचित मध्यमस्तरीय दक्ष जनशक्तिका रूपमा हुनेछन् । माध्यमिक शिक्षा उत्तीर्ण नागरिकलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर उपलब्ध भएको हुनेछ ।

११. उच्च शिक्षाका विद्यार्थीहरू उच्चस्तरीय दक्ष जनशक्ति र समालोचक, सर्जक तथा विचारक हुनेछन् । उनीहरू अन्तर्राष्ट्रिय, राष्ट्रिय वा प्रादेशिक आवश्यकताअनुरूप अध्ययन तथा अनुसन्धान गर्न सक्ने, अत्याधुनिक प्रविधि उपयोग गर्न सक्ने, दिगो विकासमा टेवा पुऱ्याउने र समूहमा मिलेर काम गर्ने दक्षता हासिल गरेका विषय विज्ञ हुनेछन् । गुणस्तरीय प्राविधिक उच्च शिक्षाको अवसर प्राज्ञिक हिसावले योग्य र सक्षम सबै नागरिकलाई आय र भूगोलको भेदभाव विना समतामूलक ढंगले राज्यको खर्चमा उपलब्ध हुनेछ ।

१२. अभिभावक, विद्यालय र समुदाय बालबालिकाको सिकाइ सफलताको लागि शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्ग र सिकाइका आधारशीला हुनेछन् । हरेक समुदाय र विद्यालयमा प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षक, अभिभावक र समुदायको त्रिकोणात्मक अन्योन्याश्रित भूमिका रहने शैक्षिक संयन्त्रको निर्माण भएको हुनेछ । शिक्षक र प्राध्यापकहरू विद्यार्थीको सिकाइ र अन्वेषण सहयोगीका रूपमा रूपान्तरित हुनेछन् । सिकाइ र खोजमूलक अनुसन्धानमा सिकारू स्वयम् अग्रसर हुनेछन् । हरेक अभिभावकलाई अनिवार्य रूपमा बाल र युवा मनोविज्ञानको ज्ञानले युक्त बनाइएको हुनेछ । विद्यार्थीको सिकाइ प्रक्रियामा उनीहरूको सक्रिय सहभागिता र संलग्नता भएको हुनेछ ।

१३. विद्यालय, शिक्षालय, महाविद्यालय वा विश्वविद्यालयहरूले स्थानीय तथा अनौपचारिक क्षेत्रमा रहेका रैथाने, पुर्ख्यौली, श्रमिक, शिल्पी समुदायका ज्ञान, सिप, तथा सम्पदाहरूको खोजी गरी तिनलाई आधुनिक ज्ञान र सिपसँग एकीकृत तथा सम्वद्ध बनाएका हुनेछन् । विद्यार्थीहरू कक्षाकोठा बाहिरको दुनियाँसित हमेसा अन्तरक्रिया र सम्वाद गर्न सक्षम भई विविध विचार र संस्कृतिको सम्मान गर्न सक्षम भएका हुनेछन् । शैक्षिक हिसावले शहर र गाउँ बीचको, महिला र पुरूषबीचको, सम्भ्रान्त शासक र सीमान्तीकृत समुदायबीचको र दलित र गैरदलित बीचको अन्तर मेटिएको हुनेछ ।

१४. नागरिकले विद्यालय शिक्षा पछि औपचारिक,अनौपचारिक तथा अरितिक सिकाइको साधनको रूपमा आफ्नो ज्ञान र सीपलाई विश्वमा विकसित भइरहेको ज्ञान, विज्ञान र प्रविधिअनुकूल अद्यावधिक गरिराख्न सक्षम हुनेछन् । श्रमिक, किसान वा जो कोहीको

निमित्त काम पछिको अध्ययनको रूपमा सामुदायिक सिकाइ केन्द्र, दूर शिक्षा, सञ्चार शिक्षा, खुला विद्यालय तथा विश्वविद्यालयको विस्तार भएको हुनेछ । दलित अथवा शिल्पी समुदायले औपचारिक, अनौपचारिक वा वैकल्पिक शिक्षाको माध्यमबाट हासिल ज्ञान र सीपलाई परीक्षण गरी राष्ट्रिय योग्यता प्रणालीमार्फत औपचारिक शिक्षा सरहको आधिकारिक मान्यता र प्रमाणपत्र दिइने व्यवस्था भएको हुनेछ । शिक्षामा सूचना र प्रविधिको प्रयोग सुरक्षित, अनुशासित, मर्यादित र भरपर्दो रूपमा हुनेछ । प्रत्येक शैक्षिक संस्था विद्युतीय सिकाइ स्थल ई -लर्निङ्ग को रूपमा विकास भएको हुनेछ । सूचना प्रविधिलाई माध्यम र विषय दुवै रूपमा समुचित प्रयोग गरिएको हुनेछ । गुणस्तरीय शिक्षाको लागि विद्युतीय विद्यालय (भर्च्यूयल विद्यालय) तथा शिक्षण सिकाइ प्रक्रियामा अनलाइन तथा Blended Learning प्रक्रियालाई कार्यान्वयनमा ल्याइएको हुनेछ । निरन्तर र जीवनपर्यन्त सिकाइमा पनि विद्युतीय सिकाइको प्रयोग गरिनेछ । निरन्तर र आजीवन शिक्षालाई जीवनोपयोगी सीप र उत्पादनसँग आवद्ध गरी उद्यमशीलता प्रवर्धनसँग सम्वद्ध गरिएको हुनेछ ।

१५. आधारभूत र माध्यमिक तहको विद्यालयहरू स्थानीय सरकारद्वारा स्थापित, नियन्त्रित र नियमित अनुगमित हुनेछन् । सबै विद्यालयका शैक्षिक गतिविधिको अनुगमन प्रणालीका लागि प्रत्येक स्थानीय निकायले डिजिटल पद्धति अवलम्बन गरेको हुनेछ । विद्यालयको सञ्चालन स्थानीय समुदायद्वारा हुनेछ । विद्यालय सञ्चालनको लागि स्थानीय सरकारले आर्थिक व्यवस्थापन सुनिश्चित गरेको हुनेछ । विद्यालय शिक्षाको गुणस्तरको मापदण्डको सुनिश्चितताको लागि संघीय र प्रदेश सरकारले स्थानीय सरकारलाई नियमित समानीकरण तथा सशर्त अनुदानसहित प्राविधिक सहजीकरण गराएको हुनेछ । स्थानीय सरकारले पनि आफ्नो स्रोतसाधनको परिचालनका लागि एउटा छुट्टै शैक्षिक कोष स्थापना गरेको हुनेछ । सामुदायिक, सार्वजनिक र सहकारीका माध्यमबाट मात्र विद्यालय शिक्षा सञ्चालन हुने परिपाटीको सिर्जना हुनेछ । हाल सञ्चालनमा रहेका निजी लगानीका विद्यालयहरूको व्यवस्थापनमा सुधार गरी विद्यालय सञ्चालनको प्रतिफलबाट सार्वजनिक हित हुने कार्यमा बाहेक अन्य क्षेत्रमा कुनै पनि लगानी हुन नदिने व्यवस्था गरिनेछ ।

१६. हरेक स्थानीय तहमा पूर्वाधार सहितको प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास प्रदान गर्ने शिक्षण संस्थाहरू स्थानीय सरकार र समुदायको संयुक्त पहलमा स्थापित र विकसित भएको हुनेछ । हरेक व्यक्तिको अध्ययन प्रतिको अनुराग, सिकाइ, अनुसन्धान र स्वःस्फुर्त अध्ययनलाई सहयोग पुऱ्याउन स्थानीय तहदेखि संघीयतहसम्म अत्याधुनिक साधनसम्पन्न पुस्तकालय तथा चलायमान पुस्तकालय (विद्युतीय पुस्तकालयसमेत) को सुविधा विस्तार भएको हुनेछ ।

१७. राष्ट्रिय योग्यताको प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गरिनेछ, तहगत रूपमा योग्यताको वर्गीकरण गरी प्राविधिकबाट साधारण र साधारण शिक्षाबाट प्राविधिक शिक्षा प्रवेश गर्ने ढोका खुला गरिनेछ । औपचारिक शिक्षा पद्धति भित्र नसमेटिएका युवाका लागि उनीहरूको परम्परागत सिप र ज्ञानमा आधारित अनुभवलाई शिक्षाको मूल धारमा आउन सक्ने गरी व्यावसायिक योग्यताको प्रारूप अनुरूप क्रेडिट स्थानान्तरण गर्ने व्यवस्था हुनेछ ।

१८. शैक्षिक गुणस्तर सुनिश्चित गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्याससमेतका आधारमा शिक्षाका राष्ट्रिय, प्रादेशिक, स्थानीय तह र विद्यालय तहका शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार भएका र प्रयोगमा आएका हुनेछन् । गुणस्तरीय शिक्षण सिकाइका लागि प्रतिस्पर्धात्मक गुणस्तरीय बहुपाठ्यपुस्तक नीति व्यवहारमा कार्यान्वयनमा आएको हुनेछ । परीक्षा प्रणालीलाई ज्ञान र सीपको साथै अपेक्षित व्यवहारिक परिवर्तन परीक्षण गर्ने भरपर्दो साधनको रूपमा व्यवस्थित गरिएको हुनेछ ।

१९. बालविकास तथा विद्यालय तहका औपचारिक एवम् अनौपचारिक शिक्षा आर्जन गर्ने विद्यार्थीहरूको सिकाइ गुणस्तर कायम गर्ने कामको जिम्मेवारी स्थानीय सरकारले लिएको हुनेछ । प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालयको तथा संघीय सरकारले केन्द्रीय विश्वविद्यालयको खाका बनाई सम्बन्धित विश्वविद्यालय मार्फत शैक्षिक गुणस्तर प्रत्यायन भएको हुनेछ । प्रदेश सरकारद्वारा प्रादेशिक विश्वविद्यालय सञ्चालन, नियमित र अनुगमित भएको हुने छ । प्रदेश मातहतका सबै क्याम्पसलाई सम्बन्धन र स्वीकृति दिने, गुणस्तर नियन्त्रण गर्ने कार्य प्रदेशको विश्वविद्यालयले र प्राविधिक महाविद्यालयलाई सम्बन्धन र स्विकृति दिने, गुणस्तर नियन्त्रण गर्ने कार्यचाहिँ संघीय प्राविधिक विश्वविद्यालयले गर्नेछ । संघीय तहमा संघीय तहको विश्वविद्यालय र प्राविधिक

विश्वविद्यालयहरू हुनेछन् । विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूलाई राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय विकाससँग आवद्धता गर्न सक्ने उच्च स्तरको मानव संसाधन विकास गर्न सक्ने उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा विकास गरिएको हुनेछ। यी संस्थाहरू अन्तर्राष्ट्रिय स्तरको अनुसन्धान केन्द्र, ज्ञान, विज्ञान तथा प्रविधि विकास केन्द्र र विषय विज्ञ आपूर्ति केन्द्रका रूपमा हुनेछन्। नेपालका विश्व विद्यालयहरू प्राज्ञिक अनुसन्धानका लागि प्रख्यात विश्वविद्यालय (Referral University) को रूपमा स्थापित हुनेछन्।

२०. शिक्षा राष्ट्रिय, प्रादेशिक तथा स्थानीय विकासको वस्तुगत आवश्यकता, सामाजिक उत्पादन र रोजगारीसँग जोडिएको हुनेछ। विषय तथा क्षेत्रगत आवश्यकताका आधारमा आवधिक रूपमा जनशक्ति प्रक्षेपण गर्दै स्थापित दक्ष जनशक्ति उत्पादन प्रणाली औद्योगिक, कृषि तथा सबै क्षेत्रको सर्वतोमुखी विकास मार्फत् वेरोजगारीको अन्त्य भई सकेको हुनेछ। हरेक नागरिकमा समालोचनात्मक धारणाको विकासले सोचेर तथा खोजेर पढ्ने, लेख्ने र बुझ्ने प्रवृत्तिको विकास भई सकेको हुनेछ। सबै नेपाली नागरिक विषयवस्तुको सर्वाङ्गीण बुझाइ, नयाँ कुरा अन्वेषण गर्ने र थप्ने क्षमता, प्राप्त ज्ञान र सिपलाई पहिलेभन्दा विकसित रूपमा जीवनउपयोगी ढङ्गले प्रयोगमा ल्याउन सक्ने क्षमता र समूहमा काम गर्ने क्षमता र तत्परतामा आधारित चौतर्फी क्षमता, दक्षता र योग्यता भएका विश्वस्तरीय नागरिक (Global Citizenship) हुनेछन्।

**उल्लिखित पृष्ठभूमिका आधारमा शिक्षाको २५ वर्षे दूरदृष्टिको सार**

वि.सं. २१०० सम्ममा सबैको लागि गुणस्तरीय शिक्षामा समावेशी र समतामूलक पहुँचसहित आर्थिक रूपले सक्रिय सबै युवाले माध्यमिक शिक्षा पुरा गर्ने गरी शिक्षामा समतामूलक पहुँच, प्रवर्तनात्मक र उद्यमशीलतामा आधारित प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकासको पहुँच योग्य प्रबन्ध, गुणस्तर सुनिश्चितता र प्रत्यायन प्राप्त शिक्षण संस्था तथा मेधावी र दक्ष शिक्षक, प्रशिक्षक र प्राध्यापकको सुनिश्चितता, सुरक्षित सिकाइ वातावरण, दिगो लगानीको सुनिश्चितता, सुशासन र जवाफदेहिताको प्रभावकारी अनुगमन, जनशक्ति प्रक्षेपण तथा विकास, योग्यता र क्षमताका आधारमा वैज्ञानिक, प्रवर्तनात्मक, अनुसन्धानमूलक, प्रविधिमैत्री र रोजगारमूलक उच्च शिक्षाको सुनिश्चितता, पुख्यौली सिप, प्रविधि र संस्कृतिको प्रवर्द्धन, विज्ञान तथा प्रविधिको उपयोग मार्फत सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, सदाचार तथा नैतिक आचरण तथा पूर्वीय दर्शन (सांख्य दर्शन, बुद्ध दर्शन र शैव दर्शन) का मूल्य र मान्यताको अवलम्वन गरी जेष्ठ नागरिक तथा अशक्त व्यक्तिहरू प्रतिको सामाजिक दायित्व पुरा गर्ने, सबै भाषा, धर्म र संस्कारप्रति सहिष्णु, राष्ट्र, राष्ट्रियता, समाजवादप्रति प्रतिवद्ध, स्थानीय परिवेशमा विश्वमा विकसित प्रविधि र विचारसापेक्ष वैज्ञानिक र तार्किक क्षमतासहितको नैतिकवान, राष्ट्रप्रेमी, उत्पादनशील, प्रतिस्पर्धी र योग्य नागरिक विकास गर्ने।

# १. प्रारम्भिक बाल शिक्षा तथा आधारभूत शिक्षा

## १.१ वर्तमान अवस्था

प्रारम्भिक बाल शिक्षा र विकास:

- नेपाल सरकारले प्रारम्भिक बालविकासका सन्दर्भमा महत्त्वपूर्ण नीतिगत व्यवस्थाहरू (नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षा ऐनको आठौ संशोधन, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, चौधौं योजना, २०७३/७४–२०७५/७६), विद्यालय क्षेत्र विकास योजना, २०७३–२०८०, प्रारम्भिक बाल विकास रणनीति पत्र, २०६१, दिगो विकास लक्ष्य, सन् २०१६–२०३०) गरेको पाइन्छ। जसअनुसार प्रारम्भिक उमेरका बालबालिकाहरूको समूचित विकासलाई प्राथमिकतामा राखिएको छ।
- हाल नेपालमा ३६५६८ ओटा बालविकास केन्द्रहरू सञ्चालनमा छन्। जसमध्ये शिक्षा मन्त्रालयमार्फत (सामुदायिक विद्यालय र समुदायमा आधारित केन्द्रहरू) ३०४४८ ओटा छन् भने ६१२० ओटा संस्थागत विद्यालयद्वारा सञ्चालित छन् (शिक्षा विभाग २०७४)। हाल बालविकास केन्द्रमा बालबालिकाको कुल भर्ना दर ८४.१ प्रतिशत रहेको छ।

  **आधारभूत:**

- हाल मुलुकमा ३५६०१ कुल विद्यालयमध्ये आधारभूत तहका २६८८३ विद्यालय रहेका छन् । विद्यालय विद्यार्थी अनुपात : १:१६६, विद्यार्थी सङ्ख्या : ५८३६७३२, २०७३ सालको विद्यार्थी सङ्ख्या : ५९९४६१२ (१.८ प्रतिशतले घटेको) , सामुदायिकको हिस्सा : ८३.२ प्रतिशत, संस्थागत विद्यालयको हिस्सा : १६.८ प्रतिशत रहेको
- खुद भर्ना दर : कक्षा १-५ को ९७.२ प्रतिशत, कक्षा १-८ को ९२.३ प्रतिशत; विद्यालयबाहिर रहेको हिस्सा : ७.७ प्रतिशत, कक्षा छेड्ने र दोहोऱ्याउने दर उच्च देखिएको; कक्षा १ मा भर्ना भएकामध्ये एक तिहाइ बालबालिका मात्र कक्षा १० पुगेको देखिन्छ । कक्षा दोहोऱ्याउने दर : कक्षा १ को १३.९ प्रतिशत, कक्षा उत्तीर्ण दर कक्षा १ को ८२.५ प्रतिशत रहेको
- आधारभूत तह पूरा गर्ने दर अपेक्षाकृत रूपमा न्यून देखिएको छ; ७०.१ प्रतिशत; कक्षा ८ सम्मको टिकाउ दर : ७७.४ प्रतिशत रहेको
- बालिका भर्ना वृद्धि गरी सिक्ने र टिक्ने दर बढाउन प्रत्येक आधारभूत विद्यालयमा महिला शिक्षकको व्यवस्था गरिएको; महिला शिक्षक अनुपात : कक्षा १-५ मा ४४.६ प्रतिशत, कक्षा १-८ मा ४१.४ प्रतिशत रहेको
- विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको व्यवस्था : सुदूरपश्चिम, कर्णाली अञ्चल र लक्षित समुदायका बालबालिकाहरूलाई विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको; मातृभाषामा आधारित बहुभाषिक शिक्षासम्बन्धी नीति कार्यक्रम लागू गरिएको,२५ ओटा मातृभाषामा पाठ्यसामग्री तयार भई लागू गरिएको ।
- निजी विद्यालयलाई कम्पनीमा दर्ता गर्ने गराउने सरकारी नीतिले गर्दा बढ्दो नाफा कमाउने प्रवृत्ति हावी भएको निजी विद्यालयले विद्यार्थी आधारमा १० देखि २० प्रतिशतसम्म बालबालिकाहरूलाई छात्रवृत्ति दिनुपर्ने व्यवस्था रहेको; अभिभावकहरूको अङ्ग्रेजी भाषा प्रतिको बढ्दो मोहका कारण निजी विद्यालयहरू फस्टाउँदो अवस्थामा रहेका; मदरसा,गम्बा, गुरुकुल, आश्रम जस्ता ११२१ ओटा धार्मिक स्वरूपका विद्यालयहरू सञ्चालनमा रहेका
- नेपालको सविधानमा आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क गर्ने प्रावधान रहेको वर्तमान सन्दर्भमा यो संवैधानिक हकलाई कसरी सुनिश्चित गर्ने भन्ने महत्त्वपूर्ण चरणमा प्रवेश गरिएको अवस्था रहेको

## १.२ मुद्दा समस्या र चुनौती तथा समाधानका लागि सुझाव

### प्रारम्भिक बाल विकास

| देखिएका मुद्दा तथा समस्या | समाधानका लागि प्राप्त भएका सुझावहरू | अब के गर्ने ? |
|---|---|---|
| ४ वर्षका बालबालिकाहरूका लागि व्यवस्था गरिएको बालविकास केन्द्र अपर्याप्त जब कि बालविकास गर्भावस्थादेखि ५ वर्षसम्म भनिएको | • गर्भावस्था देखि ८ वर्ष सम्मको उमेर समूहलाई प्रारम्भिक बालविकासको उमेर समूहभित्र समेट्नुपर्ने र एकीकृत पाठ्यक्रमको प्रयोगमार्फत सिकाइ र विकास क्रियाकलाप गर्नुपर्ने | |
| बालविकास केन्द्रको समुचित वितरण नभएकाले अझै दुर्गम र विपन्न क्षेत्रमा अपुग छ भने कतै बढी छ । | • बालिका, अपाङ्गता भएका बालबालिका, आमाबुवा नभएका अनाथ (टुहुरा) बालबालिका, सडक बालबालिका तथा अन्य जोखिममा रहेका बालबालिकाको सर्वाङ्गीण विकासका लागि विशेष व्यवस्था सहित कार्यक्रम सञ्चालन गरिनुपर्ने<br>• नक्साङ्कनको आधारमा केन्द्रको पुनवितरण र स्थापना गर्नुपर्ने समुदाय विद्यालय र घरपरिवारमा आधारित बालविकास केन्द्रहरू सञ्चालन गर्नुपर्ने | |
| समुदायमा भएका बालविकास केन्द्र विद्यालयमा गाभिनु | • समुदायलाई समेटेर सहभागिता सुनिश्चत गर्ने विशेष कार्यक्रम बनाउनुपर्ने; आवश्यकताअनुसार विद्यालयबाहेकको स्थानमा पनि बालविकास केन्द्र विस्तार गर्नुपर्ने | |
| विभिन्न निकायद्वारा सञ्चालित प्रारम्भिक बालविकास कार्यक्रम | • सबै निकायले एकीकृत रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्ने<br>• अनिवार्य स्वास्थ्य जाँच र पोषणयुक्त खाजाको व्यवस्था गर्ने | |

| | | |
|---|---|---|
| एकीकृत रूपमा सञ्चालन नभएका र विभिन्न मन्त्रालय बिच समन्वयको कमी | • प्रारम्भिक बालविकासलाई व्यवस्थित रूपमा सञ्चालन गर्न अधिकुसम्पन्न राष्ट्रिय बालविकास परिषद् गटन गर्नुपर्ने, यस्ता परिषद्का एकाइहरू सबै तहमा हुनुपर्ने | |
| प्रारम्भिक बालविकास केन्द्रका शिक्षकको योग्यता र तालिमको कमी, पारिश्रमिक कम हुनु र टीकाउ दर पनि कम हुनु | • शिक्षकका लागि मापदण्ड बनाउने; सिकाइ तथा विकासका लागि मापदण्ड बनाउने<br>• प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा नमुना बालविकास केन्द्र बनाउने<br>• शिक्षकलाई मूल्याङ्कन गरी पुरष्कृत गर्ने व्यवस्था गर्ने तथा अन्य वृत्ति विकासका अवसर दिने; शिक्षकको पारिश्रमिक वृद्धि गरिनुपर्ने | |
| बालविकास केन्द्रमा औपचारिक पढाइ हुने र जाँचसमेत लिने गरिनु र सर्वाङ्गीण विकासको पक्ष छायामा पर्नु | • औपचारिक पढाइ होइन सर्वाङ्गीण विकासमा आधारित कार्यक्रम सञ्चालन गर्नुपर्छ; अभिभावकलाई चेतनशील बनाउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्छ; सामुदायिक स्रोतकेन्द्रमार्फत अभिभावकहरूलाई बालविकासको विषयमा तयारी गर्नुपर्छ। | |
| न्यूनतम मापदण्ड सिकाइ विकास मापदण्ड तथा अन्य दस्तावेज कार्यान्वयनमा नआउनु | • न्यूनतम मापदण्डको कार्यान्वयन गर्नुपर्ने; न्यूनतम मापदण्ड नपुगेका केन्द्रहरूको मापदण्ड पूरा गराउन सम्बन्धित स्थानीय सरकारले तत्काल कार्य गर्ने<br>• नयाँ स्थापना हुने बालविकास केन्द्रहरूमा आवश्यक न्यूनतम मापदण्डलाई अनिवार्य सर्त मानेर पूरा नभएकालाई केन्द्र सञ्चालनको अनुमति नदिने | |
| संस्थागत र सामुदायिक विद्यालय तथा समुदायमा सञ्चालित पूर्व प्राथमिक र बालविकास केन्द्र बीचको समयावधि र सेवा वीचको अन्तर हुनु | • बालविकासमा ४ देखि ८ वर्षसम्मका सबैलाई समेट्ने गरी एकीकृत पाठ्यक्रम बनाउने; सामुदायिक र निजी स्कूलमा चलेका पूर्वप्राथमिक विद्यालय दुबैमा एउटै पाठ्यक्रम र एकै समायवधि हुने गरी बालविकास केन्द्र वा पूर्वप्राथमिक विद्यालय सञ्चालन हुने व्यवस्था अनिवार्य गर्नुपर्ने | |
| शिशु स्याहार मन्टेश्वरी बालविकास र नर्सरी केजी नामबाट सञ्चालित अनेकन् केन्द्रको अनुगमन र नियमनको प्रभावकारी नहुनु | • स्थानीय तहले नै अनुगमन गर्ने व्यवस्था मिलाउने; अनुगमनको क्रममा केन्द्रको गुणस्तर बालबालिकाहरूको स्नेहपूर्ण हेरचाह भएनभएको, पोषणयुक्त खाजाको व्यवस्था, खेलकुद मनोरञ्जन लगायत आवश्यक सर्वाङ्गीण विकासका अवसर भएनभएको सुनिश्चित हुनुपर्ने<br>• शिसु स्याहार तथा मण्टेश्वरी नाममा खुलेका संस्थाहरूको नियमन स्थानीय सरकारले कडाइका साथ गर्नुपर्ने; पूर्वप्राथमिक शिक्षा र बालविकास केन्द्र र मन्टेश्वरी तथा बालहेरचाह गृह जस्ताको अनुगमन निरक्षण गर्न स्थानीय सरकारले अलग्गै निरीक्षकको व्यवस्था गर्नुपर्ने<br>• निरीक्षकले गरेको निरीक्षणको प्रतिवेदन स्थानीय एकाइ प्रमुखसमक्ष पेस गर्ने र प्रमुखमार्फत स्थानीय बालविकास परिषद्मा पेस गर्ने व्यवस्था मिलाउने | |
| बालविकास केन्द्रका शिक्षकको योग्यता, सेवा र सुविधा तथा उनीहरूको वृत्ति विकासमा सुधारको आवश्यकता | • बालविकास केन्द्रका शिक्षकलाई समेत लाइसेन्सको व्यवस्था गर्ने; उनीहरूको योग्यता आधारभूत तहका शिक्षकसरह बनाउने र पारिश्रमिक सोहीअनुसार दिने; इन्टर्नसिप गरेकाले मात्र शिक्षक बन्न पाउने व्यवस्था गर्ने; प्रदेश तथा स्थानीय तहमा नै तालिमको व्यवस्था गर्ने; शिक्षकको स्पष्ट कार्यनीति तथा कार्यढाँचा बनाउनुपर्ने | |
| पाठ्यक्रम प्रयोग नहुनु, शिक्षकका | • निजी तथा सामूदायिक बालविकास केन्द्रमा पाठ्यक्रमको अनिवार्य प्रयोग | |

| | | |
|---|---|---|
| लागि स्रोत सामग्रीको अभाव हुनु; स्थानीय भाषालाई क्रियाकलापको माध्यम नबनाइनु; एकीकृत पाठ्यक्रमको प्रयोग नहुनु; सबै प्रकारका पूर्वप्राथमिक र बालविकास केन्द्रमा एकै प्रकारका पाठ्यक्रम लागू नहुनु | गराउनुपर्ने<br>● शिक्षकहरूका लागि स्रोत सामग्रीहरू तयार गर्नुपर्नेस स्थानीय भाषाको प्रयोगलाई प्रोत्साहन गरिनुपर्ने<br>● निजीस्तरमा सञ्चालित बालविकास केन्द्रहरू तथा पूर्वप्राथमिक कक्षामा पनि अनिवार्य रूपमा पाठ्यक्रम प्रयोग गरे व्यवस्था मिलाउनुपर्ने<br>● सिकाइ विकास तथा मापदण्डअनुसार सिकाइ गराउने र सोही आधारमा मूल्याङ्कन गर्ने | |
| सरकारको संरचनागत भूमिका र आर्थिक व्यवस्थापन | ● सङ्घमा राष्ट्रिय बालविकास परिषद प्रदेशमा प्रादेशिक बालविकास परिषद् केन्द्र तथा प्रदेशमा शिक्षक तालिम केन्द्रको व्यवस्था गर्नुपर्ने; शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयले नै ० देखि ८ वर्ष उमेरका बालबालिकाका लागि बालशिक्षा कार्यक्रमसम्बन्धी पाठ्यक्रमको ढाँचा बनाउन सहजीकरण गर्नुपर्ने र स्थानीय अवस्थाअनुसारको स्थानीय पाठ्यक्रम बनाउन सहयोग गर्नुपर्ने;<br>● सङ्घीय सरकारले नै बहुपक्षीय साझेदारीको समन्वय गर्नुपर्ने; स्रोत परिचालनको बृहत खाका तयार गर्नुपर्नेस सङ्घ, प्रदेश र स्थानीय सरकारको मिश्रीत आर्थिक सहयोग हुनुपर्ने, (क्रमशः ६० %, २० %, २०%)स आर्थिक स्रोत परिचालनको मोडालिटीबारे (करबाट उठाउने वा निजीबाट व्यवस्थापन गर्ने) स्पष्ट पारिनुपर्दछ । | |

**आधारभूत शिक्षा**

| देखिएका मुद्दा तथा समस्या | समाधानका लागि प्राप्त भएका सुझावहरू | अव के गर्ने ? |
|---|---|---|
| **<u>शिक्षक व्यवस्थापन</u>**: पर्याप्त दरबन्दीको अभाव/मिलान, पुन वितरण, फरक प्रकारका शिक्षकहरूको नियुक्ति, संस्थागत विद्यालयका शिक्षकका सेवा सर्त र सुविधा; शिक्षकको आचरण र मूल्य मान्यतामा कसरी परिवर्तन ल्याउने | ● आधारभूत शिक्षाको शिक्षकको योग्यता कम्तीमा चार वर्षे विषयगत स्नातक तह उत्तीर्ण गरी तीस केडिट आवर बराबरको शिक्षक शिक्षा उत्तीर्ण गरेको व्यक्ति हुनुपर्दछस आधारभूत तहको शिक्षकको योग्यता स्नातक हुने र जुनसुकै सङकायबाट आउन सक्ने बनाउने<br>● जुनसुकै सङ्कायको विषय मिल्दो प्रथम श्रेणी वा सोभन्दा माथि ल्याउने व्यक्तिलाई अध्यापन अनुमतिपत्रबिनै सोझै शिक्षकका लागि उम्मेदवार बन्न पाउने नीति बनाउने<br>● शिक्षकको नियुक्ति प्रादेशिक शिक्षा सेवा आयोगबाट गर्ने व्यवस्था मिलाउने<br>• प्रधानाध्यापक शिक्षकभन्दा माथिल्लो योग्यताको हुने व्यवस्था मिलाउने र कम्तीमा एक महिनाको व्यवस्थापन तालिम अनिवार्य गर्ने; प्रअ पद पाँच वर्षे करार गर्ने गरी व्यवस्था गर्ने | |
| ljBfnosf] ef}lts jftfj/0f: संरचना तथा पूर्वाधारहरू दीर्घकालीन सोचका साथ बालमैत्री ढङ्गले कम निर्माण | ● देशभरिका विद्यालयहरू अपाङ्गमैत्री भएनभएकोजाँच गरी सो नभए हुने गरी निर्माण गर्ने<br>● जग्गा नभएका विद्यालयलाई भोगाधिकार भए सो जग्गा विद्यालयको नाममा नामसारी गराउने । सो पनि नभएजग्गा किन्ने अनुदान दिने | |

| | | |
|---|---|---|
| गरिएका, होचा पुड्का तथा अपाङ्गता भएका बालबालिकाहरूका लागि अनुपयुक्त रहेका, साथै विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ कार्यकलापको निमित्त कक्षाकोठाको व्यवस्थापन, शिक्षण सामाग्री तथा अन्य भौतिक संरचना व्यवस्थापन नभएका, कतिपय विद्यालयहरू प्राकृतिक प्रकोप तथा अन्य कारण जोखिमयुक्त स्थानमा रहेका | • विद्यालयको मापदण्ड बनाइ सो पूरा नभएकालाई विद्यालयको अनुमति नदिने र विद्यमान विद्यालयहरूको अवस्थाको लेखाजोखा सोही आधारमा स्थानीय तहले गर्ने र मापदण्डयुक्त बनाउने गरी योजना गर्ने<br>• पुस्तकालय प्रयोगशाला सूचना तथा प्रविधि कक्ष र करेसाबारीविनाको विद्यालयको परिकल्पना नगर्ने<br>• जोखिमयुक्त स्थानमा भएका विद्यालय पहिचान गरी त्यस स्थानबाट सार्ने | |
| **मातृभाषा तथा वहुभाषिक शिक्षा:**<br>अङ्ग्रेजी मोहका कारण भएकै विद्यालयलाई पनि अङ्ग्रेजी माध्यममा लैजाने दबाब बढेको एकल भाषी भएका विद्यालयमा पनि सम्बन्धित भाषामा सिकाइ हुन नसकेको<br>वहुभाषी बालबालिका भएका ठाउँमा सिकाइ प्रकृया शिक्षक र विद्यार्थी दुबैका लागि चुनौतीपूर्ण रहेको; स्थानीय भाषाको रूपमा वर्तमान पाठ्यक्रममा रहेको प्रावधान पनि अङ्ग्रेजी कम्प्युटरजस्ता विषय राखेर कार्यान्वयनमा नआएको | • द्वीभाषी बालबालिका भएको विद्यालयका विद्यार्थीहरुलाई एक अर्काको भाषा सिक्न प्रोत्साहित गरिनुपर्छ । शिक्षकले पनि त्यसरी नै विद्यार्थीको भाषा सिकी विद्यार्थीलाई पढाउनुपर्ने व्यवस्था गरिनुपर्छ ।<br>• आधारभूत शिक्षाको माध्यम बहुसङ्ख्यक बालबालिकाले बोल्ने मातृभाषा वा सबैले सजिलोसँग बोल्ने वा बुझ्न सक्ने भाषामा भाषालाई बनाउनुपर्छ ।<br>• बहुभाषी बालबालिका भएका स्थानमा सम्बन्धित मातृभाषी स्वयंसेवकलाई परिचालन गर्ने<br>• एकलभाषी बालबालिका भएका स्थानमा सोही भाषामा सिकाइ क्रियाकलाप सञ्चालन गर्ने<br>• वहुभाषी बालबालिका भएका स्थानमा वहुभाषी पुस्तकालय, वहुभाषी साहित्यिक र सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्छ ।<br>• शिक्षाको गुणस्तर भाषाले बढाउने नभई सिकाइ सहजीकरण प्रक्रियाले गर्ने र आफ्नो भाषामा हुने सिकाइ प्रभावकारी हुने भएकाले<br>• बहुसङ्ख्यक बालबालिकाले बोल्ने मातृभाषा वा सबैले सजिलोसँग बोल्ने वा बुझ्न सक्ने भाषालाई माध्यम भाषाको रूपमा कम्तिमा कक्षा ५ सम्म अनिवार्य गर्नुपर्छ र त्यस पछि मात्र दोस्रो र तेस्रो भाषाको प्रयोग गरिनुपर्छ । | |
| **पाठ्यक्रम तथा पाठ्यपुस्तक:**<br>समाजको आवश्यकता ,परिवेश र अन्तरास्ट्रिय मापदण्ड अनुसार नहुनु,<br>पाठ्य पुस्तकको सिमित घेरा भन्दा वाहिर शिक्षण सिकाई कृयाकलाप जान नसकेको | • पाठ्यक्रम विकास केन्द्रले सम्पूर्ण प्रदेश र स्थानीय तहकोसमेत रायसुझाव लिएर पाठ्यक्रम प्रारूप बनाउनुपर्छ; पाठ्यक्रममा आधारभूत तहका बालबालिकाहरूलाई स्वावलम्बी सीप, सहयोगी सीप, सांस्कृतिक तथा सामाजिक सीप, घरेलु सीपहरूको प्रयोगात्मक क्रियाकलाप गराउने व्यवस्था उल्लेख हुनुपर्ने<br>• सिकाइ कार्य पाठ्यपुस्तकका आधारमा नभई पाठ्यक्रमका आधारमा सञ्चालन गर्नुपर्छ । | |

| | | |
|---|---|---|
| **निजी विद्यालय व्यवस्थापन:** निजि बिद्यालयहरू सेवामुलक भन्दा नाफामुलक बढी हुनु | • हाल कम्पनीमा दर्ता भएका निजी विद्यालयहरुलाई सेवामूलक निजी तथा सामाजिक गुठीमा दर्ताहुन प्रोत्साहित गर्दै भविष्यमा सेवामूलक निजी विद्यालयहरुमात्रै रहने व्यवस्था गनुपर्छ ।<br>• निजी विद्यालयहरूको शुल्क निर्धारण गर्ने, त्यहाँ कार्यरत शिक्षक तथा कर्मचारीको सेवा सुविधाको मानक तोक्ने र लगानीकर्ताको मुनाफा तोक्ने (५०:२५:२५को अनुपातमा) काम स्थानीय सरकारले नै गर्नुपर्छ । | |
| **वित्तीय व्यवस्थापन** र सुशाशन: सरकारको नीति तथा कार्यक्रम अनुरूप बित्तको व्यवस्थापन हुन नसक्नुः आधारभूत विद्यालयहरुमा राजनैतिक भागवण्डा र खिचातानीका कारण विद्यालय व्यवस्थापन समिति नै गठन हुन नसकेको अवस्था पनि छ । भएका विद्यालय व्यवस्थापन समितिहरुले पनि पारदर्शी र प्रभावकारी रुपले कार्य गर्न नसक्नु | • विद्यालय व्यवस्थापन समितिलाई जातिय, लिंगिय वा धार्मिक अल्पसंख्याक आदिको हिसावले समुदाय वा समाजको बनोट अनुसार समावेशी बनाउनु पर्दछ । विद्यालय विकास समितिको वहु आयामिक भुमिकालाई परिभाषित गरि सदस्यहरुलाई शसक्तिकरण गर्न आवश्यक छ ।<br>• स्कूल क्षेत्र निर्धारण(जोनिङ) र नक्सांकनको आधारमा आधारभूत तह सञ्चालन गरिरहेका सार्वजनिक, निजी, गुठी, सहकारी, तथा धार्मिक विद्यालयहरुको एक आपसमा मिलान, विस्तार एवं सुदृढीकरण गर्ने गराउँने काम स्थानीय सरकारले गर्नुपछ। | |

# २. माध्यमिक शिक्षा

## २.१ वर्तमान अवस्था

- नेपालमा २०७२ सालमा नयाँ संविधान जारी भएको स्थिति र त्यसले देशमा बर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारको जातीय छुवाछुतको अन्त्य गर्ने घोषणा गरेको सन्दर्भ
- संविधानअनुसार देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको स्थिति
- संविधानले लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद स्थापना गर्न संकल्प गरेको स्थिति
- संविधानको मौलिक हक सम्वन्धी व्यवस्थाले गुणस्तरीय शिक्षामा सबैको समतामूलक समावेशी पहुँचको सिद्धान्तलाई अपनाएको र शिक्षालाई हरेक नागरिकको मौलिक अधिकार र राज्यको दायित्व बनाएको स्थिति
- संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ र प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक हुनेछ भनेर ग्यारेण्टी गरेको स्थिति
- संविधानको त्यही धाराले “अपांगता भएका, र आर्थिक रुपले बिपन्न नागरिकलाई” उच्च शिक्षा समेत निशुल्क हुने व्यवस्था गरेको छ । त्यस्तै, दलितको लागि पनि नेपालको संविधानको धारा ४० ले “प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निशुल्क” हुने व्यवस्था गरेको स्थिति
- संविधानको धारा ५१ ले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गने भनेर निर्देश गरेको स्थिति
- त्यही धाराले शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने भनेर निर्देश गरेको स्थिति

- एक ध्रुवीय विश्व चीनकेन्द्रित बहुध्रुवीयमा रुपान्तरित भइरहेको स्थिति
- विश्व आर्थिक शक्तिको केन्द्र अमेरिका र युरोपबाट चीन,  भारत, जापान र दक्षिण कोरियासहितको एसियामा स्थानान्तरण भइरहेको र चीन उदीयमान विश्व आर्थिक महाशक्तिका रुपमा उदाइरहेको स्थिति
- खुला बजार अर्थतन्त्रको वकालत गर्ने नवउदारवाद आक्रामकबाट रक्षात्मक अवस्थातिर गइरहेको स्थिति ।
- नवउदारवादको नेतृत्व गर्ने संयुक्त राज्य अमेरिका स्वयम् खुला बजार अर्थतन्त्रबाट पछि हट्दै राष्ट्रिय संरक्षणवाददतिर जान थालेको स्थिति
- लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजवाद र समाजवादउन्मुख  शिक्षाको स्थापना र विकासका लागि विश्वमा ज्यादै अनुकुल अवस्था बनिरहेको आजको स्थिति
- २००७ सालमा २ प्रतिशत रहेको राष्ट्रिय साक्षरता दर आज ८२ प्रतिशत पुगेको अवस्था
- २००७ सालमा केवल ११ वटा रहेको माध्यमिक विद्यालयको संख्या आज ९,४४७ वटा पुगेको अवस्था ।
- ६८ बर्षमा माध्यमिक विद्यालयको संख्यामा ८५९ गुणा बृध्दि
- २००७ सालमा १६८० रहेको विद्यार्थी संख्या आज १५ लाख ५५ हजार पुगेको अवस्था
- कक्षा १ मा खुद विद्यार्थी भर्ना दर ९७.२ पुगेको परिप्रेक्ष्यमा अव ३.८ प्रतिशत वालवालिकाहरु मात्र विद्यालयवाहिर रहेको अवस्था
- विद्यालय संख्या, विद्यार्थी संख्या, साक्षरता दर, विद्यालयमा खुद भर्ना दरमा संख्यात्मक रुपमा ठूलो फड्को मारे पनि विद्यालय शिक्षाको गुणस्तरमा त्यत्तिकै ठूलो प्रगति नभएको अवस्था । शिक्षण गुणस्तर झन् ओरालो लागेको अवस्था ।
- माध्यमिक  तह (कक्षा ९-१०) सम्म आइपुग्दा ३५ प्रतिशत र कक्षा ११-१२ मा आइपुग्दा ७८ प्रतिशत विद्यार्थीहरु विद्यालयवाहिर पर्न गएको अवस्था
- कक्षा १० मा विद्यार्थीको टिकाउ दर हरेक २ मा १ र कक्षा १२ मा टिकाउ दर हरेक ६ जनामा १ जना मात्र रहेको भयावह अवस्था ।
- विगत ६८ वर्षअघि जुन जुन समुदाय शिक्षाको पहुँचवाहिर थियो त्यही समुदाय आज पनि विद्यालय बाहिर रहेको अवस्था
- शिक्षाको पहुँचबाट बाहिर रहेका वालवालिकाहरुमध्ये पिछडा वर्गका ३० प्रतिशत र दलित समुदायका करिब २८ प्रतिशत रहेको अवस्था । दलितहरुमध्ये पनि तराइको दलितहरु ५१ प्रतिशत विद्यालय बाहिर रहेको चिन्ताजक अवस्था । अझ तराइका दलितमध्ये चिदिमार,मुसहर,डोम समुदायहरुका वालवालिकाहरुमध्ये १ प्रतिशत भन्दा कम मात्र विद्यालयमा भर्ना भएको अवस्था ।

## २.२ समस्या तथा मुद्दा, समाधानका लागि प्राप्त भएका सुझाव र थप सुझाव

| **देखिएका मुद्दा तथा समस्या** | **समाधानका लागि प्राप्त भएका सुझावहरू** | **थप सुझाव वा अव के गर्ने ?** |
|---|---|---|
| माध्यमिक शिक्षाको राष्ट्रिय उद्देश्य सम्बन्धमा | • माध्यमिक शिक्षाको राष्ट्रिय उद्देश्यमा नै परिवर्तन ।<br>• माध्यमिक शिक्षाले हरेक व्यक्तिमा निम्न कुराको विकास गर्ने :<br>• राष्ट्रप्रेम र विश्वबन्धुत्वको भावना<br>• विवेकशील, श्रमप्रेमी र समुदायप्रधान नैतिक चरित्र<br>• आफ र आफ्नो समुदायमा मानवमाथि मानवबाट हुने कुनै पनि प्रकारको शोषण, उत्पीडन, भेदभाव र अन्याय अन्त गर्न स्वयम् क्रियाशील हुने संस्कृति | |

| | | |
|---|---|---|
| | ● समालोचनात्मक/विवेचनात्मक र द्वन्द्वात्मक दृष्टिकोण । यसका लागि नेपालमै विकसित सांख्य दर्शन, वुध्द दर्शन, शैव दर्शन तथा समाजवादी दर्शनको न्युनतम ज्ञान<br>● आफ्नै उन्नतिका लागि आफै सिक्ने, ज्ञान प्राप्तिका लागि स्वयम् सक्रिय भएर जीवनभर सिकिरहने र सत्यको खोज गरिरहने प्रवृत्ति<br>● गणित, विज्ञान, सामाजिक अध्ययन, केही अन्तर्राष्ट्रिय/राष्ट्रिय र स्थानीय भाषाहरु, अत्याधुनिक प्रविधि तथा डिजीटल प्रविधिको ब्यवहारमुखी आधारभूत ज्ञान<br>● आफ्नो जीवनमा/समुदायमा समेत प्रयोगमा आइरहने केही स्वावलम्वी जीवनउपयोगी सीपहरु/सामाजिक सीपहरु र कम्तीमा एउटा रोजगारमूलक ब्यावसायिक सीप वा प्राविधिक बिषयको ज्ञान | |
| | ● आफ्नो वातावरण आफैले जोगाउने चेतना<br>● मानसिक र शारीरिक स्वस्थताका लागि ध्यानविधि, योग र शारीरिक अभ्यास सम्वन्धी न्युनतम ज्ञान<br>● हरेक व्यक्तिमा अन्तर्निहित क्षमता र प्रतिभाको पहिचान, प्रस्फुटन र विस्तार<br>● विविधताको सम्मान गर्ने स्वभाव | |
| शिक्षकको मुख्य भूमिका सम्वन्धमा दोषपूर्ण बुझाइ : शिक्षक मात्र जान्ने र शिक्षकसित मात्र ज्ञान हुने र त्यो ज्ञान शिक्षकले विद्यार्थीको दिलदिमागमा जम्मा गरिदिने भन्ने धारणा । यसबाट विद्यार्थीमा स्वयम्का लागि स्वयम्ले सिक्ने भन्ने धारणा नै पैदा नहुनु । | ● शिक्षकको मुख्य भूमिका नै परिवर्तन : शिक्षकको मुख्य भूमिका ज्ञानको सहजकर्ता र पथप्रदर्शकको रुपमा । शिक्षकको भूमिका विद्यार्थीमा सिकाइप्रति उत्प्रेरणा र इच्छा जगाउनु, सिक्नुको औचित्य र कारण प्रष्ट्याउनु र आफैले कसरी सिक्ने र खोज्ने भन्ने तरीका सिकाउनु हुने । | |
| मावि शिक्षाको गुणस्तरका लागि<br>गुणस्तरीय मावि शिक्षा केलाई भन्ने धारणामै समस्या । केवल अंग्रेजी राम्ररी बोल्नु/लेख्नु तथा गणित, विज्ञान, र डिजीटल प्रविधिमा अब्बल हुनुलाई मात्र गुणस्तरीय शिक्षाको रुपमा धेरै अभिभावकले बुझ्नु । | ● गुणस्तरीय माध्यमिक शिक्षाको परिभाषा र बुझाइमै आमूल परिवर्तन गर्नुपर्ने-अब गुणस्तरीय शिक्षा हुनका लागि अंग्रेजी, गणित विज्ञानमा मात्र अब्बल भएर मात्र नपुग्ने, त्यो शिक्षाले हरेक व्यक्तिमा देशप्रेमी, श्रमप्रेमी, विवेकशील र समुदायवादी नैतिक चरित्र निर्माण गरेको हुनुपर्ने । त्यसले हरेक विद्यार्थीलाई स्वावलम्वी, उत्पादनशील र सिर्जनशील स्वभावको बनाएको हुनुपर्ने । हरेक व्यक्तिमा आलोचनात्मक, ज्ञानको तिर्खायुक्त, अनुसन्धानमुखी र वैज्ञानिक दृष्टिकोण विकास गरेको हुनु पर्ने । | |

| | | |
|---|---|---|
| गुणस्तरीय माध्यमिक शिक्षाको परिभाषामा नैतिक चरित्र निर्माण, प्रवृत्ति निर्माण र सही दृष्टिकोण निर्माण तथा रोजगारमूलकताको पक्षमा अलमलिनु । | | |
| देशभरि बिषय शिक्षक दरवन्दीको चरम अभाव हुनु । देशका कुल माविमध्ये ७१ वटामा मात्र गणित, विज्ञान, अंग्रेजी तीनै बिषयका बिषय शिक्षक उपलब्ध हुनु । भएका शिक्षकमध्ये झण्डै एकतिहाइ भन्दा ज्यादा गुणस्तरीय र पढाउनका लागि उत्प्रेरित नै नभएको अवस्था हुनु । गुणस्तरीय शिक्षक नभइ गुणस्तरीय शिक्षा सम्भव नै नहुनु । | ● दरबन्दी मिलान कार्यदलको सुझावबमोजिम शिक्षक दरबन्दी सिर्जना गर्ने ।<br>● कुनै पनि खर्चमा आगामी पाँच बर्षभित्रमा नेपाल भरिका तमाम माध्यमिक विद्यालयमा योग्य, दक्ष र उत्प्रेरित बिषय शिक्षकको दरबन्दी प्रदान गर्ने ।<br>● बढीमा सात बर्षभित्र देशभरिका सबै नयाँ शिक्षकलाई तालिम प्राप्त बनाइसक्ने, पुराना शिक्षकको तालिमलाई पुनताजगीकरण गरिसक्ने<br>● अबदेखि हरेक दुई-दुई बर्षमा तालिम प्राप्त शिक्षकलाई डेढ महीनाको पुनतार्जगीकरण तालिम दिने ब्यवस्था गर्ने<br>● पढाउने उत्प्रेरणा नभएका, दक्षता र योग्यता नभएका शिक्षकलाई सम्मानजनक विदाइ दिनका लागि एक पटकको लागि दुई बर्षभित्र निवृत्त हुन दुई बर्षको समय अवधि बाँकी भएका शिक्षक बाहेक देशभरिका सबै लाइसेन्सप्राप्त तथा स्थायी शिक्षकले पुनर्योग्यता परीक्षा दिन अनिवार्य बनाउने । त्यस परीक्षामा ६० वा त्यो भन्दा ज्यादा अंक ल्याएपछि मात्र उत्तीर्ण हुने व्यवस्था गर्ने ।<br>● पुनर्योग्यता परीक्षामा नगएर निवृत्त हुन चाहने शिक्षकको लागि कार्यावधि पुगेको भए वा पुग्न तीन बर्ष बाँकी भए त्यो अवधि थपेर निवृत्तिभरण र नपुगेको भए आकर्षक सुनौलो उपदानको समेत ब्यवस्था गर्ने ।<br>● त्यो विकल्पमा नगएर पुनपर्रीक्षामा सामेल भएमा त्यसमा अनुत्तीर्ण हुनेलाई निवृत्ति भरण सुविधा नभएर सामान्य उपदान दिएर सम्मानजनक विदाइ गर्ने ब्यवस्था गर्ने । सामान्य उपदान सुविधा भन्दा सुनौलो उपदान बढीमा १० प्रतिशतले बढी हुने व्यवस्था गर्ने ।<br>● हरेक ५ बर्षमा सरुवा हुने व्यवस्था गर्ने<br>● अबउप्रान्त ज्ञान र सीपको पुनर्ताजगीकरणका लागि हरेक पाँच-पाँच बर्षको अवधिमा लाइसेन्स नवीकरण परीक्षा दिनुपर्ने प्रवन्ध गर्ने ।<br>● शिक्षक लाइसेन्स प्राप्त गर्न एक बर्षे शिक्षक तालिम अनिवार्य गर्ने ।<br>● कुनै पनि बिषयमा सि र डि ग्रेड ल्याएका व्यक्तिलाई | |

| | | |
|---|---|---|
| | शिक्षा बिषयको पढाइको लागि उपयुक्त ठहऱ्याउने बर्तमान व्यवस्था खारेज गर्ने ।<br>● अस्थायी स्थायी सबै परीक्षामा आवश्यक ज्ञान र उत्प्रेरणा स्तर जाँच्न लिखित परीक्षा, तथा अन्तर्वार्ता र तालिमको उपयोग र शिक्षण दक्षता जाँच्न व्यावहारिक शिक्षण सीप प्रदर्शन पनि अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था गर्ने । | |
| सबैभन्दा तेज र मेधावी व्यक्तिहरु शिक्षण पेशामा आकर्षित नभएको अवस्था । अन्य पेशामा अयोग्य ठहरिएका मात्र शिक्षकमा योग्य हुने अवस्था । | ● अबदेखि समाजका सबैभन्दा मेधावी र हरेक बिषयका अब्बल व्यक्ति मात्र शिक्षक पेशामा । यसका लागि अबदेखि कुनै पनि माध्यमिक विद्यालयमा शिक्षक हुनको लागि अनिवार्य रुपमा कम्तीमा कुनै पनि सम्वन्धित बिषयमा मास्टर्स डिग्रीमा प्रथम श्रेणि अथवा बी प्लस वा सोभन्दा माथिको ग्रेड गरेको हुनुपर्ने<br>● त्यस्ता शिक्षकलाई प्रधानाध्यापकले शिक्षक छनोट गरेर बढीमा दुई बर्षको लागि सिधै करारमा अस्थायी नियुक्ति दिनसक्ने व्यवस्था गर्ने ।<br>● शिक्षकको तलबमान र अन्य सुविधा हालको मावि शिक्षक भन्दा १० प्रतिशत ज्यादा बनाउने ।<br>● माध्यमिक शिक्षकको मर्यादाक्रम शुरुमै निजामती तर्फको शाखा अधिकृत सरह बनाउने र सो तहबाट पदोन्नति हुँदै प्रथम श्रेणीसरहसम्म पदोन्नति भएर जानसक्ने व्यवस्था गर्ने<br>● बिभिन्न बिषयका मेधावी व्यक्तिहरु शिक्षक हुन आउने वातावरण विकास गर्ने ।<br>● शिक्षकको राहत, अनुदान लगायत १७ थरि दरवन्दी ब्यवस्था खारेज गर्ने । शिक्षकको दरवन्दी दुई थरि मात्र हुने व्यवस्था गर्ने : एक स्थायी र अर्को अस्थायी करार ।<br>● स्थायी शिक्षकले शिक्षणमा जे जस्तो लापर्वाही र बेथिति गरे पनि सधैँभरिलाई स्थायी भन्ने परिपाटीले शिक्षाको गुणस्तरमा ठूलो विकृति ल्याएकाले यो प्रथालाई अन्त्य गर्ने नीति अवलम्वन गर्ने । | |
| सामुदायिक माविका प्रधानाध्यापक निरीह र अधिकार कम हुनु, तलब भत्ता सुविधा पनि आकर्षक र उत्प्रेरक खालको नहुनु । | ● अबदेखि र अलग दरवन्दीको रुपमा हरेक सामुदायिक विद्यालयमा योग्य, व्यवस्थापन क्षमतामा दक्ष र प्रशासन चलाउन सक्षम अधिकार सम्पन्न प्रधानाध्यापक नियुक्त गर्ने नीति अवलम्वन गर्ने<br>● प्रअलाई स्थानीय तहले स्थायी नियुक्ति दिँदा उनलाइ पाँच बर्षको लागि विद्यालय सुधार योजना प्रस्तुत गर्न लगाएर सुस्पष्ट कार्ययोजना र कार्यादेशका आधारमा पर्याप्त व्यवस्थापकीय अधिकार दिएर नियुक्ति दिने व्यवस्था गर्ने । | |

| | | |
|---|---|---|
| | ● प्रअ पदमा योग्य हुनका लागि कुनै पनि बिषयमा प्रथम श्रेणीमा स्नातकोत्तर डिग्रीका साथसाथै व्यवस्थापन बिषयमा समेत डिग्री वा ६ महिने तालिम हासिल गरेको हुनुपर्ने, र कम्तीमा पाँच बर्षको माध्यमिक शिक्षकको अनुभव समेत हुनुपर्ने<br>● प्रअलाई निम्न अधिकार प्रदान गर्ने :<br>▪ गुणस्तरीय शिक्षण गर्ने कुनै पनि शिक्षकलाई पुरस्कृत गर्ने र नराम्रो शिक्षण गर्ने, जिम्मेवारी पालना नगर्ने वा अनुशासनहीन व्यवहार गर्ने शिक्षकलाई दण्डित गर्ने अधिकार प्रदान गर्ने ।<br>▪ पुरस्कृत गर्ने अधिकार अन्तर्गत मूर्त र पारदर्शी कार्यसम्पादन मूल्याङ्कनका आधारमा राम्रो र नियमित शिक्षण गरेका तथा परीक्षामा राम्रो नतिजा निकालेका शिक्षकको लागि बर्ष शिक्षक घोषणा गरेर सम्मान दिने, सार्वजनिक समारोहमा अन्य विशेष सम्मान दिने, दुई ग्रेडसम्म थप गर्ने, नगद पुरस्कार दिने, विदेशमा विशेष तालिम लिने वा योग्यता अझ बढाउन तलवी बिदामा अध्ययनमा पठाउने सम्मको दिने अधिकार प्रदान गर्ने<br>● दण्डित गर्ने अधिकार अन्तर्गत शिक्षणमा लापर्वाही गरेका, राम्रो परिणाम प्रदर्शित नगरेका वा अनुशासन वा मर्यादाहीन व्यवहार गरेका शिक्षकलाई चेतावनी दिने, एक पटकसम्म सुधिन अवसर दिने, ग्रेड बृध्दि रोक्का गर्ने वा निलम्वन वा निष्काशनलागि स्थानीय सरकार र विद्यालय सहयोग समितिलाई सिफारीश गर्ने अधिकार कानुनतः प्रदान गर्ने ।<br>● प्रअ पदको मर्यादा क्रम र तलबमान प्रारम्भमै निजामती कर्मचारीको प्राविधिक तर्फको उपसचिब सरह हुने व्यवस्था गर्ने । उनको प्रअ भत्ता तलबमानको १५ प्रतिशत ज्यादा हुने व्यवस्था गर्ने।<br>● प्रअको पदोन्नति र वृत्ति विकासको लागि उदाहरणीय विद्यालय व्यवस्थापन र शिक्षण उपलब्धि हासिल गरेका प्रअको लागि तहगत रुपमा बिशिष्ट श्रेणीसम्म बढुवा हुने, वर्षको उत्कृष्ट प्रअको सम्मान प्रदान गर्ने, एक तह पदोन्नतिसहित अन्यत्र विद्यालयमा जाने, प्रदेश तहको वा सङ्घ तहको शिक्षा मन्त्रालयमा प्रशासनिक पदमा जाने समेत अवसर खुला गर्ने ।<br>● स्थानीय सरकारले तोकिएको शिक्षाविद वा अधिकारीमार्फत प्रधानाध्यापकले कार्ययोजना र कार्यादेश पुरा गरेको वा नगरेको कुराको हरेक बर्ष | |

| | | |
|---|---|---|
| | नियमित रुपमा अनुगमन र सुपरिवेक्षण गर्ने व्यवस्था गर्ने । कार्यादेश र कार्ययोजना पुरा नगरेमा एकपटकको निम्ति सुधार्ने मौका दिएर नसुध्रेमा अर्को पटक सरुवा गर्ने वा प्रअ पदबाट मुक्त गर्नसक्ने । | |
| गुणस्तरीय शिक्षक हुनका लागि शिक्षक तालिम गुणस्तरीय र प्रभावकारी हुनुपर्ने तर व्यवहारमा त्यो त्यस्तो नभइरहेको अवस्था । शिक्षा मन्त्रालयले दिएको तालिम प्रभावकारी र व्यवहारमा प्रयोगमा नआएको अवस्था | ● शिक्षक र प्रअको गुणस्तरीय तालिमको लागि स्वतन्त्र र स्वायत्त प्राज्ञिक शैक्षिक संकायको व्यवस्था<br>● उत्प्रेरित र योग्य बिषय शिक्षक तथा प्रअलाई तालिम दिने प्रयोजनको लागि सघीय तथा प्रादेशिक तथा विश्वविद्यालयमा बिशेष शिक्षा संकाय तथा शिक्षा बिषयको महाविद्यालय वा विश्वविद्यालय स्थापना तथा सञ्चालन गर्ने नीतिगत व्यवस्था गर्ने।<br>● तालिम दिने प्राज्ञिक संकायले तालिमको प्रयोग व्यवहारिक कक्षामा के कसरी भइरहेको छ भन्ने सम्वन्धमा हरेक बर्षमा कम्तीमा दुई पटक अनिवार्य रुपमा अनुगमन र सुपरिवेक्षण गर्नुपर्ने र कुनै अर्को योग्यता प्राप्त संस्थालाई समेत मूल्याङ्कन सुपरिवेक्षण गराउने बाध्यात्मक व्यवस्था कानुनमार्फत गर्ने ।<br>● शिक्षा मन्त्रालयअन्तर्गतको शिक्षक तालिम केन्द्र खारेज गर्ने | |
| शिक्षक सेवा आयोग यथार्थमा स्वतन्त्र, स्वायत्त र शक्तिशाली नभएको अवस्था | योग्य शिक्षक छनोटको लागि स्वायत्त र स्वतन्त्र शिक्षक सेवा आयोग सम्वन्धी व्यवस्था :<br>● शिक्षक छनोटका लागि परीक्षाको सञ्चालन अब उप्रान्त स्वायत्त, स्वतन्त्र र शक्तिशाली संवैधानिक वा कानुनी मान्यता प्राप्त आयोगका रुपमा संघीय शिक्षक सेवा आयोगले गर्ने कानुनी प्रवन्ध गर्ने<br>● अबदेखि शिक्षा सेवा आयोगलाई शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयअन्तर्गत नराख्ने व्यवस्था गर्ने । | |
| विद्यालयमा अति दलीय राजनीतिकरणले विद्यालय शिक्षाको गुणस्तरमा गम्भीर नकारात्मक असर पारेको अवस्था | शिक्षकले विद्यालयमा दलगत राजनीति गर्न प्रतिवन्ध : कुनै पनि विद्यालय शिक्षकले अबउप्रान्त कुनै पनि राजनीतिक दलको पार्टी सदस्य तथा समिति पदाधिकारी हुन नपाउने, भएमा शिक्षक पद बाँकी नरहने कानुनी व्यवस्था गर्ने । | |
| शिक्षक स्वयम् र सरकारी ढुकुटीबाट तलब सुविधा खाने व्यक्तिले नै सामुदायिक विद्यालयमा आफ्ना सन्तान नपढाउने विरोधाभासपूर्ण अवस्था | ● शिक्षक स्वयम्ले तुरुन्तै र र सरकारी ढुकुटीबाट तलब सुविधा खाने हरेक व्यक्तिले र राजनैतिक दलका नेता कार्यकर्ताले अबको एक बर्षपछिदेखि अनिवार्य रुपमा सामुदायिक विद्यालयमा नै आफ्ना सन्तान पढाउनु पर्ने बाध्यकारी कानुनी अवस्था | |
| विद्यालयको सेवा क्षेत्रको कुनै सीमाङ्कन नै नरहेकोले जसले जहाँ पनि र जति टाढा पनि आफ्ना सन्तान पढ्न | ● विद्यालय सेवा क्षेत्रको सीमाङ्कन गरी सेवा क्षेत्र तोक्ने विद्यालयको सेवा क्षेत्रको सीमाङ्कन भित्रभन्दा अन्यत्र आफ्ना सन्तान पढाउन नपाउने बाध्यकारी कानुनी व्यवस्था गर्ने । | |

| | | |
|---|---|---|
| पठाइरहेको अराजक अवस्था । त्यसले नजिकैको सामुदायिक वा अन्य विद्यालय धराशायी हुने र सरकारी लगानी खेर जाने अवस्था । | | |
| ***विद्यालयमा पहुँचको समस्या*** भौगोलिक सेवा क्षेत्रको नक्साङ्कन बिना हचुवामा विद्यालय वितरणले कतै ढोकैमा दर्जनौ विद्यालय कतै विद्यालय पुग्न बालबालिकाले दुई तीन घण्टा हरेक दिन हिँड्नु पर्ने अवस्था । कतै विद्यालयमा शिक्षकभन्दा विद्यार्थी थोरै भएको समेत अवस्था । कतै शिक्षक विद्यार्थी अनुपात १ : १५ भन्दा पनि कम भएको अवस्था | ● अबदेखि भूगोल, जनसंख्याा, विद्यार्थी संख्या र अन्य आवश्यक सूचकमा आधारित भएर नक्साङ्कन पुनर्नक्साङ्कन गरेर हरेक विद्यालयको सेवा क्षेत्रको सीमा निर्धारणका आधारमा मात्र विद्यालय वितरण तथा पुर्नवितरण गर्ने नयाँ नीति लागू गर्ने ।<br>● अबको तीन बर्षभित्र हरेक स्थानमा बढीमा आधा घण्टा हिँडेपछि वा गाडीमा १५ मिनेट यात्रा गरेपछि माध्यमिक विद्यालय पुग्ने ब्यवस्था गर्ने ।<br>● सामान्यत: कम्तीमा हरेक पाँच सय विद्यार्थीको लागि एउटा माध्यमिक विद्यालयको व्यवस्था गर्ने । बिकट भौगोलिक स्थानका लागि हरेक दुई सय पचास विद्यार्थीका लागि एउटा माध्यमिक विद्यालय हुनसक्ने व्यवस्था गर्ने<br>● जहाँ विद्यार्थी २५० भन्दा पनि निकै थोरै हुन्छन् वा शिक्षक विद्यार्थी अनुपात १ : १५ भन्दा थोरै हुन्छ त्यहाँ विशेष स्थितिको मूल्याङ्कनका आधारमा विद्यालयहरु गाभेर आगामी तीन बर्षभित्र आवासीय माध्यमिक विद्यालयको व्यवस्था गर्ने ।<br>● त्यस्तो विकट स्थानमा आवासीय विद्यालय स्थापना नभएसम्म शिक्षामा विद्यार्थीको पहुँच सुनिश्चित गर्नका लागि योग्य र गुणस्तरीय बिषय शिक्षकको रोस्टर निर्माण गरेर समुदायमै बहुकक्षा पढाउने घुम्ती शिक्षक पठाउने कानुनी व्यवस्था गर्ने । साथै दक्ष शिक्षकद्वारा तीब्र गतिको इन्टरनेटमा आधारित दूरभिडिओ (Virtual) शिक्षणको समेत व्यवस्था गर्ने । शिक्षाको उज्यालोबाट कोही पनि बञ्चित हुन नपरोस् भन्ने कुराको सुनिश्चितता गर्ने<br>● नक्साङ्कनका आधारमा ढोकैपिच्छे आवश्यकताभन्दा ज्यादा माध्यमिक विद्यालय भएको सुगम शहरी क्षेत्रमा बढीमा आधा घण्टाभन्दा ज्यादा सवारी दुरी नहुने गरी आधुनिक यातायातको व्यवस्था गरेर विद्यालय सङ्ख्या घटाउने र हरेक विद्यालयमा विद्यार्थी संख्या कम्तीमा हजारभन्दा धेरै बनाउने नयाँ नीति अवलम्वन गर्ने । यसबाट बचत हुने पैसा विद्यालय नभएको स्थानमा लगाउने नीति अवलम्वन गर्ने । | |
| गुणस्तरीय शिक्षामा दलित, महिला, पिछडा वर्ग र सीमान्तीकृत समुदायका | यो समस्या समाधान गर्न पाँचवटा कार्यक्रम सञ्चालन गर्ने : | |

| | | |
|---|---|---|
| बालबालिकाको पहुँच ज्यादै कम हुनु | • एक, लक्षित समुह गरिवी निवारण तथा रोजगारी सिर्जना कार्यक्रम<br>• रोजगारीमूलक व्यवसायिक शिक्षा कार्यक्रम<br>• दिवा खाजा, पोशाक र स्टेशनरी प्रदान कार्यक्रम<br>• अभिभावक शिक्षा तथा सांस्कृतिक जागरण कार्यक्रम<br>• छात्रवृत्तिको व्यवस्था | |
| बिगत एक दशकअघि कक्षा १ मा भर्ना भएका करिब १४ लाख विद्यार्थीमध्ये करिब ९ लाख विद्यार्थी एस.एस.सी तहमा पुग्दा विद्यालयबाट गायब हुनु । कक्षा छाड्ने दोहोऱ्याउने र अनुपस्थित हुने दर निकै उच्च हुनु । | • यसको मूल कारणमा गरिवी, बालविवाह, छुवाछुत, शिक्षण सिकाइप्रति विकर्षण, जातीय विभेद र भाषिक समस्या आदि रहेकाले यसका लागि पनि माथिकै समाधानको उपाय अवलम्वन गर्ने । साथै चार कक्षासम्म मातृ भाषामा शिक्षाको नीति अवलम्वन गर्ने । त्यसपछि पनि सरकारी लगानीमा स्थानीय मातृभाषाको अध्ययन गर्ने कानुनी व्यवस्था गर्ने<br>• कक्षामा पछि परेका बालबालिका र विशेष क्षमताका बालबालिकाको लागि विद्यालयले बिशेष कक्षाको प्रवन्ध गर्ने | |
| निशुल्क भनिएको आधारभूत र मावि तहको शिक्षा यथार्थमा निशुल्क नहुनु । कुनै न कुनै शीर्षकमा शुल्क लिइनु । | • राष्ट्रिय बजेटको कम्तिमा २५ प्रतिशत र कुल गार्हस्थ्य उत्पादनको कम्तीमा ८ प्रतिशत शिक्षा क्षेत्रका छुट्टयाउने नीति संघीय सरकारले अवलम्वन गर्ने<br>• स्थानीय सरकारले पनि आफ्नो बजेटको कम्तीमा २० प्रतिशत अंश शिक्षाको लागि विनियोजन गर्ने<br>• आवश्यकता बमोजिम बिषय शिक्षक दरबन्दीको व्यवस्था, न्यूनतम भौतिक पूर्वाधारहरुको व्यवस्था, सूचना प्रविधिको उपलब्धता, पुस्तकालय, शिक्षण सिकाइ सामग्रीहरुको व्यवस्था, दिवा खाजाको प्रवन्ध गर्ने<br>• मावि तहसम्मको शिक्षालाई नि:शुल्क बनाउनको लागि आवश्यक सबै खर्चको सहज प्रवन्धका निम्ति आर्थिक स्रोतका रुपमा निम्न व्यवस्था गर्ने :<br>▪ विलासिताका ५ वटा सामानहरु (सवारी साधन, मदिरा, बियर, चुरोट, र सौन्दर्य प्रशोधनका वस्तुहरूमा भन्सार विन्दुमा र उत्पादन विन्दुमा थप ५ प्रतिशत गुणस्तरीय शिक्षा कर लगाउने ।<br>▪ त्यसैगरी मूल्य अभिवृध्दि करमा १ प्रतिशत थप शिक्षा कर लगाउने ।<br>▪ सेना र सशस्त्र प्रहरीको संख्या घटाउने । त्यसको बचत गुणस्तरीय शिक्षक संख्या बढाउनमा लगाउने । एक सैनिक वा सशस्त्र प्रहरीको संख्या घट्दा गुणस्तरीय दुई शिक्षक | |

| | | |
|---|---|---|
| | थप हुन सम्भव हुन्छ ।<br>▪ आगामी १५ बर्षपछि मावि तहको निशुल्क शिक्षालाई अनिवार्य समेत बनाउने | |
| ***विद्यालयमा सुशासनका लागि***<br>सार्वजनिक माध्यमिक विद्यालयको आयव्यय र सुशासन चुस्त दुरुस्त र पारदर्शी नहनु | ● सामुदायिक विद्यालयहरुको वार्षिक लेखापरीक्षण महालेखा परीक्षकको विभागवाट गर्ने अनिवार्य व्यवस्था गर्ने ।<br>● स्थानीय सरकारले सामाजिक लेखापरीक्षणको प्रतिवेदन तत्काल कार्यान्वयन गराउने व्यवस्था गर्ने । | |
| ***संरचनागत सुधारका लागि***<br>धेरै विद्यालय व्यवस्थापन समिति प्रभावकारी नहनु । यसमा पनि राजनीतिकरण हुनु | ● विद्यालय व्यवस्थापन समितिको नाम विद्यालय सहयोग समिति राख्ने । यसको अध्यक्ष छनौट प्रक्रिया देहाय बमोजिम हुने :<br>▪ प्रधानाध्यापकले ३ जनाको नाम सिफारिस गरी स्थानीय सरकारसमक्ष पठाउने र स्थानीय सरकारले मनोनयन गर्ने व्यवस्था गर्ने ।<br>▪ विद्यालय सहयोग समितिको अध्यक्षको लागि पहिलो प्राथमिकता विद्यालयका संस्थापक वा संस्थापक परिवार मध्येवाट, दोस्रो प्राथमिकता अभिभावक र तेस्रो प्राथमिकता शिक्षा प्रेमीहरुमध्येबाट गर्ने<br>▪ विद्यालय सहयोग समिति ठूलो नबनाउने, केवल ७ जनाको गर्ने । यसमा एक जना अध्यक्ष, प्रअ सदस्य सचिव र एकजना वडा प्रतिनिधि अन्य चार जनामा एक जना संस्थापक परिवार, अभिभावक र शिक्षाप्रेमी शिक्षाविदबाट ३ जना राख्ने कार्य सामुदायिक भेलाले हरेक दुई बर्षमा गर्ने । समितिलाई सामुदायिक बनोटको आधारमा हरेक कोणबाट समानुपातिक समावेशी बनाउने कार्य समेत गरिएको हुनुपर्ने ।<br>▪ विद्यालय सहयोग समिति समुदायको प्रतिनिधिको रुपमा रहने व्यवस्था गर्ने | |
| ***नाफामूलक र गैरनाफामूलक निजी विद्यालयलाई नियमन गर्दै संविधान बमोजिम सेवामूलक बनाउनका लागि***<br>निशुल्क शिक्षाको मौलिक हक सँग सामञ्जस्य हुने गरी निजी विद्यालय सम्वन्धी सुस्पष्ट नीति नहुनु । निजी विद्यालयको नियमन र व्यवस्थापन ठीकसित नहुनु | ● नाफाको ब्यक्तिगत वितरणका आधारमा चलेका सबै निजी विद्यालयहरुलाई संविधानको मौलिक हकको र निर्देशक सिध्दान्तको मार्गदर्शन बमोजिम नियमन र व्यवस्थापन गर्दै सेवामूलकमा रुपान्तरित गर्न ३ वर्षको अवधि दिएर २ वटा विकल्पहरु दिने ।<br>● पहिलो विकल्प, गैरनाफामूलक सामुदायिक ट्रस्ट र निजी ट्रस्टमा जाने । त्यसो गर्दा उनीहरुले पनि ५० प्रतिशत सीट निशुल्क शिक्षाको लागि छुट्ट्याउनु पर्ने । त्यसमध्ये २५ प्रतिशत आफ्नो खर्चमा निःशुल्क गर्नुपर्ने र २५ प्रतिशतको लागि सरकारले अनुदान दिने ।<br>● यसो गर्ने निजी क्षेत्रका विद्यालयलाई शिक्षक तालिम | |

| | | |
|---|---|---|
| | सुविधा, छात्रवृत्ति सुविधा, सम्पत्ति र आयकरमा छुट, विद्यालयको सम्पत्ति र गाडी खरिदमा कर छुट दिने ।<br>● परन्तु उनीहरुले शिक्षक कर्मचारीलाई दिई रहेको तलब र अन्य सुविधा, पाठ्यक्रम र पाठयवस्तु, आर्थिक कारोवारको पारदर्शिता, दिइरहेको छात्रवृत्ति, शिक्षणको गुणस्तर, न्युनतम भौतिक पूर्वाधारको बर्षमा कम्तीमा दुई पटक अनुगमन र सुपरिवेक्षण तथा नियमन न्स्थानीय तहले गर्ने ।<br>● दोस्रो विकल्प, नाफामूलक निजी लगानी कानुनतः खुला भएको उच्च शिक्षामा वा पूर्व प्राथमिक शिक्षामा जान सक्ने विकल्प प्रदान गर्ने ।<br>● यसो गरिएमा पनि माथि उल्लेख भएबमोजिम उनीहरुको नियमित अनुगमन र नियमन हुने । साथै त्यस्ता नाफामूलक विद्यालयलाई कम्पनी सरह आयकर र सम्पत्ति कर लाग्ने । | |
| **धार्मिक विद्यालयको नियमन, ब्यवस्थापन र सहजीकरणका लागि**<br>धार्मिक विद्यालयहरुलाई नियमन, सहजीकरण र मूलप्रवाहीकरण गर्न पर्याप्त नीति र संयन्त्रको अभाव | ● धार्मिक विद्यालयहरुलाई नियमन, सहजीकरण र मूलप्रवाहीकरण गर्नका लागि देहाय बमोजिमको नीति र संयन्त्रको ब्यवस्था गर्ने :<br>▪ नियमन र सहजीकरणका लागि एकीकृत धार्मिक शिक्षा बोर्ड गठन गर्ने । त्यसअन्तर्गत मदरसा, गोन्पा र गुरुकुल शिक्षा परिषदहरू संघ र प्रदेश तहमा गठन गर्ने ।<br>▪ स्थानीय तहमा पनि मदरसा, गोन्पा र गुरुकुल शिक्षा समिति गठन गर्ने । किरात समुदायको मुन्धुम शिक्षाका लागि पनि यही नीति लागू गर्ने ।<br>▪ सो बोर्डले सम्बन्धित धार्मिक शिक्षाको मूलप्रवाहीकरण र गुणस्तरीयताको लागि सबै तहको धार्मिक शिक्षाको मापदण्डहरु निर्धारण गर्ने, पाठ्यक्रम निर्माण र परिमार्जन गर्न सम्बन्धित मन्त्रालयलाई सिफारिस गर्ने ।<br>▪ स्वीकृत पाठ्यक्रमअनुसार धार्मिक विद्यालयबाट प्रदत्त प्रमाणपत्रहरुलाई समकक्षता प्रदान गर्ने ।<br>▪ साथै सम्बन्धित विषयमा नेपालका र विश्वका विश्वविद्यालयमा उच्च शिक्षामा अध्ययन गर्न जानका लागि समकक्षतासहित अन्य समन्वय र सहजीकरण कार्य गरिदिने ।<br>▪ मूल प्रवाहीकरण कार्यक्रमअनुसार थप्नुपर्ने विषयमा विषय शिक्षकको लागि एकमुष्ठ अनुदानको वा शिक्षकको व्यवस्था गर्ने ।<br>▪ धार्मिक शिक्षा सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने, समन्वय गर्ने तथा अन्य आवश्यक नीतिगत सुझावहरु नेपाल सरकारलाई दिने | |

| | | |
|---|---|---|
| | व्यवस्था गर्ने । | |
| **स्वावलम्वी, ब्यावसायिक र प्राविधिक शिक्षाको उचित व्यवस्थापनका लागि**<br>हालको हाम्रो माध्यमिक शिक्षा रोजगारमूलक,स्वावलम्वी, ब्यावसायिक नहुनु र प्राविधिक हिसाबले निकै कमजोर हुनु | ● अबदेखि माध्यमिक शिक्षा उत्तीर्ण गर्ने हरेक व्यक्तिले जीवनउपयोगी स्वावलम्वी सीपहरु सिकिसकेको हुने व्यवस्था पाठ्यक्रममा गर्ने :<br>● समुदायसित सामाजिक सम्वाद गर्ने सिप, समूहमा बोल्ने तथा प्रस्तुतीकरणको सीप, समूहमा मिलेर काम गर्ने सीप, तनाव व्यवस्थापन सीप, आत्मरक्षाको सीप, सामान्य प्लम्बिङ, सामान्य विद्युत जडान, करेसाबारी खेती, खाना पकाउने, सामान्य सिलाइ, नक्सा बनाउने र पढ्ने, ट्राफिक नियम पालना गरेर हिँड्ने र बाहन चलाउने,  पौडी खेल्ने, रुख र पहाड चढ्ने सीप ।<br>● अबदेखि कक्षा ९ देखि शिक्षाको तीनवटा धार छुट्टिने:<br>■ एक, उच्च शिक्षाको तयारीको लागि बिशेष सामान्य शिक्षाको धार,<br>■ दुई, पेशामुलक व्यावसायिक शिक्षाको धार<br>■ तीन, प्राविधिक शिक्षाको धार ।<br>● सामान्य शिक्षाको धार र पेशामुखी ब्यावसायिक शिक्षाको धारको कक्षा सामान्य माध्यमिक विद्यालयमा समेत हुने ।<br>● प्राविधिक शिक्षाको सिभिल र मेकानिकल इन्जीनियरिङ बाहेकको हल्का प्राविधिक शिक्षा पनि सामान्य विद्यालयमा नै हुनसक्ने नीति लिने ।<br>● तर सिभिल र मेकानिकल इन्जीनियरिङ लगायत गह्रौं र ज्यादा भार भएका प्राविधिक शिक्षा चाहिँ साधन सम्पन्न पोलिटेक्निकल इनस्टिच्युटमा साधन सम्पन्न नमुना माविमा कक्षा ११ देखि मात्र गर्न थाल्ने नीति लिने ।<br>● मावि तहमा विशेष प्राविधिक र व्यावसायिक शिक्षाको लागि दुई तीनवटा सामान्य माविको बिचमा हरेक स्थानीय तहमा आउँदो ५ बर्षभित्र साधन सम्पन्न र अत्याधुनिक पोलिटेक्निकल इन्स्टिच्युट स्थापना गर्ने ।<br>● शिक्षा मन्त्रालयबाट निःशुल्क र सिटिइभिटीबाट महँगो शुल्कसहितको प्राविधिक र व्यावसायिक शिक्षा चलाइ आएकोमा यो दोहोरो संयन्त्र अन्त गर्ने । दुबैलाई समायोजन गरेर र सिटिइभिटीलाई पुनसंगठित गरेर एउटै पाठ्यक्रम, एउटै परीक्षा प्रणाली र एउटै गुणस्तरको केवल एउटा मात्र निशुल्क प्राविधिक र व्यावसायिक शिक्षाको थालनी गर्ने ।<br>● आर्थिक चलखेलको ब्यापक गुनासो आइरहेकाले सिटिइभिटीबाट निजी क्षेत्रलाई सम्बन्धनको श्रृङ्खला बन्द गर्ने । अबदेखि नेपाल सरकारले नै व्यावसायिक र प्राविधिक शिक्षामा भारी लगानी गर्न प्रारम्भ गर्ने ।<br>● प्राविधिक शिक्षाको लागि मुख्य अभाव दक्ष | |

| | | |
|---|---|---|
| | प्रशिक्षकको भएकाले देशको सातवटै प्रदेश र केही थप स्थानमा समेत दक्ष प्रशिक्षकको उत्पादनको कार्य तुरुन्त प्रारम्भ गर्ने ।<br>● प्राविधिक र व्यावसायिक शिक्षा सम्वन्धी विस्तृत योजना र नीति यस सम्वन्धी विषयगत समितिले प्रस्तुत गरेबमोजिम गर्ने । | |
| ***समावेशी भाषिक नीतिका लागि*** | ● मातृभाषामा प्राथमिक र आधारभूत शिक्षा प्राप्त गर्ने अधिकार संविधानले नै सुनिश्चित गरिसकेको परिप्रेक्ष्यमा ती कक्षामा शिक्षणको माध्यम भाषा स्थानीय मातृभाषा नै हुने ।<br>● अबदेखि कक्षा ९ देखि १२ सम्म अंग्रेजी, नेपाली भाषा र स्थानीय मातृभाषाहरु र संस्कृत भाषा बिषयको औपचारिक पढाइ हरेक प्रकारको माध्यमिक विद्यालयमा गर्ने नीति अवलम्वन गर्ने ।<br>● सबै भाषा लगायत स्थानीय मातृभाषाको शिक्षक, पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य शैक्षिक सामग्री उपलब्ध गर्न राज्यले लगानी गर्ने र जिम्मेवारी लिने नीति अवलम्वन गर्ने ।<br>● पाठ्यक्रममा भाषाको विकल्पमा अन्य बिषय नराखी भाषा नै राख्ने नीति अवलम्वन गर्ने । | |
| पाठ्यक्रममा आधारित नभएर पाठ्यपुस्तकमा आधारित शिक्षण हुनु । जसबाट सृजनात्मकता र विश्लेषणात्मक चिन्तन विकास नहुन<br><br>धेरैजसो विद्यालयमा घोकाइमा आधारित शिक्षण विधि र परीक्षा प्रणाली हुनु । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई स्वत पास गर्ने भन्ने बुझाइ हुनु | ● हरेक विषयमा रैथानेदेखि अत्याधुनिक प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गर्ने ।<br>● अबदेखि आम रुपमा सबै माविमा शिक्षण विधि र परीक्षा प्रणालीको रुपमा प्रोजेक्ट वर्क, ग्रुप वर्क, सेमिनार विधि, विद्यार्थी स्वयम्ले समुदायमा खोजेर निबन्ध लेख्ने विधि, एकल वा सामुहिक प्रस्तुतिकरण जस्ता विद्यार्थी स्वयम्लाई सक्रिय सिकाइमा संलग्न गने विधि अवलम्बन गर्ने । यसैका आधारमा अङ्क दिने शिक्षण र परीक्षा प्रणाली लागू गर्ने ।<br>● शिक्षण सिकाइ क्रियाकलाप पाठ्यक्रममा आधारित भएर गर्नुपर्ने अनिवार्य व्यवस्था गर्ने ।<br>● विषयगत रुपमा निरन्तर मूल्याङ्कन गर्ने कार्यविधि विकास गर्ने र यसका लागि शिक्षकहरुको लागि सघन तालिम सञ्चालन गर्ने ।<br>● १० कक्षाको अन्तिम परीक्षा प्रदेश तहमा र १२ कक्षाको अन्तिम परीक्षा संघीय तहमा लिने प्रबन्ध गर्ने । | |
| **माध्यमिक विद्यालयमा स्वामित्व कसको ? नेतृत्व कसको ?**<br>विद्यालयमा समुदायको स्वामित्व र अपनत्व स्थापित नहुन । सामुदायिक मावि न त | ● सार्वजनिक माध्यमिक विद्यालयमा समुदायको स्वामित्व र स्थानीय सरकारको सर्वोपरि नेतृत्व र अभिभावकत्व स्थापित गर्ने ।<br>● विद्यालय र समुदायलाई घनिष्ठ तवरले जोड्न स्थानीय ज्ञान, सीप सिक्ने सिकाउने स्थलका रुपमा | |

| | | |
|---|---|---|
| सरकारको न समुदायको भएर वेवारिस हुनु | विद्यालयलाई प्रयोग गर्ने ।<br>● विद्यालयका पुस्तकालयलाई सामुदायिक पुस्तकालयका रूपमा समेत व्यवस्था गर्ने<br>● विद्यालयलाई समुदायको बहुउद्देश्यीय सिकाइ केन्द्रका रुपमा विकास गर्ने ।<br>● हरेक समुदायमा शिक्षक र विद्यार्थीले अभिभावक शिक्षा र सांस्कृतिक जागरणको कार्य गर्ने व्यवस्था गर्ने र प्र.अ.को मूल्याङ्कन गर्ने व्यवस्था । विद्यालयले अभिभावक शिक्षा सञ्चालन गर्ने । | |

## ३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम तथा शिक्षामा प्रविधि

### ३.१ वर्तमान अवस्था

नेपालको संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरे अनुसार राज्य केन्द्रीकृत शासन प्रणालीबाट पहिलो पटक संघीय संरचना कार्यान्वयनको क्रममा रहेकोछ । संविधानको अनुसूची ५ देखि ९ मा संघ, प्रदेश तथा स्थानीय तहका अधिकारहरू र संघ, प्रदेश तथा स्थानीय तहका साझा अधिकारहरूको सूचीमासमेत शिक्षासम्बन्धी अधिकारहरूको बारेमा उल्लेख भएको छ । संबिधानतः केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय  पुस्तकालय संघको अधिकारक्षेत्रभित्र रहेको छ । प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय प्रदेशको अधिकार क्षेत्रभित्र परेको छ भने सामाजिक सुरक्षा र रोजगारी, वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संसाधन विकास तथा रोजगारी र बेरोजगार सहायता जस्ता पक्षहरू संघ तथा प्रदेशको साझा अधिकारको सूचीमा परेका छन् ।

प्राविधिक तथा व्यावसायिक शिक्षाका औपचारिक कार्यक्रमहरूमा ३ बर्षे डिप्लोमा तथा प्रमाण पत्र तहका कार्यक्रम र १८ महिना अवधिका प्राविधिक एस.एल.सी कार्यक्रमहरू सञ्चालनमा रहेका छन । परिषद्ले डिप्लोमा कार्यक्रम अन्तर्गत स्वास्थ्य, इन्जिनियरिङ्ग, कृषि तथा वन विज्ञान, पर्यटन तथा होटल व्यवस्थापन र समाजशास्त्र गरी ५ समुहका ४० विधा र देशभरीका सवै प्रदेश र ७६ जिल्लामा गरी ८७५ शिक्षालयहरू सञ्चालनमा रहेका छन् । देशभित्र रोजगारीका अवसरहरू नभएका कारण दिनहुँ १००० को सङ्ख्यामा युवाहरू वैदेशिक रोजगारीमा जाने र ती मध्ये ७४ प्रतिशत अदक्ष श्रमिक रूपमा कामको खोजीमा विदेशिएको अवस्था रहेको छ । हाल ४३ लाख युवाहरू विदेशमा काम गरी रहेका छन् (अर्थ मन्त्रालय, २०७५) छन् ।

देशको एक-तिहाई अर्थतन्त्र विप्रेषणमा निर्भर हुँदै गइरहेको तथ्याङ्क सार्वजनिक भएको छ । देशभित्र रहेका प्राकृतिक स्रोतहरू जस्तै: जल, जङ्गल, जमिनको सही सदुपयोग हुन सकिराखेको छैन । आफ्ना मौलिक पहिचान बोकेका स्वदेशी ज्ञान तथा सीपमा आधारित परम्परागत पेशा र व्यावसायहरू ओझेलमा पर्दै गएका छन् । आर्थिक सर्भेक्षण २०७५ अनुसार वार्षिक ५ लाख युवाहरू श्रम बजारमा प्रवेश गर्ने गरेका छन्  तर वार्षिक रूपमा १ लाख ३५ हजारले मात्र प्राविधिक शिक्षा र व्यावसायिक तालिमको अवसर प्राप्त गरेका छन् । प्राविधिक शिक्षाको विस्तार गर्ने उद्देश्यले कक्षा ९ देखि सञ्चालन भएको प्राविधिक धार सञ्चालन भएको र यसबाट वार्षिक करिब १० हजार जनशक्ति उत्पादन भईरहेको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट हाल १८ महिने प्राविधिक एस.एल.सी. कार्यक्रमतर्फ २८,७७७ जना र डिप्लोमा कार्यक्रम तर्फ १९,७१४ जना गरी वार्षिक ४८,४९१ जनशक्ति तथा स्वास्थ्य संस्थाहरूबाट गरी वार्षिक २९,२२४  जनशक्ति उत्पादन भईरहेको आँकडा छ ।

सम्माननीय प्रधानमन्त्रीज्यूको पद वहालीका सिलसिलामा आगामी दुई वर्षभित्रमा प्रत्येक स्थानीय तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम  परिषदबाट मान्यता प्राप्त प्राविधिक शिक्षालय स्थापना गर्ने, प्रत्येक स्थानीय तहमा न्यूनतम एक (१) उद्योगग्राम स्थापना गर्ने तथा प्रत्येक प्रदेशमा प्राविधिक तथा व्यावसायिक महाविद्यालय स्थापना गर्ने र माननीय शिक्षा, विज्ञान तथा प्रविधि

मन्त्रीज्यूबाट घोषित १० बुँदे मार्ग चित्र अन्तरगत प्राविधिक तथा व्यावसायिक तालिमबारे संघीय संरचनाका तिनओटै तहको भूमिकालाई स्पष्ट पार्न नीतिगत तथा कार्यक्रमगत सुझावसहित समृद्ध राष्ट्र निर्माणको आधार, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्ने रणनीति अनुसार शिक्षालाई श्रमसँग, श्रमलाई सिपसँग, सिपलाई उत्पादनसँग र उत्पादनलाई सम्वृद्धिसँग जोड्न रोजगारी र शिक्षा बिचको सम्बन्ध स्थापित हुने गरी वाणिज्य र उद्योग क्षेत्रसँग सहकार्य सुनिश्चित हुने गरी सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको नीतिगत, संरचनागत र व्यवहारिक सुधारका विषयमा सुझाव सङ्कलन गर्नु परेको हो।

### ३.२ समस्या तथा मुद्दा, समाधानका लागि प्राप्त भएका सुझाव र थप सुझाव

| **देखिएका मुद्दा तथा समस्या** | **समाधानका लागि प्राप्त भएका सुझावहरू** | **थप सुझाव वा अब के गर्ने ?** |
|---|---|---|
| **<u>मुख्य मुद्दा १</u> : प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतामूलक र सन्तुलित विस्तारको आवश्यकता** | | |
| आवश्यकता र सीमाङ्कनका आधारमा कार्यक्रमको विस्तारलाई कसरी सुनिश्चित गर्ने ? | • श्रम बजारमा जान इच्छुक युवाका लागि प्रत्येक स्थानीय तहमा एउटा प्राविधिक शिक्षालय वा सिप विकास केन्द्रको स्थापना गर्ने<br>• भौगोलिक विकटता भएका स्थानमा आवासिय सुविधा प्रदान गर्ने<br>• घुम्ति सिप विकास तथा तालिमको अवसर प्रदान गर्ने | |
| कार्यक्रम विस्तारका लागि आवश्यक पूर्वाधार, स्रोत साधन र दक्ष जनशक्तिको कसरी उपलव्ध गर्ने ? | • स्थानीय आवश्यकता र रोजगारीका सम्भावना र पहुँचको सिमाङ्कनका आधारमासमेत शिक्षालय र सिप विकास कार्यक्रमको वितरण गर्ने<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासको अवसर पुग्न नसक्ने हुँदा वेबसाइट, अनलाईन ट्यूटोरियल, छलफल गर्ने फोरम, सिम्यूलेशन, भर्चूअल इमेजिङ तथा दूर शिक्षा जस्ता नवीन तरिकाहरूको प्रयोग गरेर नलसाजी, सैलुन सम्बन्धी काम जस्ता सिप विकास गर्ने | |
| नाफामुखी निजी क्षेत्रको प्रभाव र प्रवेश योग्यताका कारण गरीब र भौगोलिक विकटतामा रहेका युवालाई कसरी समेट्ने ? | • सरकारी स्तरबाट गुणस्तरीय र निःशुल्क प्राविधिक शिक्षालय वा सिप विकास केन्द्रहरूको विस्तार गर्ने<br>• सामुदायिक अध्ययन केन्द्र मार्फत् निःशुल्क सीप विकासको व्यवस्था गर्ने<br>• सामुदायिक विद्यालयको क्षमता र आर्थिक अवस्था तथा सम्भावनाको आधारमा कक्षा ९ र कक्षा १० मा पेसागत दक्षता हासिल गर्ने ऐच्चिक अवसर प्रदान गर्ने<br>• विद्यालय शिक्षाको कक्षा १० पुरा गरेका र तत्काल श्रम बजारमा जान पर्ने बाध्यता भएका वा इच्छुक युवाहरूका लागि उनीहरूका रूचि तथा वजारको आवश्यकता समेतलाई दृष्टिगत गरी १८ महिने प्राविधिक सिप विकासको अवसर स्थानीय स्तरमै प्रदान गर्ने<br>• प्रवेश योग्यता पुगेका कक्षा १० पुरा गरेका विद्यार्थीलाई ३ वर्षको टेक्निकल डिप्लोमा कार्यक्रमको अवसर दिने।<br>• सामुदायिक विद्यालयहरूको क्लस्टर बनाई पायक पर्ने स्थानमा प्राविधिक अलग धारको विकल्प प्रदान गर्ने<br>• अपाङ्गता भएका व्यक्तिलाई आत्मसम्मान र आवासिय सुविधाका साथ जीवनयापनका लागि सीप विकासको अवसर प्रदान गर्ने<br>• सिमान्तकृत, दलित र पछाडी परेका वर्गका युवालाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर निःशुल्क उपलव्ध गराउने। | |

| | | |
|---|---|---|
| **<u>मुख्य मुद्दा २</u> :** प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर र सान्दर्भिकताको सुनिश्चित गर्ने | | |
| शैक्षिक उपलब्धि कसरी वृद्धि गर्न सकिन्छ ? | • पेसागत दक्षामा अधारित पाठ्यक्रम, पाठ्यक्रम अनुसारको प्रशिक्षण, प्रयोगात्मक अभ्यास,अनुगमन सुपरिपेक्षण र निरन्तर सुधारको अवसर दिने ।<br>• नियमित प्रशिक्षकको आपूर्तिका लागि विश्वविद्यालयहरूलाई प्रशिक्षक तयारीका लागि आर्थिक सहयोग गर्ने<br>• प्राविधिक शिक्षामा स्नातक तह उत्तीर्णलाई एक वर्षे post graduate diploma उपलब्ध गराउने<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक संस्थाहरूमा प्रशिक्षक दरबन्दीको व्यवस्था गर्ने | |
| गुणस्तरको सुनिश्चित कसरी गर्ने ? | • संस्थाहरूले अनियार्य रूपमा राष्ट्रिय गुणस्तर मानकमा आधारित गुणस्तर प्रत्यायन प्रमाणपत्र (Quality Assurance and Accreditation Certificate) तोकिएको अवधि भित्र अनिवार्य लिनु पर्ने<br>• गुणस्तर सुनिश्चितताका लागि नयाँ खुल्ने शिक्षालय र सीप विकास केन्द्रको स्वीकृति विज्ञ टोलीको सिफारिसमा गर्ने व्यवस्था गर्ने<br>• राष्ट्रिय व्यवसायिक योग्यता प्रारूपले स्वीकृत गरेको दक्षता मापकका आधारमा पाठ्यक्रम निर्माण गर्ने र मूल्याङ्कनलाई दक्षतामा आधारित बनाउने | |
| कार्यक्रमलाई कसरी सान्दर्भिक बनाउन सकिएला ? | • सिपयुक्त जनशक्तिको माग र आपूर्तिको आधारमा कार्यक्रम छनौट गर्ने<br>• औद्योगिक सीप विकास (Apprenticeship Skills Development) को विकास, विस्तार, सञ्चालन र व्यवस्थापन गर्ने<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको सन्दर्भिकता सुनिश्चि गर्न रोजगारदाताहरूको संलग्नतामा औद्योगिक प्रशिक्षार्थी तालिम, कार्य स्थलको सिकाइ, रोजगारी प्रतिस्थापनको अवसर एवम् प्राविधिक जनशक्तिको मागसम्बन्धी निरन्तर सूचना प्रवाहको व्यवस्था<br>• रोजगारदाताको नियमित पृष्ठपोषण लिने व्यवस्था गर्ने | |
| **<u>मुख्य मुद्दा ३</u> :** प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा अनौपचारिक र अरितिक सिकाइको वैकल्पिक धार सुनिश्चित गरी गतिशीलता र पारगम्यता (साक्षरतादेखि उच्च शिक्षासम्म समान योग्यता र माथिल्लो योग्यता हासिल गर्ने व्यवस्था) | | |
| औपचारिक, अनौपचारिक, अरितिक एवम् स्वअध्ययन सिकाइका धारहरूबीच समन्वय गरी एउटा धारबाट सिकेको ज्ञान सीप र दक्षताको मान्यता र समकक्षता प्रदान गर्ने र चाहेको योग्यता तह | • उद्योगी, व्यावसायी, रोजगारदाता लगायत जिम्मेवार निकायहरू (Duty Bearers) को सक्रिय सहभागितामा राष्ट्रिय पेसागत सक्षमता मानक (National Occupational Competency Standard) तयार गर्ने<br>• मोडुलर सीप विकास कार्यक्रम र परीक्षण मार्फत मान्यता प्राप्त योग्यता हासिल गर्ने वा उक्त योग्यताको लागि आवश्यक क्रेडिट जम्मा गर्न सक्ने व्यवस्था गर्ने<br>• पहिला सिकेका ज्ञान सीप र दक्षतालाई परीक्षण गरी हासिल गरेको योग्यतालाई मान्यता दिने (Recognizing Prior Learning ) प्रणाली कानुनतः सुनिश्चित गर्ने<br>• अनौपचारिक सिप विकास, कार्यअनुभव, स्वःअध्ययन वा अरितिक तरिकाबाट सिकेको ज्ञान, सिप र क्षमताको परिक्षण गरि मान्यता प्राप्त योग्यता वा क्रेडिट जम्मा गरी माथिल्लो तहको योग्यता हासिल गर्न पाउने<br>• सिपको बदलिदो आवश्यकतालाई परिपूर्ति गर्न र वृत्ति (पेशा वा व्यवसाय) सँग सम्बन्धित | |

| | | |
|---|---|---|
| वा धारमा प्रवेश गरी थप योग्यता हासिल गर्न पाउने प्रणालीको विकास गर्न के गर्नु पर्ला ? | सल्लाह (Career Couselling) सेवा प्रवाह गर्ने प्रणालीको विकास गर्ने<br>• उद्योगी, व्यवसायी र रोजगारदाताबाट अनुमोदित पेसागत दक्षताका आधारमा सिप प्रमाणिका अनुसार निष्पक्ष रूपमा दक्षता मापन गरी दक्षता प्रदर्शन गर्न सक्ने व्यक्तिलाई राष्ट्रिय व्यावसायिक प्रमाणपत्र उपलब्ध गराउनु गर्ने<br>• अनौपचारिक शिक्षा र व्यावसायिक सिपमूलक तालिमको संयोजनबाट मान्यता प्राप्त योग्यता हासिल गर्ने समकक्षी कार्यक्रमहरू सञ्चालन गर्ने<br>• सरकारी, निजी र सहकारी प्रणालीको विकासलाई संस्थागत गरी कार्यस्थलको सिकाइमा उद्योगी तथा व्यावसायीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने | |
| **<u>मुख्य मुद्दा ४</u> :** प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको जिम्मेवारी, संरचना, सुशासन प्रणाली र क्षमता विकासको व्यवस्था | | |
| संघ, प्रदेश र स्थानीय तहको जवाफदेहितासहितको कार्य विभाजन गरी तीनै तहमा सम्पादन गरिने प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धि सेवा प्रवाहलाई प्रभावकारी बनाउन के गर्नु पर्ला ? | <u>संघ</u><br>(क) प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकाससम्बन्धि राष्ट्रिय नीति निर्माण गर्ने<br>(ख) संघीय अन्तर निकाय, अन्तर प्रदेश र अन्तर स्थानीय तह बीच समन्वय र सहजीकरण गर्ने<br>(ग) वित्तिय श्रोतको व्यवस्था र बाँडफाँडको ढाँचा स्वीकृत गर्ने<br>(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धी कार्य प्रगति समीक्षा गर्ने<br>(ङ)प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धि सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरू (परिषदअन्तरगतका स्वायत्त निकाय तथा संस्थाहरूकोसमेत) परिषद मार्फत सभामा पेश गर्ने<br>(च) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धि राष्ट्रिय नीति बमोजिम कार्यक्रम निर्माण गर्ने<br>(छ) जनशक्ति प्रक्षेपण र मानव संसाधन विकास योजना स्वीकृत गर्ने<br>(ज) जनशक्ति व्यवस्थापन गर्ने<br>(झ) वित्तिय श्रोतको बाँडफाँड गर्ने<br>(ञ) संघीय अन्तर निकाय, अन्तर प्रदेश र अन्तर स्थानीय तह बीच कार्यक्रम समन्वय र सहजीकरण गर्ने<br>(ट)उद्योग, व्यावसाय र रोजगारदाता निकाय, सहकारी, गैर सरकारी र दातृ निकायहरू यस क्षेत्रको विकासका लागि परिचालन गर्ने ढाँचा स्वीकृत गर्ने<br>(ठ) राष्ट्रिय पाठ्यक्रम प्रारूप, गुणस्तर मापदण्ड (प्रत्यायन, शिक्षक, पूर्वाधार, प्रवेश योग्यतासमेत) ढाँचा स्वीकृत गर्ने<br>(ड) परीक्षा, मूल्याङ्कन र समकक्षताको ढाँचा स्वीकृत गर्ने | |

| | | |
|---|---|---|
| | (ढ) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास प्रदायक संस्थाहरूको स्वीकृतिको ढाँचा तथा सञ्चालन र नियमनका लागि आवस्यक प्रारूप स्वीकृत गर्ने<br><br>(ण) अनुसन्धान, नवप्रवर्तन, उद्यमशीलता विकास र सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने<br><br>(त) जवाफदेहिताको अनुगमन तथा मूल्याङ्कन गर्ने<br><br>**<u>प्रदेश</u>**<br>(थ) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धि राष्ट्रिय नीतिअनुकूल प्रादेशिक नीति निर्माण गर्ने<br><br>(द) प्रादेशिक अन्तर निकाय, अन्तर प्रदेश र अन्तर स्थानीय तह बीच समन्वय र सहजीकरण गर्ने<br><br>(ध) वित्तिय श्रोतको व्यवस्था र बाँडफाँडको ढाँचा स्वीकृत गर्ने<br><br>(न) तोकिएको मापदण्डअनुसार पाठ्यक्रमसम्बन्धी ढाँचा स्वीकृत गर्ने<br><br>(ऩ) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धि कार्य प्रगति समीक्षा गर्ने<br><br>(प) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धि राष्ट्रिय नीति बमोजिम कार्यक्रम निर्माण गर्ने<br><br>(फ) जनशक्ति प्रक्षेपण र मानव संसाधन विकास योजना स्वीकृत गर्ने<br><br>(ब) प्रादेशिक अन्तर निकाय, अन्तर प्रदेश र अन्तर स्थानीय तह बीच कार्यक्रम सहजीकरण गर्ने<br><br>(भ) उद्योग, व्यावसाय र रोजगारदाता निकाय, सहकारी र गैर सरकारी निकायहरूको परिचालन गर्ने ढाँचा स्वीकृत गर्ने<br><br>(म) राष्ट्रिय पाठ्यक्रम प्रारूप, गुणस्तर मापदण्ड (प्रत्यायन, शिक्षक, पूर्वाधार, प्रवेश योग्यतासमेत) ढाँचाअनुसार पाठ्यक्रम तथा वृत्ति विकास योजना स्वीकृत गर्ने<br><br>**<u>स्थानीय</u>**<br>(क) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धि राष्ट्रिय तथा प्रादेशिक नीति बमोजिम योजना तथा कार्यक्रम निर्माण गरी कार्यान्वियन गर्ने र जनशक्ति व्यवस्थापन गर्ने<br><br>(ख) स्थानीय संघसंस्थाहरू बीच कार्यक्रम निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने<br><br>(ग) उद्योग, व्यावसाय र रोजगारदाता निकाय, सहकारी र गैर सरकारी निकायहरूको परिचालन गर्ने ढाँचा स्वीकृत गर्ने<br><br>(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई सुव्यवस्थित गरी गुणस्तरयुक्त शिक्षा तथा सीप विकाससम्बन्धि तालिम प्रदान र नियमन गर्न संघीय र प्रादेशिक कानुन अनुकुल हुनेगरी स्थानीय सरकारले छुट्टै कानुन बनाई लागु गर्ने | |

| | | |
|---|---|---|
| | (ङ) स्थनीय तहको आवश्यकता र नक्शाङ्कनको आधारमा प्रविधिक शिक्षा तथा व्यावसायिक तालिमका संस्थाहरु स्थापना गरी कार्यक्रम सञ्चालन गर्ने । | |
| **मुख्य मुद्दा ५ :** प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको अनुसन्धान, नवप्रवर्तन, प्रविधिको विकास र सूचना व्यवस्थापन | | |
| श्रमबजारमा कति र कस्तो प्रकारको जनशक्तिको माग रहेको छ भन्ने बिषयमा निरन्तर अध्ययन अनुसन्धान भई अगामी बर्षहरूमा कुन क्षेत्रका जनशक्ति कति संख्यामा उत्पादन गर्ने भन्ने यकिन विश्लेषण गर्ने तरिका के हुन सक्छ ? | • नतिजामूलक योजना निर्माण तथा अनुगमन र मुल्याङ्कन प्रणाली विकास गर्ने<br>• प्राप्त सीप तथा तालिमलाई नवप्रवर्तनशिलता एवम् उद्यमशीलता विकास गरी स्वदेशमानै मर्यादित रोजगारीका अवसरहरू सिर्जना गर्ने<br>• सूचना प्रविधिको माध्यमवाट श्रम बजारमा सीपको माग र आपूर्ति सम्बन्धी सूचना स्थानीय तहदेखि संघीयतहसम्म नियमित प्रवाह गर्ने<br>• युवा तथा महिलाहरूमा नवप्रवर्तनात्मक सक्षमता विकास गर्नका साथै प्रतिभा एवम् क्षमता प्रवर्द्धन गर्न अनुसन्धान, नवप्रवर्तन र र उद्यमशीलता केन्द्र हरेक प्रदेशको नमूना पोलिटेक्निकमा स्थापना गर्ने<br>• श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङ्कन (Skills Mapping) गर्ने<br>• Skills Passport को व्यवस्था गर्ने | |
| **<u>मुख्य मुद्दा ६</u> :** प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षमता विकासको व्यवस्था | | |
| प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका लागि आवश्यक क्षमता विकास कसरी गर्न सकिएला ? | • संघ र प्रदेशमा योग्य तथा दक्ष प्रशिक्षक, व्यवस्थापक एवम् विभिन्न विधाका विशेषज्ञहरूको प्रभावकारी व्यवस्थापन गर्न राष्ट्रिय जनशक्ति विकास, अनुसन्धान, नव–प्रवर्तन र उद्यम विकास केन्द्र स्थापना गर्ने<br>• डिजिटल स्रोतपुस्तक, अनलाइन सेवा, दुर शिक्षा र तालिम जस्ता सुचना प्रविधिको प्रयोग गर्ने व्यवस्था गर्ने<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका विषय विश्वविद्यालयमा पठनपाठन गर्ने<br>• संघ, प्रदेश र स्थानीय तहमा संस्थागत क्षमता विकास गर्ने | |
| **<u>मुख्य मुद्दा ७</u> : प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको दिगो लगानीको व्यवस्था** | | |
| प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको दिगो लगानीको स्रोत कसरी सुनिश्चित गर्न सकिएला र तीन तहको सरकारको लगानी (संघ, प्रदेश, स्थानीयतहले कति) ? | • प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका क्षेत्रमा कुशलता र प्रभावकारीता अभिबृद्धि गर्न दिगो लगानीको एकिकृत र क्षेत्रगत लागानी ढाँचा (Sector-wide Approach) बनाउने<br>• प्राविधिक तथा व्यावसायिक शिक्षालाई क्रमशः निशुल्कको व्यवस्था गर्ने<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास प्राप्त जनशक्तिलाई स्वरोजगार र उद्यमशीलताका लागि सहुलियत ऋणको व्यवस्था गर्ने<br>• Skills Bank को व्यवस्था गर्ने<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको सयुंक्त कोष बनाउने<br>• आन्तरिक स्रोत परिचालन विभिन्न उपायहरूको खोजी गर्ने | |

# ४. आजिवन सिकाइ, साक्षरता र अनौपचारिक शिक्षा

## ४.१ वर्तमान परिवेश

नेपालको संविधानले आधारभूत शिक्षा प्राप्त गर्नु प्रत्येक नागरिकको आधारभूत अधिकारको रूपमा स्थापित गरेता पनि वर्तमान यथार्थ भनेको झण्डै एक तिहाइ नागरिकले अझै न्यूनतम साक्षरता सीप हासिल गर्न नसकेको अवस्था हो । कुनैपनि व्यक्ति रहरले नभई प्रतिकुल पारिवारिक, सामाजिक तथा शैक्षिक संरचनाको परिवेशको कारणले साक्षरता लगायत आधारभूत शिक्षा प्राप्त गर्न अवसरबाट बंचित हुन पुगेका हुन् । औपचारिक शिक्षा प्राप्त गर्ने अनुकुलता नहुनेलाइ वैकल्पिक अनौपचारिक शिक्षाको माध्यमबाट साक्षर तुल्याइ आधारभूत शिक्षा प्राप्त गर्ने अवस्थासम्म पुराउने उद्देश्यले विभिन्न कार्यक्रमहरू केही दसकदेखि नै संचालन हुँदै आएको छ। तर, संख्या र गुणस्तर दुवै हिसाबले यस्ता कार्यक्रम सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको लक्ष्य प्राप्त गर्न प्रभावकारी हुन सकेको छैन । औपचारिक शिक्षाको विभिन्न तह पास गरेकाहरू पनि सजिलै श्रमबजारमा प्रवेश गर्न नसक्ने र स्वरोजगार पनि बन्न नसक्ने अवस्थाको कारण रोजीरोटीको लागि नै विदेशिनु पर्ने अवस्था छ। अनौपचारिक शिक्षाको माध्यमबाट सीप विकास गरेर रोजगारीमा जानसक्ने व्यवस्थित प्रावधान अत्यन्तै न्यून अवस्थामा छ ।

## ४.२ अनौपचारिक शिक्षाका मौजुदा कार्यक्रम

- आधारभूत साक्षरता/साक्षरता अभियान ( निरक्षर केन्द्रीत ३ महिने कार्यक्रम )
- निरन्तर शिक्षा/साक्षरोत्तर शिक्षा/जीवन पर्यन्त शिक्षा (नवसाक्षरहरु लागि स्थानीय ज्ञान र सीप विकास एवम आय आर्जन केन्द्रित कार्क्रम )
- वैकल्पिक शिक्षा ( विद्यालय प्रवेश नगरेका , वीचमा कक्षा छाडेका र तहगत विद्यालय शिक्षा पुरा नगरेका वालवालिकाहरु तथा नवसाक्षर महिला र पुरुषहरु )

## ४.३ मुद्दा समस्या र समाधानका लागि सुझाव

| समस्या र प्रमुख मुद्दाहरू | प्राप्त सुझावहरू | अव के गर्नुपर्ला ? |
|---|---|---|
| **शिक्षा प्रणाली भित्र नै ओझेलमा छ अनौपचारिक शिक्षा**<br>अनौपचारिक शिक्षाको संरचना केन्द्रमा मात्र सिमित हुनु ,स्पष्ट नीति र दीर्घकालिन रणनीति नहुनु,नगण्य बजेट, कुल शिक्षा बजेटको १ प्रतिशत बजेट,अनौपचारिक शिक्षा परिषद प्रभावकारी नहुनु | • केन्द्रमा संघीय अनौपचारिक शिक्षा परिषद<br>• प्रदेशमा अनौपचारिक शिक्षा समन्वय परिषद<br>• स्थानीय तहमा अनौपचारिक शिक्षा व्यवस्थापन निकाय | |
| **अनौपचारिक शिक्षाको राष्ट्रिय, प्रादेशिक र स्थानीय तहको उद्देश्य र अपेक्षित परिणाम के, के हुन ?** | • सर्वसाक्षर नेपाल बनाउने<br>• अनौपचारिक शिक्षाको माध्यमबाट समावेशी तथा सहभागितामूलक लोकतन्त्र र समाजवादउन्मुख चेतयुक्त नागरिक समुदाय तयार गर्ने<br>• अनौपचारिक शिक्षाको माध्यमबाट परिवेश सुहाउँदो व्यावसायिक सीप प्रदान गरी उद्यमशील नागरिक तयार गर्ने<br>• अनौपचारिक शिक्षाको माध्यमबाट वर्गीय, जातीय, लैङ्गिकलगायत भेदभावहरू हटाउने सामाजिक रूपान्तरणका अभियानहरूलाई सफल तुल्याउने | |

| | | |
|---|---|---|
| **आजीवन सिकाइ र अनौपचारिक शिक्षाको कार्यक्षेत्र स्पष्ट नहुनु** | • सर्वसाक्षरता, साक्षरताको प्रयोग र साक्षर समुदाय एवम् साक्षर राष्ट्रको निर्माण<br>• नागरिक शिक्षा<br>• सामुदायिक सचेतना शिक्षा<br>• जीवनोपयोगी शिक्षा<br>• युवा र प्रोढका लागि व्यावसायिक, उद्यमशील सीप विकास शिक्षा<br>• खुला शिक्षा<br>• डिजीटल साक्षरता र सूचना प्रविधि शिक्षा<br>• सामुदायिक सिकाइ केन्द्रको विस्तार र सुदृढिकरण | |
| **साक्षरता**<br>नाम लेख्न र सही गर्न जान्नु नै साक्षर हुनु , साक्षरताको परिभाषा, साक्षरताको तहहरू, साक्षरताको मूल्यांकन नै परिभाषित र सान्दर्भीक नहुनु, साक्षरता जिल्ला घोषणा यथार्थपरक नहुनु | • हरेक पालिका तहमा साक्षरता परिवेश नक्साङ्कन गर्ने<br>• साक्षरताको तह वा स्तर छुट्टयाउने<br>• आधारभूत साक्षर नागरिकलाई अनौपचारिक ढङ्गवाट आधारभूत तहको शिक्षा प्रक्रियामा लैजाने<br>• समकक्षाताको निर्धारण गरी प्रमाणीकरण गर्ने<br>• आजीवन सिकाइका लागि साक्षरता | |
| **अनौपचारिक शिक्षावाट सीप विकास र उद्यमशीलता के कसरी गर्न सकिन्छ ?** | • परम्परागत ज्ञान र सीप सरक्षण गर्न र समयानुकुल बनाउन सिकाइ मोडुलहरु तयार गरी सञ्चालन गर्ने<br>• स्थानीय उद्योग व्यवसाय र रोजगारीका क्षेत्रमा आवश्यक ज्ञान सीप उद्यमशीलताको आधारमा अनौपचारिक कोर्ष तयार गरी सञ्चालन गर्ने | |
| अनौपचारिक शिक्षावाट डिजिटल साक्षारता र सूचना प्राविधि शिक्षा के कसरी गर्न सकिन्छ ? | • एक स्थानीय तह एक आधारभूत डिजिटल साक्षरता सेवा केन्द्रको स्थापना अर्थात एक्सेस प्वाइन्टको व्यवस्था | |
| सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण के कसरी गर्न सकिन्छ ? | • हरेक पालिकाको हरेक वडामा न्यूनतम एक केन्द्र स्थापना गर्ने र जनसख्याको आधारमा सख्या थप गर्ने | |

# ५. उच्च शिक्षा

## ५.१ वर्तमान अवस्था

- संवैधानिक प्रावधान, नीतिगत र कानुनी पक्षका आधारमा वर्तमान तथ्याँकको विश्लेषण गरिएको, विगतका शिक्षा आयोगका प्रतिवेदनहरुमा उल्लेख भएका विषय, राजनीतिक दलका घोषणापत्रमा उल्लेख भएका विषयहरु, पत्रपत्रिकामा उल्लेख भएका विषयवस्तुहरु र वर्तमानमा विभिन्न तवरमा प्रस्तुत भएका विषयवस्तु समेत केलाउने प्रयास गरिएको र यसक्रममा उच्च शिक्षा सम्वद्ध सरोकारवालाहरुसँगको छलफलको आधारमा आयोगले प्रथम मस्यौदा तयार गरेको छ।
- ११ वटा विश्वविद्यालय (सरकारी, निजी, सामुदायिक कलेज), आङ्गिकभन्दा सम्बन्धन प्राप्त कलेज वढी, ६ वटा प्रतिष्ठान, साधारण र प्राविधिक उच्च शिक्षा एवम् खुला र विशिष्ठिकृत विश्वविद्यालयहरु रहेका।

- प्रधानमन्त्री वा मन्त्री कुलपति हुने व्यवस्था, विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालयका छुट्टै सेवा आयोग लगायतका संरचनाहरु रहेका । विश्वविद्यालयहरु स्वायत्त प्राज्ञिक संस्थाको रुपमा छुट्टा छुट्टै ऐन अन्तर्गत सञ्चालन भएका । संस्थागत प्रभावकारिता तथा दलीय राजनीतिक प्रभावका सम्वन्धमा व्यापक टिकाटिप्पणीहरु व्यक्त भएका । अनुसन्धान केन्द्रहरु स्रोत तथा योजना विहिन रुपमा रहेका र अनुसन्धान कार्यले खासै सकारात्मक एवम् प्रवर्द्धनात्मक योगदान दिन नसकेको ।
- १४०७ वटा कलेजहरु संचालित, आँगिक ९८ वटा, सामुदायिक ५३२ र निजी ७७७ वटा सञ्चालनमा रहेका छन् । शिक्षा क्षेत्रमा गुणस्तरमा प्रतिस्पर्धा भन्दा पनि अस्वस्थ गतिविधि र व्यापारिक प्रवृत्ति देखिएको । सरकारी र निजीमा शुल्क, पाठ्यसामग्री लगायतका पक्षमा विविधताको खाडल ठूलो रहेको । विदेशी विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरु सञ्चालनमा नियमन प्रभावकारी नभएको ।
- शैक्षिक वेरोजगारीको प्रभाव विद्यार्थी भर्नामा समेत देखिएको, जनशक्ति योजना विना नै उच्च शिक्षाका संस्थाहरु स्थापना र विस्तार भएका, कुन क्षेत्रको लागि कुन योग्यता र क्षमताको जनशक्ति आवश्यक भन्ने दृष्टिकोण र नीतिगत स्पष्टता नभएको ।
- उच्च शिक्षाको नियमन र व्यवस्थापनका लागि उच्च शिक्षा नीति २०७२ आएको तर पूर्ण कार्यान्वयनमा भने आउन नसकेको ।
- पदाधिकारी, शिक्षक, कर्मचारी नियुक्ति प्रक्रियाको वैधानिकता, विश्वसनीयता र प्रतिस्पर्धात्मकतामा अनेकन प्रश्नहरु रहेका ।
- विद्यार्थी, कर्मचारी तथा प्राध्यापक संघ सँगठनहरुका भूमिका सहयोगात्मक, समन्वयात्मक र सिर्जनात्मक भन्दा पनि प्रतिपक्षी एवम् स्वार्थपरक भएका भनी टिप्पणी भएका ।
- पाठ्यक्रम, शिक्षण, अनुसन्धानात्मक कार्य, प्रयोगात्मक कार्य, परीक्षा र मूल्याँकन, क्यालेण्डर, जस्ता पक्षको स्तर, मापदण्ड र कार्यान्वयन पक्ष कमजोर, प्रभावहिन एवम् अस्तव्यस्त भएका गुनासा रहेको । उच्च शिक्षाको गुणस्तर प्रति चिन्ता रहेको । पहुँचमा सहभागिता र समता प्रत्याभूत हुन नसकेको ।
- आधुनिक एवम् समसामयिक प्रविधिको प्रयोगको अवस्था कमजोर, शैक्षिक कार्यक्रम र श्रमवजारको आवश्यकता विचको सम्वन्ध कमजोर, विश्वव्यापी प्रतिस्पर्धी क्षमता विकास हुन नसकेको, अन्वेषण र नवप्रवर्तनमा जान नसकिएको, राष्ट्र राष्ट्रियता र मानवीय मूल्य मान्यतालाई आत्मसात गर्न नसकेको जस्ता उच्च शिक्षा प्रतिको सामाजिक बुझाइ र अवस्था देखिएको ।
- स्रोत साधनको अपर्याप्तता, दीर्घकालिन योजनाको अभाव, शिक्षा क्षेत्र राज्यको प्राथमिकतामा पर्न नसक्नु, सुशासनको अभाव, अस्वस्थ प्रतिस्पर्धा, योग्य र दक्ष जनशक्तिको उपयोग नहुनु र उत्तरदायित्वको कमी उच्च शिक्षाका प्रमुख मुद्धा र समस्याका रुपमा देखिएको ।

**५.२ समस्या तथा मुद्दा, समाधानका लागि प्राप्त भएका सुझाव**

| देखिएका मुद्धा तथा समस्या | समाधानका लागि प्राप्त भएका सुझावहरु | अव के गर्ने |
|---|---|---|
| समाजवाद उन्मुख उच्च शिक्षा | • क्षेत्रीय र प्रादेशिक सन्तुलन हुनेगरी विश्वविद्यालय र शैक्षिक संस्था (आँगिक क्याम्पस) को विस्तार, सामुदायिक र सहकारी तवरवाट क्याम्पस सञ्चालनमा प्राथमिकता दिने<br>• जनशक्ति प्रक्षेपण र आवश्यकताका आधारमा साधारण तथा प्राविधिक शिक्षाको व्यवस्था गर्ने<br>• साधारण उच्च शिक्षा सञ्चालन गरेका संस्थाहरुलाई प्राविधिक विषय सञ्चालनमा प्रोत्साहन गर्ने<br>• पर्याप्त स्रोत व्यवस्था गरी सहुलियतपूर्ण शिक्षाको व्यवस्था गर्ने | |
| विश्वविद्यालयको वर्गीकरण | • प्रादेशिक र संघीय विश्वविद्यालय, त्रि वि, संस्कृत वि वि, लुम्बिनी बौद्ध वि वि, खुला विश्व विद्यालय र कृषि तथा वन संघीय | |

| | | |
|---|---|---|
| | विश्वविद्यालय र अरु सबै भूगोलका आधारमा प्रादेशिक वि वि बनाउने<br>• प्रदेश स्तरमा खुल्ने विश्वविद्यालयले सम्बन्धन नदिने, तर आफ्नो प्रदेश भित्र मात्रै आंगिक क्याम्पस खोल्न सक्ने<br>• चिकित्सा, इन्जिनियरिङ र कृषि तथा वन विषयका कम्तिमा एक एक वटा आंगिक क्याम्पस सबै प्रदेशहरुमा खोल्ने<br>• स्वायत्ततालाई प्राथमिकता दिनुपर्छ<br>• केन्द्रिय विवि विशिष्टिकृत विश्वविद्यालय भनि वर्गीकरण गर्ने | |
| पहुँच, समता, समावेशिता | • सक्षम र योग्यलाई उच्च शिक्षाको अवसर उपलव्ध गराउने<br>• विद्यार्थी प्रोत्साहन, छात्रवृत्ति, शैक्षिक ऋणको व्यवस्था गर्ने<br>• खुला र जीवनपर्यन्त शिक्षाको अवसरको विस्तार गर्ने । | |
| शासन र सुशासन | • प्रधानमन्त्री÷मुख्यमन्त्री संरक्षक (कुलपती), वोर्ड अफ ट्रष्टीबाट उपकुलपति चयन, प्राज्ञिक स्वायत्तता, राजनीतिक प्रभावबाट मुक्त, एकल पेशागत संगठन,<br>• एकीकृत उच्च शिक्षा ऐन (छाता ऐन) को व्यवस्था गर्ने | |
| संरचनात्मक÷संगठनात्मक प्रभावकारिता | • विश्वविद्यालयहरुको स्थापना, नियमन, मापदण्ड निर्धारण, अनुसन्धान र मूल्याङ्कनमा प्रभावकारिता ल्याउन, विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगमा रुपान्तरण गर्ने<br>• विश्वविद्यालयमा आवश्यक प्राध्यापक, कर्मचारीको छनौटका लागि रोष्टर छनौट गर्न एकल विश्वविद्यालय सेवा आयोग, उक्त रोष्टरबाट विश्वविद्यालयले नियुक्ति गर्ने<br>• कम्तिमा ४००० र २००० विद्यार्थी भएको क्याम्पस वा क्याम्पसहरुको समूहलाई क्रमशः विश्वविद्यालय र मानित विश्वविद्यालयको रुपमा विकास गर्ने<br>• कम्तिमा विशिष्टिकृत विषयमा ५०० भन्दा कम विद्यार्थी भएमा संकाय वा विश्वविद्यालयलाई अन्य संस्थामा गाभिने ।<br>• २०० भन्दा कम विद्यार्थी भएमा क्याम्पस सञ्चालन गर्न नसकिने । सम्बन्धन दिने कार्य बन्द गर्ने । | |
| लगानी र स्रोत व्यवस्था | • लागत आपुरण सिद्धान्त वमोजिम लगानी नीति अवलम्बन गर्ने, संघ तथा प्रदेशले लगानी गर्ने आधार स्पष्ट पार्ने,<br>• गैरनाफामुखी र सेवामूलक सामुदायिक क्याम्पस, स्वआर्जनका आधार विस्तार गर्ने<br>• पर्याप्त र प्रतिस्पर्धात्मक वातावरण विकास, प्रविधियुक्त पुस्तकालयको निर्माण गर्ने, सबै तहका सरकारले सहयोग गर्ने<br>• जनशक्ति आवश्यकताका आधारमा उच्च शिक्षा र उचित एवं पर्याप्त स्रोतको प्रवन्ध गर्ने<br>• अनुसन्धान कोष स्थापना गरी राष्ट्रिय आवश्यकता र संस्थागत सुदृढिकरणका लागि विश्वविद्यालयहरुसंग सम्झौता गरी अनुसन्धान गर्ने<br>• सबै आँगिक र सामुदायिक कलेजमा कम्तिमा २० प्रतिशत विद्यार्थीका | |

| | | |
|---|---|---|
| | लागि आवासिय सुविधाको प्रबन्ध गर्ने | |
| पाठ्यक्रम, प्राध्यापन र मूल्याँकन | • पाठ्यक्रमलाई समयानुकुल, प्रविधिमैत्री र विश्वव्यापी प्रतिस्पर्धी बनाउने<br>• शिक्षण र अनुसन्धानलाई अभिन्न अंगको रुपमा विकास गर्ने<br>• एकल शैक्षिक क्यालेण्डर कार्यान्वियन गर्ने<br>• विश्वविद्यालयस्तरमा विषयगत एकमुष्ट प्रवेश परीक्षा गरी छनौट भएका मध्य पायक पर्ने गरी अध्ययनको अवसर उपलव्ध गराउने<br>• ज्ञानको साथै व्यवहारिक पक्षलाई मूल्याँकनको आधार बनाउने<br>• विद्यार्थी उपस्थिति ७५ प्रतिशत अनिवार्य गर्ने ।<br>• प्राध्यापकले तोकिएको घण्टा पढाउनुपर्ने, करार शिक्षकको व्यवस्था नहुँने ।<br>• अन्वेषण र ज्ञानको सिर्जना गर्ने कार्यमा जोड दिने ।<br>• अनुसन्धान तहको दक्ष, योग्य र उत्प्रेरित शिक्षक, प्राध्यापक नियुक्ति गर्ने । | |
| विदेशी संस्थासंगको सम्वन्धन | • देशभित्रको दक्षता, क्षमता र प्रविधिले सम्वोधन गर्न नसक्ने विषयमा सञ्चालन गर्न सकिने ।<br>• नयाँ र प्रवर्तनात्मक विषयमा एउटा कलेजले वढीमा २ वटा विश्वविद्यालयको कार्यक्रममात्रै सञ्चालन गर्न सक्ने ।<br>• ग्रामिण क्षेत्रमा सञ्चालन गर्न चाहने, स्वदेशी शैक्षिक योग्यतासंग समकक्षी विषयमात्रै सञ्चालन गर्न सकिने ।<br>• दुवै देशको सरकारको सम्झौता वमोजिम विदेशी विद्यार्थी समेत अध्ययन गराउने शर्तमा उच्च शिक्षा आयोग (प्रस्तावित) को पूर्व स्वीकृतिमा सञ्चालन गर्न सकिने । | |
| तहगत जिम्मेवारी | • जिम्मेवारी र उत्तरदायित्व कानुनी रुपमा स्पष्ट पार्ने, साझेदारी पद्धती अवलम्वन गर्ने ।<br>• आर्थिक स्रोत व्यवस्थापनको मापदण्ड र उपलव्धताको पूर्ण जिम्मेवारी संघ र प्रदेशको रहने । | |
| गुणस्तर | • QAA (गुणस्तर सुनिश्चितता तथा प्रत्यायन)का लागि संस्थागत तथा कार्यक्रमगत स्तर तथा मापदण्ड निर्धारण गरी प्रभावकारी कार्यान्वयन र मूल्याङ्कन गर्ने ।<br>• प्राध्यापकहरु प्राज्ञिक उन्नयन कार्यमा अनिवार्य संलग्न हुनुपर्ने र बढुवाको आधार बनाउने ।<br>• स्नातकदेखि नै सेमेष्टर प्रणाली र ग्रेडिड प्रणाली कार्यान्वियन गर्ने ।<br>• क्रेडिट गणना हुनेगरी सामाजिक विकास सेवामा संलग्न गराउने ।<br>• सरकारी प्राध्यापकलाई निजी उच्च शिक्षा सञ्चालन र अध्यापनमा बन्देज रहने । | |

# ६. समावेशी र समसामयिक विषयवस्तु

**६. १ वर्तमान अवस्था**

नेपालमा सुगम र दुर्गममा शैक्षिक अवस्था (पहुँच र गुणस्तर) मा विविधता छ। त्यस्तै ग्रामिण र शहरी शैक्षिक अवस्थामा भिन्नता छ। मुस्लिम समुदायको पहुँच र गुणस्तर दुवै पक्ष तुलनात्मक रुपमा कमजोर छ। ब्राम्हण, क्षेत्री, नेवार समुदायको तुलनामा दलित तथा अन्य जनजातिको अवस्था कमजोर छ। शिक्षामामा महिला (छात्रा) को सहभागिता उत्साहजनक भएता पनि गुणस्तरको पक्षक कमजोर देखिन्छ। भाषिक रुपमा नेपाली भाषा मातृभाषा नभएका बालबालिकाले विद्यालयको शुरु कक्षामा सोही भाषामा सिक्न नपाउँदा तनावमा सिकाइ गर्नु पर्ने र सिकाइ ढीलो हुने कुरा जानकारहरु बताउँदछन्, अध्ययन प्रतिवेदनले समेत यस कुरालाई औंल्याएको पाइन्छ। अपाङ्गता भएकाहरुको निम्ति शैक्षिक पहुँच, गुणस्तरको पक्ष अझ जटिल देखिन्छ। करिव ३ प्रतिशत बालबालिका अझ विद्यालय जान सकिरहेका छैनन् ती अति सिमान्तकृत घर परिवारका छन्। शैक्षिक उपलब्धिको दृष्टिकोणले हेर्दा पनि माथिका समूहहरुमा कमजोर गुणस्तर छ।

**६. २ समस्या तथा मुद्दा, समाधानका लागि प्राप्त भएका सुझाव**

| **देखिएका मुद्दा तथा समस्या** | **समाधानका लागि प्राप्त भएका सुझावहरू** | **अव के गर्ने?** |
|---|---|---|
| **बालिका/महिलाहरुः** महिला र पुरुषलाई समानरुपमा सम्मान; सुरक्षा; शौचालयको सुबिधा; बोक्सी जस्ता दोष/आरोप लगाउने अन्धबिस्वासयुक्त परम्परा जस्ता समस्या कसरी समाधान गर्ने? | आत्म रक्षा तालिम; बालिका/महिलाको शरीर र उनीहरु प्रतिको समान सम्मान बारे चेतना अभिवृत्ति; पाठ्यक्रम र पाठ्यपुस्तकमा महिलाका तस्बिरहरु, बालिका/महिलाको सुरक्षा बारे पुरुषलाई अभिमुखीकरण गर्ने | |
| **दलितहरु**: जातीय विभेद, व्यावसायिक पाठ्यक्रम र पाठ्यपुस्तकमा दलितका परम्परागत पेशाको प्रयोग नभएको; दलितको कालिगढ़, शिल्पकला, कलाकारिता, सीप, बुद्धिमत्ता/ग्यान तथा उद्यमशीलता आय आर्जनको माध्यम/योजना/तरिकाको रुपमा सम्मानको अभाव; दलितहरुलाई अपर्याप्त छात्रवृत्तिको समस्या कसरी समाधान गर्ने? | दलितका सीपहरु प्राबिधिक र ब्याबसायिक सीपको रुपमा प्रयोग; समाजमा दलितहरुलाई नमुना/मोडल/प्रेरक व्यक्तित्व तथा स्थानीय स्रोत व्यक्तिको रुपमा प्रयोग; दलितका ग्यान र सिपहरुको समक्षताको लागि modular courses; पर्याप्त छात्रवृत्ति सहयोग; दलितहरु मध्यबाट विलक्षण प्रतिभा खोज्ने र विद्यालयदेखि विश्वविद्यालय तहसम्म सहयोग गर्ने प्रणालीको विकास गर्ने | |
| **जनजाति/भाषिक समुहहरुः** पहिचान; भाषा; संकृति; दलित र जनजातिको ग्यान र सीप; मातृभाषामा शिक्षा जस्ता समस्या तथा मद्दा जस्ता समस्या कसरी समाधान गर्ने? | मातृभाषाको; मातृभाषामा र मातृभाषा मार्फत शिक्षण; भाषा र लिपिको संरक्षण; दोस्रो र तेस्रो भाषी समुहलाई उपचार्य कक्षाहरु; विभिन्न भाषामा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण; सांस्कृतिक ज्ञान र सीपहरुको संकलन र प्रयोग; जनजातिको र दलितको ज्ञान र सीपलाई सम्मान गर्ने | |
| **मदरसा**: इस्लामिक डिग्रीलाई विद्यालय देखि विश्वविद्यालयसम्मनै समकक्षताको व्यवस्था नहुनु; मोल्भी (मदरसाका उर्दू शिक्षक) लाई मान्यता तथा अन्य विभिन्न तहका शिक्षकलाई जस्तै तलव सुबिधा नहुनु; इस्लामिक सिकाइबाट मूलप्रवाह सिकाइ तथा ज्ञानमा ल्याउन सहजीकरण गर्ने खालका पाठ्यक्रम तथा पाठ्यपुस्तक अपर्याप्त छन् त्यसको समाधान कसरी गर्ने ? | सेतु पाठ्यक्रम / जोड्ने कोर्स सहितको समक्षता कार्यक्रम; मदरसाबाट प्राप्त प्रमाणपत्रहरुलाई सहजीकरण गर्न इस्लामिक विश्वविद्यालय; मोल्भी र विद्यालय/विश्वविद्यालय शिक्षकलाई समान ब्यबहार; समक्षता प्रमाणपत्र प्राप्त गर्नको लागि मदरसाका बालबालिकाहरुको सिकाइ सहजीकरण गर्न modular courses को निर्माण गर्ने | |
| **गुम्बा/गोन्पाः** विद्यालय देखि विश्वविद्यालय तहसम्म बुद्धिस्ट डिग्रीको समकक्षताको समस्या; | पाठ्यक्रम समकक्षता, लामा, खेन्पो, घेसो आदिको डिग्रीलाई परिचयकरण; सेतु पाठ्यक्रम/कोर्स र सिकाई सामाग्री; बिहार, | |

| | | |
|---|---|---|
| आवासीय विद्यार्थीको रुपमा सरकारी सहयोग अपुग; बुद्दिस्ट सिकालाई मुलप्रवाहको ज्ञान तथा शिक्षामा जोड्ने सेतु पाठ्यक्रम / जोड्ने कोर्सको अभाव जस्ता समस्या कसरी समाधान गर्ने? | गुम्बा, गुरुकुल र मदरसा जस्ता परम्परागत विद्यालय सञ्चालनको लागि छुट्टै किसिमको ब्यबस्थापन समितिको ब्यबस्था; शंघीय, प्रान्तीय र स्थानीय तहमा सम्बन्धित शिक्षाका समितिहरुमा विहार, गुम्बा, गुरुकुल र मदरसा जस्ता परम्परागत विद्यालयहरुको प्रतिनिधित्व; परम्परागत विद्यालयहरुको लागि छुट्टै लाइसेन्स प्रणालीको व्यवस्था, ; थेरावाडी र बज्रयानी विहारहरु तथा गुम्बा/गोन्पालाई लुम्बिनी विश्वविद्यालयसँग जोड्ने। | |
| **गुरुकुल:** विभिन्न हैसियतमा संचालित गुरुकुलहरुको वर्गीकरण; गुरुकुलमा सरकारी शिक्षक; गुरुकुलमा प्रद्धतिमा छुट्टै संरचना जस्ता समस्याको समाधान कसरी गर्ने? | आधुनिक बिषयहरु पढाउन गुरुकुलमा सरकारी शिक्षक; बैदिक ग्रंथ बाट बिज्ञान, गणित र सामाजिक शिक्षाको तयारी; शिक्षकको सेवा अवधि, बिद्यार्थी संख्याको आधारमा गुरुकुलको बर्गीकरण, संस्कृत विश्वविध्यालयसँग जोडिने; गुरुहरुको सेवा अन्य शिक्षा प्रणालीमा पनि हुन सक्ने व्यवस्था गर्ने। | |
| **अपाङ्गता:** विभिन्न किसिमका अपाङ्गताको बर्गिकरण; अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुको लागि केन्द्रीय / संघीय तहमा व्यवस्थित शिक्षा प्रणाली; हरेक प्रकारका अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ निर्देशिका, आभ्यास पुस्तिका तथा बिशेष शिक्षकको व्यवस्था; विशेष हेरचाह, सेवा र सुबिधा चाहिनेहरुका लागि छुट्टै विद्यालय; आदि कमजोरीहरुको हल कसरी गर्ने? | विभिन्न प्रकारका अपाङ्गता भएका विधार्थी तथा व्यक्तिहरुका लागि सहजीकरण/शिक्षण गर्न दक्ष जना शक्तिको विकास; विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाको हेरचाह तथा सिकाइ कार्यमा सहजीकरणको लागि अविभावकलाई अभिमुखीकरण; विभिन्न प्रकारका अपाङ्गता भएका बिधार्थी सुहाउँदो सिकाइ सामग्रीको निर्माण; अपाङ्गता भएका विद्यार्थीलाई तालिम अभ्यास; उपयुक्त सामग्री तथा उपकरणको सहयोग; अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुको लागि केन्द्रीय/संघीय तहमा ब्यबस्थित शिक्षा प्रणाली; विद्यालय र कार्यालयमा अपाङ्गता परामर्श डेस्क निर्माण गर्ने | |
| **गरिब तथा अन्य किसिमले पछि परेका/पारिएका**: बिभिन्न समूहका जनतामा भएका अनुभव, सिकाइ, भाषाको प्रयोग तथा सीपहरुलाई मान्यता तथा सम्मान; यी कुराहरुलाई शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्न सक्ने शिक्षकको तयारी; अध्ययन/अनुसन्धानको लागि शिक्षकलाई सहयोग; बिध्यार्थिलाई तालिम अभ्यास; यी समुहलाई उद्यमशीलताको लागि सहयोग जस्ता समस्या को सम्बोधन कसरी गर्ने? | गरिव, सामाजिक-सांस्कृतिक र भौगोलिक रुपमा पछाडि परेका वा पारिएका बालबालिकाको ज्ञान, सिप तथा अनुभवलाई आफ्नो शिक्षणमा प्रयोग गर्न सक्ने शिक्षकको तयारी; ती बालबालिकाहरुलाई उनीहरुको रुची र क्षमता अनुसारको तालिम अभ्यास; यी समुहका बालबालिका सम्बन्धी अध्ययन/अनुसन्धानको वाट शिक्षकलाई सहयोग गर्ने। | |
| **बहु समावेशिता:** बहुसमावेशिता बारेमा शिक्षक तयारी; बहुअपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुका लागि विद्यालय आउन र जानको लागि आधारभूत सुविधाहरु जस्ता समस्या समाधान कसरी गर्ने? | शिक्षकको तयारी; यी मुद्दाहरुमा अध्ययन/अनुसन्धान; आधारभूत सुविधाहरु; सिकाई तथा सहयोगी सामग्री तथा उपकरनहरु सहयोग गर्न पर्ने | |

अहिलेसम्मका सुझावहरुको अध्ययन गर्दा बुझिन्छ कि क) शैक्षणिक उपायबाट समावेशी बन्ने बनाउने प्रवन्ध गर्नुपर्छ ख) व्यवस्थापनमा आवश्यक फेरबदल गर्नुपर्छ ग) संवैधानिक तथा नीतिगत व्यवस्था अनुसार विद्यालय तथा समाजमा काम भए नभएको कुराको लेखाजोखा गरिरहनु पर्छ घ) कुन कुरामा विद्यालय समावेशी भयो र कुन कुरामा भएन भन्ने जानकारी लिन माथि उल्लेखित समूहको समस्या, गुनासो र चासो सुन्ने तथा त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरिनुपर्छ।

## ७. विषय क्षेत्रः शिक्षामा गुणस्तर

### ७.१ वर्तमान अवस्था

शिक्षामा गुणस्तर व्यक्ति,परिवार, समाज र राष्ट्रको लागि फरक फरक हुन्छ। राष्ट्रका लागि गुणस्तरीय शिक्षा विद्यार्थीको राम्रो राष्ट्रिय औषत शैक्षिक उपलब्धि, विश्वव्यापी प्रतिष्पर्धी नागरिकको उत्पादन, विकासलाई सहयोग गर्ने, राष्ट्रियता प्रवर्द्धन गर्ने र राष्ट्रको विकासको लागि आवश्यक जनशक्ति परिपूर्ती गर्ने जस्ता सबल पक्ष भएको शिक्षा गुणस्तरीय हुन्छ । समाजका निम्ति सहिष्णुता, सामुदायिक सद्भाव, नैतिकवान, शिष्ट, संस्कृतिको प्रवद्र्धन गर्ने शिक्षा गुणस्तरीय हुन्छ। परिवारको लागि रोजगारमूलक, परम्पराको संरक्षण र पालना गर्ने तथा आर्थिक उपार्जन गर्ने शिक्षा गुणस्तरीय हुन्छ। व्यक्तिका लागि रोजगारी, स्वतन्त्र जीवन यापन र समुन्न चेतना जस्ता पक्षलाई सबल बनाउने शिक्षा गुणस्तरीय हुन्छ। तर नेपालमा गुणस्तरीय शिक्षाका बारेमा चर्चा भएका र सरोकारवालाले बुझेको परिभाषा हेर्दा सन्तुष्ट हुन सकिने अवस्था देखिदैन्। अहिले अंग्रेजी माध्यममा पढ्ने, अंग्रेजी बोल्ने र परीक्षामा राम्रो अंक ल्याउने शिक्षालय र विद्यार्थी गुणस्तरीय मानी त्यसैको आधारमा राम्रो भएको भन्ने गरेको पाइन्छ। नेपालको वर्तमान शिक्षाले निर्णयमा प्रस्टता, कार्यान्वयनमा दृढता भएको, व्यक्तिमा भएका अन्तरनिहित क्षमताको प्रस्फुटन गराउने र विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम नागरिक तयार गर्न सकेन। यसले अनुसन्धानमूलक, उत्पादनमूलक, प्रतिष्पर्धी, राष्ट्रको आवश्यकता पूरा गर्ने, दिगो विकासलाई सहयोग गर्न सक्ने जनशक्ति तयार गर्न सकेन। त्यसैले अहिलेको शिक्षा गुणस्तरीय भएन भन्ने कुरामा मतैक्यता रहेको छ । तालिम प्राप्त दक्ष शिक्षक, समावेसि र सुरक्षित सिकाइ वातावरण, स्तरीय पाठ्यक्रम,पाठ्यपुस्तक,मूल्याङ्कन र शिक्षण सिकाइ स्रोत सामग्री गुणस्तरिय शिक्षाका आधारभूत सर्तहरु हुन । शिक्षामा गुणस्तरको सन्दर्भमा जटिलता,समस्या र मुद्दाहरुलाई समाधान गर्न सुझावहरुको सार यहाँ प्रस्तुत गरिएको छ।

### ७.२ विवरण

| देखिएका मुद्दा तथा समस्या | समाधानका लागि प्राप्त भएका सुझावहरू | अव थप के गर्ने ? |
|---|---|---|
| शिक्षकको तयारी, योग्यता, र अन्य व्यवस्थापकीय पक्ष अपेक्षा गरे अनुसार हुन सकेको छैन। | • मूल विषय पढेकालाई शिक्षण सम्बन्धी तालिम पछि मात्र शिक्षण पेशामा भित्र्याउने।<br>• शिक्षक हुन न्युनतम योग्यता प्रारम्भिक बालशिक्षा,बालविकास र आधारभूत तहमा स्नातक, माध्यमिक तहमा स्नातकोत्तर र उच्च शिक्षामा एमफिल बनाउने।<br>• विश्वविद्यालयका उत्कृष्ट विद्यार्थीलाई सोझै शिक्षण पेशामा प्रवेश गराउने नीतिगत व्यवस्था गर्ने।<br>• वर्तमान शिक्षाको समेत शिक्षणसम्बन्धी योग्यता परीक्षा लिने र योग्य सक्षमलाई मात्र कक्षा कोठामा पठाउने।<br>• शिक्षक पेशालाई अरु पेशाको भन्दा भन्दा १० प्रतिशतसम्म थप तलव व्यवस्था गर्ने।<br>• संवैधानिक हैसियतको शिक्षक सेवा आयोगको व्यवस्था गर्ने र आयोगले मात्रै शिक्षक छनोटको शिफारिस गर्ने।<br>• अस्थायी रुपमा शिक्षक नियुक्त गर्नपर्ने भएमा आयोगको वैकल्पिक सूचीमा रहेकालाई मात्र अस्थायी शिक्षकमा नियुक्ति गर्ने। | |

| | | |
|---|---|---|
| | • विश्वविद्यालयको हकमा समेत सवै विश्वविद्यालयका लागि एउटै विश्वविद्यालय सेवा आयोग बनाउने।<br>• स्थानीय तह भित्र शिक्षक सरुवाको पूर्ण जिम्मेवारी स्थानीय तहलाई नै दिने, प्रत्येक ५ वर्षमा शिक्षकको अनिवार्य सरुवाको व्यवस्था गर्ने ।<br>• विद्यालयका शिक्षकहरुको बढुवा तथा छनौटको कार्य प्रदेशस्तरका आयोगका कार्यालयहरुवाट गर्ने।<br>• स्थानीय तहबाट शिक्षकको मूल्याङ्कन गर्दा निजले पढाएका विद्यार्थीको औषत शैक्षिक उपलब्धिलाई प्रमुख आधार बनाउनु पर्ने ।<br>• निवृत्त र अवकास प्राप्त योग्य शिक्षकहरुको समेत रोष्टर तयार गरी शैक्षिक सुपरिवेक्षण, अनुगमन, अनुसन्धान, तालिम आदि उपयोग गर्ने ।<br>• शिक्षकको राहत कोटा लगायत सवै दरवन्दीलाई स्थायी दरवन्दीमा रुपान्तरण गर्ने ।<br>• संघले राष्ट्रिय स्तरमा र प्रदेश सरकारले प्रदेश स्तरमा यथाशिघ्र दरवन्दी मिलान गरी स्थानीय सरकारलाई दरवन्दी हस्तान्तरण गर्ने ।<br>• कार्यरत शिक्षकहरुलाई उत्कृष्ट,मध्यम र कमजोरमा वर्गीकृत गरी छुट्टाछुट्टै सम्वोधनका उपायहरु क्रमश: प्रोत्साहन, तालिम र विदाइको अवलम्बन गर्ने । | |
| शिक्षकले लिएको तालिम कक्षाकोठामा विद्यार्थीको सिकाइमा अभिव्यक्त भएको छैन । | • वर्तमान अवस्थामा कार्यान्वयनमा रहेका शिक्षक तालिमको संरचना, मोडालिटि र तालिम सामग्रीहरु पुनरावलोकन तथा परिमार्जन गर्नु पर्छ । संघीय संरचनामा विद्यालय तहका अध्यापन गर्ने शिक्षकको पेसागत विकास तालिमको प्रवन्ध तीन तहमा सञ्चालन गरिनु पर्दछ ।<br>• संघिय शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शिक्षक विकास र शिक्षक तालिमको नीति निर्धारण,शिक्षक तालिमको खाका निर्धारण, मापदण्ड निर्धारण,शिक्षक तालिम पाठ्यक्रम र नमुना तालिम सामग्री, छोटो अवधिको नमुना शिक्षक ता ालिम सञ्चालन, श्रव्यदृश्य तालिम सामग्री निर्माण र प्रसारण, अनलाइनमा आधारित तालिम सामग्री निर्माण र सञ्चालन, प्रमुख प्रशिक्षक प्रशिक्षण र छ महिनासम्म अवधिको कार्यथलोबाटै लिन सकिने अनलाइन प्रविधिमा अधारित पेसागत विकास तालिम सञ्चालन गर्नु पर्ने।<br>• प्रदेश स्तरमा रहेका सामाजिक विकास मन्त्रालयले शिक्षक तालिम सम्बन्धी कार्यक्रम निर्धारण र बजेट तर्जुमा सम्बन्धी कार्य गर्नु पर्ने । प्रदेश स्तरमा रहेका शिक्षा तालिम केन्द्रले प्रशिक्षक प्रशिक्षण र एक महिनासम्म अवधिको शिक्षक पेसागत विकास तालिम कार्यक्रम सञ्चालन गर्नु पर्न ।<br>• स्थानीय सरकारले विद्यालयलाई केन्द्र विन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरु,५ दिन सम्म अवधिको कष्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, प्रतिविम्वन, शिक्षक नेटवर्क, व्यक्तिगत रुपमा गरिने सहयोगी (collaborative ) अनुसन्धान, मेन्टरीङ, जोडी (pear) कोचिङ जस्ता कार्यक्रम सञ्चालन गर्ने।<br>• स्नातक र स्नातकोत्तर तहमा प्राध्यापन गर्नेहरुको लागि ३० दिन सम्मको तालिम सम्बन्धित विश्वविद्यालयको केन्द्रिय विभागले र १८ महिनासम्मको शिक्षण कला तथा प्रविधिसम्बन्धी तालिम शिक्षा शास्त्र संकायले गर्ने ।<br>• एम फिल र विद्यावारिधि तहको अनुसन्धान तहको लागि ६ महिना सम्मको तालिम सम्बन्धीत | |

| | | |
|---|---|---|
| | विश्वविद्यालय तथा विश्वविद्यालय अनुदान आयोगले सञ्चालन गर्ने । | |
| पाठ्यक्रम र पाठ्यसामग्री अपेक्षित रुपमा व्यवस्थित हुन सकेको छैन । संघीय स्वरुपमा राज्य व्यवस्थापन हुने क्रममा कुन तहको के जिम्मेवारी हो अस्पस्ट छ । | • सघीय सरकारले संवैधानिक मर्म र यस प्रतिवेदनका सुझावका आधारमा राष्ट्रिय पाठ्यक्रम प्रारुप पुनराबलोकन गर्ने ।<br>• प्रारुपमा सिकाइका क्षेत्रहरु, गुणस्तर मापदण्ड, पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, र पाठ्यक्रमको आवधिक मूल्याङ्कन जस्ता नीतिगत पक्षहरुको व्यवस्था गरी सघ प्रदेश तथा स्थानीय सरकारको कार्यक्षेत्र स्पष्ट पार्ने ।<br>• आधारभूत तहदेखिनै पाठ्यक्रमको विकास तथा पुनरावलोकन गर्दा पूर्वीय दर्शन, नैतिक मूल्य मान्यताको र आधुनिक विज्ञान प्रविधिलाई विशेष ध्यान दिने ।<br>• प्रदेश तथा स्थानीय सरकारले संघले तोकेको प्रारुपमा आधारित भई पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र कार्यान्वयन गर्ने ।<br>• पाठ्यक्रमको गुणस्तरीय कार्यान्वयन पक्षलाई सम्बोधन गर्ने शैक्षिक सामग्रीमा आधारित शिक्षण, परियोजना कार्य, प्रयोगात्मक विधि जस्ता पक्ष सम्बोधन हुने गरी सबै तह र विषयका पाठ्यक्रमको पुनरावलोकन गर्ने ।<br>• पाठ्यक्रमको मर्म र भावना अनुसार क्रियाकलापमा आधारित शिक्षणसिकाइ क्रियाकलाप संचालन गर्न प्रत्येक विद्यालयलाई सरकारले विद्यार्थी संख्याको आधारमा रकम अनिवार्य रुपमा उपलब्ध गराउने ।<br>• कक्षा १२ सम्मका पाठ्यपुस्तकहरु विकास, छपाइ तथा वितरण कार्यको जिम्मेवारी प्रादेशिक सरकारलाई प्रदान गर्ने वा जनक शिक्षा केन्द्रको प्रदेशिक कार्यालय स्थापना गरेर त्यस मार्फत गर्ने ।<br>• पाठ्यपुस्तक विकासका लागि योग्य शिक्षकहरु समेतको रोष्टर तयार गर्ने । रोष्टरमा रहेका शिक्षकहरुको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकाससम्बन्धी सक्षमता विकास गर्ने । यसरी तालिम प्राप्त शिक्षकहरुबाट विद्यालय तहका पाठ्यपुस्तक विकास गर्ने ।<br>• पाठ्यपुस्तक विकास, परीक्षण र कार्यान्वयनको लागि आवधिक योजना तयार गर्ने ।<br>• पाठ्यपुस्तकलाई बढी क्रियाकलापमुखी बनाउने र थप उपयोगी बनाउन शिक्षकका लागि थप सन्दर्भ सामग्रीको व्यवस्था गर्ने ।<br>• पाठ्यक्रममा आधारित शिक्षणको प्रवर्धनका लागि एकल पाठ्यपुस्तकको अवधारणालाई क्रमश अन्त गरी बहुपाठ्यपुस्तक अवधारणा, नीति तथा अभ्यास कार्यान्वयनमा ल्याउने ।<br>• प्रविधिमा आधारित शैक्षिक सामग्री (डिजिटल शैक्षिक सामग्री) विकास तथा प्रयोगलाई क्रमश बढाउदै लैजाने ।<br>• कक्षा १ देखि ८ सम्म को STEM बिषयहरुको पाठ्यक्रमको मात्रालाई कम्तिमा ५०% सम्म पुर्याउनुपर्छ साथै अन्य विषय (भाषा, साहित्य, कला, संस्कृति, इतिहास्, भूगोल इत्यादि) मा समेत २०% सम्म STEM को मर्म अनुसार लेखिनु पर्छ । कक्षा ९ देखि १२ सम्मको पाठ्यक्रमलाई प्रविधि र सिपमूलक बनाइनु पर्छ। | |
| मूल्याङ्कन् पद्दति परीक्षामूखी भयो, यसले सिकारुका व्यवहारिक पक्ष | • साविकको विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई छुट्टै अभ्यासका रुपमा लिने परम्पराको अन्त गरी शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा विकास गर्ने ।<br>• घटनामा आधारित, परियोजनामा आधारित, समूहकार्यमा आधारित र सिकारु केन्द्रित अभ्यासलाई मूल्याङ्कनको आधार बनाउने ।<br>• आधारभूत तहसम्मको पठनपाठनमा सिकारुको मूल्याङ्कनको आधारमा सिकारुका सिकाइका कमजोर | |

| | | |
|---|---|---|
| मापन गर्न सकेन | पक्षहरु, सिकारुले थप प्रयास गर्नुपर्ने पक्षहरु, शिक्षकले गर्नुपर्ने थप शैक्षणिक क्रियाकलापहरुसमेत स्पष्ट हुने गरी विद्यार्थीको प्रगति विवरण कार्ड तयार गरी समयसमयमा अभिभावकलाई पनि प्रदान गर्ने, सुझाव लिने, परामर्श दिने।<br>● परीक्षा र मूल्याङ्कन प्रणालीमा हाल प्रयोगमा ल्याइएको अक्षराङ्कन मूल्याङ्कनलाई परिस्कृत गरी निरन्तरता दिने। लिखित परीक्षाको अङ्कलाई नै अक्षराङ्कनमा परिवर्तन गर्ने अभ्यासलाई अन्त गर्ने।<br>● पुस्तक समीक्षा, कला तथा सिर्जना परीक्षण, कक्षाकोठामा आधारित वा सिकारुको समुदाय वा परिवारमा आधारित ससाना खोजमूलक कार्य र तिनको सङ्क्षिप्त प्रतिवेदन, मौखिक मूल्याङ्कन, सिर्जनात्मक अभ्यास आदि तरिकाहरुलाई परीक्षा र मूल्याङ्कनका साधनका रुपमा सस्थागत गर्ने।<br>● आधारभूत तहको अन्त्यमा हुने परीक्षा स्थानीय तहले संचालन गर्ने। कक्षा १० को परीक्षा प्रदेश स्तरमा हुने।<br>● कक्षा ११ मा लिइदै आएको राष्ट्रिय परीक्षाको अन्त गर्ने र माध्यमिक तहको कक्षा १२ मा मात्र राष्ट्रिय परीक्षा सञ्चालन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याउने।<br>● सिकारुको परीक्षा र मूल्याङ्कनको अवस्था सिकारुको प्रगति तथा शिक्षण सिकाइ क्रियाकलापसमेतलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनमा आधारित बनाइ शिक्षकलाई सिकारु तथा शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि जिम्मेवार र जवाफदेही बनाउने।<br>● परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाइमा सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउने। | |
| शिक्षालयहरु अपेक्षितरुपमा सुरक्षित भएनन् र समग्र वातावरण पठनपाठनको मैत्री हुन सकेको छैन। | ● प्रत्येक स्थानीय तहले आफ्नो इलाका भित्रका शिक्षालयमा छात्र र छात्रालाई छुट्टै शौचालय, प्रयाप्त खेल्ने ठाउँ, शिक्षालयमा कम्पाउण्ड तथा घेराबार, विद्यार्थीको उमेर र शारीरिक बनावट अनुसारका फर्निचर, उपयुक्त कक्षा कोठा, निम्नतम शैक्षिक सामग्री उपलब्ध भएको सुनिश्चित गर्ने।<br>● विभिन्न प्रकारका जोखिम र हिंशामा परेका बालबालिकाहरूको मनोसामाजिक परामर्श तथा शैक्षिक पुनर्लाभको व्यवस्था गर्ने।<br>● सबै तह र विषयको पाठ्यक्रम र पाठ्यसामग्री पुनरावलोकन र विकास गर्दा सुरक्षित शिक्षालय सम्बन्धी विषयवस्तु समावेश गर्ने।<br>● हरेक शिक्षालय भित्र र बाहिरका सबै सरोकारवालाहरूका लागि सुरक्षित विद्यालय सुनिश्तित गर्न सक्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।<br>● सुरक्षित शिक्षालय सम्बन्धी विपद व्यवस्थापनसँग सम्बन्धित गतिविधि तथा क्रियाकलापहरू नियमित सञ्चालने गर्ने।<br>● प्रत्येक शिक्षालयले न्यूनतम रुपमा सुरक्षित शिक्षालय सम्बन्धी विषयवस्तु विशेष गरी हिंसा, दूर्व्यवहार, भेदभाव, असामान्य व्यवहार (बुलिङ्ग), असमानता, शोषण जस्ता विषयलाई सम्बोधन गर्ने।<br>● शिक्षक तयारी तथा तलिमका पाठ्याम्शमा अनिवार्य रुपमा सुरक्षित शिक्षालय सम्बन्धी विषयवस्तु समावेश गर्ने।<br>● शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गुणस्तरीय सिकाइ वातावरणका लागि साझा सूचक निर्माण गरी शिक्षालयहरुलाई उपलब्ध गराउने र यसको प्रभावकारी कार्यान्वयन भए नभएको स्थानीय तहले सुनिश्चित गर्ने।<br>● विश्वविद्यालय अनुदान आयोग र प्रदेश सरकारले उच्च शिक्षाका शिक्षण संस्थामा न्यूनतम सुरक्षित | |

| | | |
|---|---|---|
| | सिकाइ वातावरण भए नभएको परीक्षण गर्ने सूचकहरु विकास गरी परीक्षण गर्ने गराउने ।<br>● प्रत्येक शिक्षालयको विद्यार्थीका अभिभावक तथा घरपरिवारसँग अन्तरक्रिया गरी सुरक्षित वातावरण र साथी/ संगतका बारेमा अनुभव आदन प्रदान गर्ने । | |
| शैक्षिक उपलब्धिको मापनको परिणाम सन्तोषप्रद हुन सकेको छैन । | ● शिक्षालय तथा विद्यार्थी शैक्षिक उपलब्धिको भिन्नतालाई सम्बोधन गर्न शिक्षालयहरुले प्रत्येक कक्षा र विषयको विद्यार्थीको औषत उपलब्धि पहिचान गरी समानता र असमानताका आधारमा सुधारका प्रक्रिया अवलम्बन गर्ने ।<br>● स्थानीय तहको सरकारको शिक्षा हेर्ने निकायले आ–आफ्नो क्षेत्रका शिक्षालयहरु बीचको औषत उपलब्धि समान बनाउन आवश्यक कार्य गर्ने ।<br>● लिङ्ग, जाति, भाषा, आर्थिक–सामाजिक अवस्था र विद्यार्थीको बानी व्यहोरा समेतको आधारमा उनीहरुको शैक्षिक उपलब्धि फरक हुने गरेको छ । हरेक शिक्षालय स्तरमा असर गर्ने तत्वहरु पहिचान गरी समाधानको उपाय खोज्दै सम्बोधन गर्ने । | |
| शैक्षिक सुपरिवेक्षण, निरीक्षण र अनुगमन उद्देश्यमूलक र प्रभावकारी छैन। | ● विद्यालयका सुपरिवेक्षक भर्ना गर्दा एमफिल अध्ययन गरी ५ वर्षको शिक्षण अनुभव अनिवार्य गर्ने,<br>● विद्यालय तहमा निरीक्षण तथा सुपरिवेक्षण पद्धतिलाई व्यवस्थित र सबल बनाउन प्रत्येक स्थानीय तहमा विद्यालय निरीक्षकको पलहमा निबृत्त शिक्षकहरु समेत रहेको विषय विज्ञहरुको समूह बनाइ परिचालन गर्ने ।<br>● सुपरिवेक्षकहरुको क्षमता विकासका निमित्त स्व-अध्ययन, पेसागत तालिमका अवसरहरुको विस्तार गर्ने र यसका निमित्त केन्द्रमा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र र प्रदेश स्तरका तालिम केन्द्रहरुलाई परिचालित गर्ने ।<br>● केन्द्र, प्रदेश, तथा स्थानीय तहको भूमिका र जिम्मेवारीको स्पष्ट किटान गर्ने । यस सन्दर्भमा निरीक्षण सुपरिवेक्षण सेवाको परिचालन प्रदेश स्तरबाट गर्ने । | |

# ८. सुशासन, वित्त र साझेदारी

**८.१ वर्तमान अवस्था**

- शिक्षाको तहगत व्यवस्थापन गर्न शिक्षा सम्बद्ध ऐन,नियम,कानून तर्जुमा भइ सो को आधारमा मात्र सेवा प्रवाह हुने गरेको,
- विभिन्न व्यवस्थापन समितिहरु गठन प्रक्रिया, काम कर्तव्य र अधिकारको व्यवस्था कानूनद्वारानै किटानी गरी जवाफदेहिता निर्वाह गर्नुपर्ने व्यवस्था,
- स्थानीय गाँउपालिका देखि संघीय मन्त्रालय तथा विद्यालय देखि विश्वविद्यालयसम्मका सङ्गठन संरचना र जनशक्तिको किटानी भइ सेवा प्रवाह हुने गरेको, संघीय प्रणाली अनुसार सङ्गठन संरचना व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भइरहेको,
- शिक्षा क्षेत्र सरकारको प्राथमिकतामा रहेको, कुल ग्राहस्थ्य उत्पादनको ४ दशमलव पाँच प्रतिशत तथा राष्ट्रिय बजेटको १० देखि १७ प्रतिशत शिक्षामा लगानी हुने गरेको, यस वर्ष राष्ट्रिय बजेटको १० दशमलव ३ प्रतिशत शिक्षा क्षेत्रको लागि विनियोजन भएको,
- निजि तथा सहकारी र गैरसरकारी क्षेत्रको पनि शिक्षामा महत्वपूर्ण योगदान रहेको, परिमाणात्मक रुपमा विद्यालय शिक्षामा निजि क्षेत्रको योगदान झण्डै २० प्रतिशत रहेको,
- विभिन्न निकायका वार्षिक प्रतिवेदनहरुमार्फत शिक्षा क्षेत्रमा सुशासनको अभिवृद्धिको आवश्यकता रहेको उजागर हुने गरेको
- कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली, कार्य सम्पादन मूल्याङ्कन प्रणाली, योग्यतामा आधारित जनशक्ति छनौट प्रणालीको अवलम्वन हुने गरेको,

- आधारभूत शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक शिक्षा निशुल्क हुने संबैधानिक व्यवस्था, लागत आपुरण र लागत साझेदारीको व्यवस्था, Household लगानीको ठूलो योगदान रहेको ।

## ८.२ समस्या तथा मुद्दा, समाधानका लागि प्राप्त भएका सुझाव

| देखिएका मुद्दा तथा समस्या | समाधानका लागि प्राप्त भएका सुझावहरु | अब के गर्ने? |
|---|---|---|
| • शिक्षक एवै कर्मचारी व्यवस्थापन प्रभावकारी हुन नसकेको<br>• शिक्षा क्षेत्रमा आवश्यक पर्ने पर्याप्त वित्तिय स्रोतको व्यवस्थापन गर्न नसकिएको<br>• विद्यालय व्यवस्थापन समितिको गठन<br>• सरकारको तीन तह विच कार्य जिम्मेवारी र अधिकार क्षेत्र बिच समन्वय, सामञ्जस्यता कायम हुन सकेको पाइदैन<br>• आचारसंहिताको पालना पक्ष कमजोर, दण्डविहिनता (गलत काम गर्नेलाई राजनीतिक संरक्षण )<br>• वित्तिय सुशासन पक्ष कमजोर, वर्षेनी बेरुजुको हिस्सा बढ्दै गइरहेको छ<br>• उत्तरदायित्व निर्वाह गर्ने, आफ्नो जिम्मेवारी वहन गर्ने परिपाटी अत्यन्त कमजोर देखिएको छ<br>• विद्यालय संख्या÷तह, विद्यार्थी संख्या, अनुरुप शिक्षक व्यवस्थापन, विद्यालय कर्मचारी व्यवस्थापन हनु सकेको छैन<br>• शिक्षामा लगानी गर्ने निजि क्षेत्र बढि व्यवसायिक (Business Motive) देखिनु, आर्थिक पारदर्शिता कायम गर्न नसक्नु,<br>• माध्यमिक कक्षा ११–१२ मा शिक्षक व्यवस्थापन हुन सकेको छैन (आंशिक शिक्षकको प्रभाव अधिक)<br>• विश्वविद्यालय शिक्षामा कार्यरत जनशक्ति विना प्रतिष्पर्धा आंशिकको रुपमा प्रवेश, धर्ना,अनसन जस्ता गतिविधि मार्फत दरवन्दीमा रुपान्तरित, सेवा अवधिका आधारमा स्थायी हुन खोज्ने प्रवृत्तिका कारण गुणस्तरीय शैक्षिक सेवा प्रवाह हुन | **प्रारम्भिक बालविकास शिक्षा**<br>• ECD Teacher हरुको सेवा शर्त सुविधा प्राथमिक शिक्षक सरहनै व्यवस्था गर्नुपर्ने । शिक्षकलाई बालमनोविज्ञानको ज्ञान दिनुपर्ने ।<br>• हरेक गा.पा. या समुदायमा कम्तिमा एउटा नमूना बालविकास केन्द्र बनाउने र सवै बालविबास केन्द्रहरुको दिगोपनाको योजना बनाउने ।<br>• सरकारको तीनै तहमा स्वायत्त, शक्तिशाली प्रारम्भिक बालविकास शाखा गठन गर्ने ।<br>• निवृत्त प्र.अ. तथा शिक्षकहरुलाई आ आफ्नो समुदायका बालविकास केन्द्रहरुलाई व्यवस्थापन गर्ने कार्यको जिम्मेवारी दिने ।<br>**विद्यालय शिक्षा**<br>• शिक्षकको लागि प्रतिभावान विद्यार्थीहरुको प्रवेश हुन सकेको छैन, उच्च अङ्क हासिल गर्ने मेधावीहरुको लागि सहज प्रवेश हुने नीतिगत व्यवस्था गर्नु पर्छ<br>• शिक्षकलाई हिनतावोध नहुने गरी तलव, सेवा, सुविधा किटानी गर्नुपर्ने,<br>• विद्यालय व्यवस्थापन समितिको नाम परिवर्तन हुन आवश्यक<br>• विद्यार्थीको अधिकतम रुची भएका क्षेत्रहरु ICT, Sports, arts and Music को लागि सोहि विषय सँग सम्वन्धीत शिक्षकको दरवन्दी कायम हुनुपर्ने<br>• स्थायी प्रक्रिया बन्द गरि , करारमा मात्र नियुक्ति दिने र तोकिएको अवधिमा कार्यसम्पादन हेरेर राख्न र हटाउन सक्ने व्यवस्था गर्ने<br>• आधारभूत तह स्थानिय सरकार अन्तरगत र माध्यमिक तह संघीय सरकार अन्तरगत नै व्यवस्थापन गर्नुपर्ने<br>• प्रअलाइ सम्पुर्ण व्यवस्थापकीय, प्रशासनिक अधिकार दिनुपर्ने, सबै स्थायी शिक्षकहरुलाइ ५/५ वर्षमा सरुवा गर्ने अनिवार्य प्रावधान राखिनुपर्ने | |

| | | |
|---|---|---|
| सकेन<br>• मापदण्ड विना, निश्चित आधार विना नै विद्यालयका अचल सम्पत्ति, लिजमा, भाडामा, विक्रि गर्ने जस्ता कार्यहरुवाट शिक्षण संस्थाहरु अर्थोपार्जनतर्फ मात्र केन्द्रीत देखिनु<br>• Time on Task, जिम्मेवारी र उत्तरदायित्व बहन गर्ने वातावरण विकास गर्न नसक्नु<br>• करार शिक्षकको नियुक्ति, छनौट प्रक्रिया व्यवस्थित भएन, स्थायी छनौट गर्ने मापदण्ड (संघ, प्रदेश, स्थानीय कस्ले ?) निर्धारण हुन सकेन<br>• विद्यालय सुधार योजना, केवल योजनाको रुपमा मात्र सिमित कार्यान्वयनमा जान सकेनन्<br>• स्रोतकेन्द्र, स्रोतव्यक्तिको भूमिका प्रशासनिक गतिविधिमा रुपान्तरण भयो, गुणस्तर सुधारमा ध्यान गएन<br>• निःशुल्क शिक्षा व्यवहारतः कार्यान्वयनमा आएन, विद्यालयले यो वा त्यो नाममा शुल्क लिने अभ्यास कायम नै रहेको छ<br>• निजि विद्यालयहरुवाट लिइने शुल्क, वितरण गरिने छात्रवृत्ति मापदण्ड बमोजिम भएका छैनन्<br>• स्थानीय तहमा यथाशिघ्र शिक्षा सेवाका कर्मचारी व्यवस्थापन कसरी सम्पन्न गर्ने र<br>• विद्यालयहरुमा प्रधानाध्यापकको उपयुक्त व्यवस्थापन गर्न सपिएको छैन<br>• विश्वविद्यालयको पदाधिकारी र नेतृत्व चयन, उपयुक्त भएन<br>• वैदेशिक सहायता र गैर सरकारी संस्था (I/NGOS) हरुको पनि संलग्नतालाई व्यवस्थित भएन<br>• शिक्षक सरुवा व्यवस्थित भएन,, त्यसमा राजनीतिक प्रभाव बढि भयो<br>• विदेशी शिक्षण संस्थालाइ प्रश्रय दिदै | • मावि तह कक्षा ९-१२ को विद्यालय क्यालेण्डर एकै किसिमको हुनुपर्ने, कक्षा ११-१२ को भर्ना समय पनि वैशाखबाटै शुरु गर्ने<br>• शिक्षक, प्राध्यापक, कर्मचारी सबैको लागि Time on Task पद्धति लागु हनुपर्ने, कार्य सम्पादन करार प्रणाली र कार्यक्षमताका आधारमा प्रोत्साहन परिपाटी लागु हुनुपर्ने<br>• विद्यालय गाभ्ने, स्थानान्तरण गर्ने, स्वामित्व परिवर्तन गर्ने व्यवस्थालाइ प्रभावकारी र व्यवस्थित बनाउनुपर्ने<br>**प्राविधिक शिक्षा तथा व्यावसायीक सीप विकास**<br>• TVET लाई बजारको माग अनुसार Enterprise हरु सँग पनि जोड्न सकिने व्यवस्था गर्ने<br>• साझेदारी कार्यक्रम सञ्चालन गर्दा सहकारी, दुग्ध उत्पादक समूह, कृषक समूह, वन समूह तथा आमा समूह जस्ता उपभोक्ता समिति तथा सामुदायिक संस्थाहरूमा कार्यस्थलको सिकाइ तथा रोजगारीको प्रत्याभूत हुने गरी कार्यक्रम सञ्चालन गर्ने<br>• कुनै पनि प्राविधिक शिक्षालय नरहेको र सहकारी, साझेदारी वा निजी क्षेत्र समेत आकर्षित नभएका स्थानीय तहमा आङ्गिक प्राविधिक शिक्षालय स्थापनामा जोड दिने<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास सञ्चालनलाई छुट्टाछुट्टै सम्बोधन हुने गरी एकीकृत प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास ऐन तर्जुमा गर्ने<br>**उच्च शिक्षा**<br>• विश्वविद्यालयको नेतृत्व विज्ञताको आधारमा, प्रतिष्पर्धात्मक प्रक्रियाबाट छनौट गर्नुपर्ने,<br>• विश्वविद्यालय अन्तरगतका सबै सेवा आयोगहरुलाइ एकिकृत गरी एउटै विश्वविद्यालय सेवा आयोग बनाउनु पर्ने<br>• UGC ले National Eligibility Test लिने र विश्वविद्यालयले भर्ना गर्ने प्रणालीको विकास गर्ने<br>• विश्वविद्यालयमा उपलव्धीप्रति जिम्मेवार हुने परिपाटीको विकास गर्ने<br>**शासन पद्दति**<br>• जुन निकायले शिक्षकको छनौट गर्दछ, सोहि निकायले नै विद्यालय कर्मचारी को छनौट गर्नुपर्ने | |

| | | |
|---|---|---|
| गएको देखिन्छ (Shadow education-Consultancy service, Bridge course, Tuition Centre, Coaching Centre) को प्रभाव परिणाम कक्षा कोठामा कमजोर पठनपाठन<br>• विश्वविद्यालय पिच्छे नै सेवा आयोगका कारण प्राज्ञिक जनशक्ति छनौटमा विविधता, गुणस्तर कायम हुन नसक्नु<br>• शैक्षिक प्रशासन÷व्यवस्थापन शिक्षण संस्था लगायतमा Talent Hunt गर्न नसकिनु<br>• शिक्षण संस्थामा कार्यरत जनशक्ति (शिक्षक,प्राध्यापक) तोकिएको जिम्मेवारी भन्दा अन्यत्र वैकल्पिक कार्यमा बढि समय दिनु | • अभिभावक शिक्षालाई विद्यालयको मुख्य कार्यक्रमको रुपमा लैजानुपर्ने<br>• शहरी क्षेत्रहरुमा विदाको समयमा अभिभावकहरुसँग गएर Learning अवसर लिन सक्ने अनिवार्य व्यवस्था गर्ने<br>• Teachers, Head-teachers, SMC, Local Government. को accountability का लागि पुर्णरुपले] code of conduct तोकिदिने<br>• शिक्षा सरोकारीत व्यक्तिहरु सम्मिलित अनुगमन सयन्त्र वनाउनु पर्ने ।<br>• नेतृत्व र व्यवस्थापन (सबै तहमा) मिलाउनु पर्ने र आर्थिक पारदर्शिता र व्यवस्थापनको लागि बैङ्क खाताको समेत पुर्नव्यवस्थापन गर्नुपर्ने<br>• विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सरकारको रुपमा विकास गर्नुपर्ने<br>• व्यवस्थापन विषय पढेको व्यक्ति मात्र लेखापाल हुन पाउने नीतिगत व्यवस्था गर्ने<br>• अधिकार सम्पन्न विद्यालय व्यवस्थापन समिति बनाउने (५–११ जना सम्म,<br>• शैक्षिक सेवा प्रवाहको लागि तीनवटै सरकारको तहमा चुस्त प्रशासनिक संरचना निर्धारण गरी स्पष्ट कार्य जिम्मेवारी र क्षेत्राधिकार किटान गरिनुपर्छ, समन्वय कायम हुने वातावरण विकास गर्नुपर्छ<br>• शिक्षण संस्थाहरुको जग्गा लगायतका भौतिक सम्पत्तिको व्यवस्थापन, परिचालन, स्वामित्व, हक हस्तान्तरण इत्यादिमा प्रभावकारी व्यवस्थापन गर्न आवश्यक देखिएको | |
| • शिक्षामा गरिने पर्याप्त लगानीको आधार के हुने अर्थात स्रोत कहाबाट जुटाउने<br>• संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानीको मापदण्ड (वित्तिय स्रोत हस्तान्तरणको उपयुक्त स्वरुप)<br>• निजि क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन (शिक्षामा गरिने लगानी सार्वजनिक सेवा वा नाफा आर्जन गर्ने माध्यम)<br>• आधारभूत शिक्षा अनिवार्य र निःशुल्क | • आर्थिक अवस्था मजवुत नभएका तर क्षमतावान विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन न.पा..÷गा.पा.हरुले Support fund बनाइ कार्यान्वियन गर्न आवश्यक देखिन्छ<br>• विश्वविद्यालय अनुदान आयोग मार्फत Block Grant कै आधारमा वित्त व्यवस्थापन हुनुपर्ने<br>• उच्च शिक्षामा लगानी, पढ्नेले गर्ने कि राष्ट्रले? लगानी Talent Hunt को लागि भन्ने कुरा बुझाउने नीति बनाउने<br>• वित्तको व्यवस्थापन सहभागितामूलक योगदानका आधारमा तय गर्नुपर्ने<br>• पाठ्यक्रममा विषयहरु घटाएर आर्थिक व्यवस्थापन गर्ने ।<br>• फरक फरक विद्यालयहरुमा फरक फरक विषयहरुको | |

| | | |
|---|---|---|
| तथा माध्यमिक शिक्षा निःशुल्क अझै हुन सकेन<br>• अपाङ्ग, विपन्न एवम् पिछडिएका वर्गहरुको लागि उच्च शिक्षा सम्म निःशुल्क कसरी ?<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र साधारण शिक्षाको अनुपात ७० र ३० कसरी<br>• वित्तिय सुशासन, पारदर्शिता र जवाफदेहिता<br>• विभिन्न तहवाट गरिएको वास्तविक खर्चको समयमा नै प्रतिवेदन (timely reporting) हुन सकेन<br>• स्थानीय तथा प्रादेशिक सरकारको क्षमता अभिवृद्धि कसरी गर्ने<br>• वित्तिय स्रोतको समतापूर्ण वितरण | व्यवस्थापन गर्ने र शिक्षाको वित्त व्यवस्थापन मिलाउने<br>• शिक्षाको वित्तिय व्यवस्थापन संघीय सरकारमार्फत नै मिलाउनु पर्ने<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा सबै वर्गको पहुँच विस्तारको लागि शिक्षालय तथा तालिम प्रदायक संघसंस्था र शिक्षार्थीका लागि आर्थिक सहजीकरण गर्न सीप विकास बैङ्क (Skills Development Bank) स्थापना गर्ने<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकाससम्बन्धि योजना तर्जुमा, कार्यक्रम विकास, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनमा क्षेत्रगत एकीकृत र समन्वयात्मक ढाँचा (Sector-wide Approach) अवलम्बन गर्ने<br>• माध्यमिक तहसम्मको प्राविधिक तथा व्यावसायिक शिक्षा क्रमशः निःशुल्क गर्न कार्य योजना बनाई कार्यान्वयनमा ल्याउने<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको माध्यमबाट उत्पादन वृद्धि र उत्पादनको व्यावसायिक एवम् विविधिकरण गर्न अन्य सरकारी र गैरसरकारी निकायसँग समन्वय गर्ने र लगानीको एकिकृत ढाँचा तर्जुमा गर्ने<br>• उत्पादन वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखी सो मा वैदेशिक लगानी प्रयोग गर्न सक्ने व्यवस्था पनि मिलाउने<br>• सबै नीजि विद्यालयहरुलाई Trust Act बनाई सार्वजनिक गुठी अनुसार सञ्चालन गर्नुपर्ने<br>• सामुदायिक सिकाइ केन्द्र लाई स्थानीय सरकारले नै व्यवस्थापन गर्ने गरी त्यस्ता केन्द्रलाई data र information center को रुपमा विकास गर्ने । CLC लाई टोल विकास संस्थाको कार्यक्रमसँग जोडेर लैजानुपर्ने<br>• शुसासन कायम गर्न विद्यालय, अभिभावक र समुदायविच साझेदारी कार्यक्रम सञ्चालन गर्ने<br>• Big House हरुको CSR प्रतिशत अनिवार्य तोक्ने र शिक्षाको लागि भनेर Basket मा हाल्ने नियम बनाउने<br>• तीनवटै तहका सरकारहरुले आफ्ना क्षेत्रका उत्पादनहरुमा विलासिताका सामानहरुमा, मठमन्दिर गुम्बा मस्जिद आदिबाट दान दातव्य र भेटीहरुमा अनिवार्यरुपमा शिक्षा कर लगाउनु पर्ने<br>• PPP को सट्टा PPCP- Public Private Cooperative Partnership Model मा विद्यालयहरु व्यवस्थापन गर्ने । | |

| | | |
|---|---|---|
| | मिश्रित अर्थव्यवस्थामा सहकारीलाई शिक्षामा पनि प्राथमिकतामा राख्नुपर्ने ।<br>● शिक्षण संस्थाहरुमा इ – लाइब्रेरी अनिवार्य व्यवस्था गरी इलर्निङ् र नेटवर्किङ्को व्यवस्था गर्ने । | |